# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २६, अङ्क १९ | **२०७४, माघ १–१५** | पूर्णाङ्क ६१३





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १६ |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ११ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ५ |
| इजलास नं. ९ | ५ |
| जम्मा | ६१ |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ५ |
| इजलास नं. १२ | ५ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | ४ |
| इजलास नं. १५ | ३ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १७ | १ |
| एकल इजलास | १ |
| जम्मा | २५ |

**कूल जम्मा ६१ + २५ = ८६**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, माघ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ८** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नजाम साफी | |
| २. | उत्प्रेषण / परमादेश | सुर्यमान ओख्राबु (लिम्बू) वि. मानबहादुर लिम्बू (ओख्राबु) समेत | |
| ३. | निषेधाज्ञा | मोहम्मद हलवाई वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | |
| ४. | निषेधाज्ञा | राजनन्दन चौरसिया वि. राजकुमारी साह | |
| ५. | निषेधाज्ञा | गणेशप्रसाद निरौला वि. कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय, भद्रपुर झापासमेत | |
| ६. | लागु औषध चरेश | हर्कबहादुर घर्ति वि. नेपाल सरकार | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राईबहादुर सिंह | |
| ८. | उत्प्रेषण / परमादेश | देवेन्द्रबहादुर चन्द वि. जिल्ला प्रशासन कार्यालय, दार्चुलासमेत | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मिलन राईसमेत | |
| १०. | कर्तव्य ज्यान | दिपक अधिकारीसमेत वि. नेपाल सरकार | |
| ११. | कर्तव्य ज्यान | सन्तोष राई वि. नेपाल सरकार | |
| १२. | भ्रष्टाचार | नेपाल सरकार वि. गम्भीराप्रसाद यादवसमेत | |
| १३. | कर्तव्य ज्यान | महेश राई वि. नेपाल सरकार | |
| १४. | भ्रष्टाचार | गणेश ज्ञवाली वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **९ - १०** |
| १५. | बन्दी प्रत्यक्षीकरण | युवराज कोइराला वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | |
| १६. | लिखत दर्ता बदर दर्ता | पवनकुमार शर्मा वि. वीरगञ्ज नगर विकास समिति | |
| १७. | जबरजस्ती करणी र कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रबहादुर तामाङ | |
| **इजलास नं. २** | | | **११ - १८** |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जगरनाथ राउत अहिरसमेत | |
| १९. | जबरजस्ती करणी | विजय थारू वि. नेपाल सरकार | |
| २०. | क्षतिपूर्ति रकम दिलाई भराई पाउँ | प्रदिप बर्तौला वि. हेटौंडा सिमेन्ट उद्योग लि. | |
| २१. | जातीय विभेद छुवाछुतपूर्ण दुर्व्यहार गरेको | नेपाल सरकार वि. सन्तुमाया पाख्रिनसमेत | |
| २२. | फैसला बदर | विजयकुमार मिश्र वि. उपेन्द्र साह | |
| २३. | लागु औषध (हेरोइन) | नेपाल सरकार वि. विनोदप्रसाद मण्डल | |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झवरू उराव | |
| २५. | हक कायम नामसारी दर्ता खिचोला समेत | आशामाया महर्जन वि. शिलतारा श्रेष्ठ | |

| | | |
|---|---|---|
| २६. | उत्प्रेषण / परमादेश | योगेन्द्रप्रसाद पराजुली वि. निजामती किताबखाना, हरिहरभवनसमेत |
| **इजलास नं. ३** | | **१८ - २१** |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गुड्डु दास तत्मा |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रिमबहादुर सिंहसमेत |
| **इजलास नं. ४** | | **२१** |
| २९. | कर्तव्य ज्यान | धनसिंह पुन वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२१ - ३०** |
| ३०. | कर्तव्य ज्यान | रामप्रसाद प्रजा वि. नेपाल सरकार |
| ३१. | डाँका चोरी | गौरसिंह बोहरा वि. नेपाल सरकार |
| ३२. | अंश नामसारी मानाचामल | अमित गुरूङ वि. मनिषा (तुलाचन) गुरूङ |
| ३३. | कर्तव्य ज्यान र शरीर बन्धक | कुलबहादुर चेपाङ वि. नेपाल सरकार |
| ३४. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद पौडेलसमेत वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग कीर्तिपुरसमेत |
| ३५. | उत्प्रेषण | अन्जना श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण, के.का. रत्नपार्क काठमाडौंसमेत |
| ३६. | बिना नक्सा पसल कवल निर्माण | सत्यभामा नेपाली वि. ललितपुर उपमहानगरपालिका कार्यालय, ललितपुर |
| ३७. | उत्प्रेषण | संगम के.सी. वि. सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल प्रधान कार्यालय स्वयम्भु, हलचोकसमेत |
| ३८. | उत्प्रेषण | सत्यन्द्रप्रसाद यादव वि. ललितुपर जिल्ला अदालतसमेत |
| **इजलास नं. ६** | | **३० - ३४** |
| ३९. | उत्प्रेषण | राजिव विक्रम शाह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| ४०. | उत्प्रेषण | यादव महत वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |
| ४१. | कर्तव्य ज्यान | जोगमान तामाङसमेत वि. नेपाल सरकार |
| ४२. | मानव ओसारपसार | फुलमाया तामाङ वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमी गुरूङसमेत |
| ४४. | लागु औषध सेतो हेरोइन | पूर्णमाया महर्जन वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३४ - ३५** |
| ४५. | कर्तव्य ज्यान | तिलक ओली वि. नेपाल सरकार |
| **इजलास नं. ८** | | **३५ - ३८** |
| ४६. | भ्रष्टाचार | ज्योतिबहादुर थापा वि. नेपाल सरकार |
| ४७. | भ्रष्टाचार (नक्कली प्रमाण पत्र) | सुरेन्द्रकुमार तिवारी वि. नेपाल सरकार |
| ४८. | भ्रष्टाचार (नक्कली प्रमाण पत्र) | जितेन्द्र भट्टराई वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ४९. | परमादेश | अशोककुमार कलवार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |
| ५०. | उत्प्रेषण / परमादेश | खगेन्द्रराज घिमिरे वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत |
| **इजलास नं. ९** | | **३८ - ४१** |
| ५१. | कर्तव्य ज्यान | चित्रबहादुर तामाङ वि. नेपाल सरकार |
| ५२. | जबरजस्ती करणी | टेक नारायण थारू वि. नेपाल सरकार |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टेकबहादुर शाही |
| ५४. | उत्प्रेषण / परमादेश | तामन राई वि. नेपाल सरकारसमेत |
| **इजलास नं. १०** | | **४१ - ४२** |
| ५५. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. प्रकाश भुजेलसमेत |
| ५६. | उत्प्रेषण | गुलाव चन्द्र चमार वि. शिक्षा मन्त्रालयसमेत |
| **इजलास नं. ११** | | **४२ - ४७** |
| ५७. | कर्तव्य ज्यान | थमनसिँह कवर वि. नेपाल सरकार |
| ५८. | संरक्षित वन्यजन्तु गैंडालाई गोली हानि मारी खाग बिक्री गरेको | राम कुमाल वि. नेपाल सरकार |
| ५९. | परमादेश | कल्पित पराजुली वि. नेपाल सरकारसमेत |
| ६०. | उत्प्रेषण | श्रवणकुमार मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६१. | उत्प्रेषण | सरस्वती देवी पाठकसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. १२** | | **४७ - ५१** |
| ६२. | कर्तव्य ज्यान | रामधनी महतो वि. नेपाल सरकार |
| ६३. | बन्दी प्रत्यक्षीकरण | मुन्द्रिका देवी राय अमात वि. सुनसरी जि.अ. इनरूवा सुनसरीसमेत |
| ६४. | उत्प्रेषण | महाविर मल्लिक वि. केशो अनिरूद्धवति मा.वि., राजविराजसमेत |
| ६५. | झुठ्ठा प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको | रत्नहजुर सेन वि. नेपाल सरकार |
| ६६. | फैसला निर्णय बदर, दर्ता बदर दर्ता कायम | विष्णु श्रेष्ठ वि. मदनप्रसाद दाहालसमेत |
| **इजलास नं. १३** | | **५१ - ५२** |
| ६७. | बन्दी प्रत्यक्षीकरण | राजन केसीको हकमा गीतादेवी थापा वि. केन्द्रीय कारागार कार्यालय, जगन्नाथ देवलसमेत |
| ६८. | परमादेश | दिनानाथ पोखरेलसमेत वि. सम्माननीय अध्यक्ष, अन्तरिम चुनावी मन्त्रिपरिषद्को कार्यालयसमेत |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १४** | | | **५२ - ५४** |
| ६९. | उत्प्रेषण | सुदर्शन देउजा वि. नेपाल आँखा अस्पताल, त्रिपुरेश्वरसमेत | |
| ७०. | निषेधाज्ञा | ईश्वरी श्रेष्ठ वि. रामलाल मानन्धर | |
| ७१. | निषेधाज्ञा | रामबिहारी चौधरीसमेत वि. ज्ञान्ती देवी | |
| ७२. | निषेधाज्ञा / परमादेश | मन्सुरूल हक सिद्दिकी वि. इलाका प्रहरी कार्यालय, सिमरासमेत | |
| **इजलास नं. १५** | | | **५४ - ५६** |
| ७३. | उत्प्रेषण | महमद सगरूर मियाँ वि. पुनरावेदन अदालत, हेटौंडासमेत | |
| ७४. | उत्प्रेषण / परमादेश | महमद सगरूर मियाँ वि. पुनरावेदन अदालत, हेटौंडासमेत | |
| ७५. | परमादेश | चन्द्रमणी उपाध्याय नेपाल वि. महानगरीय प्रहरी परिसर, काठमाडौंसमेत | |
| **इजलास नं. १६** | | | **५६ - ५९** |
| ७६. | परमादेश | आदित्य गुप्ता वि. गृह मन्त्रालयसमेत | |
| ७७. | परमादेश | प्रल्हाद योगीसमेत वि. प्रकाश शाहीसमेत | |
| **इजलास नं. १७** | | | **५९ - ६०** |
| ७८. | भ्रष्टाचार | विष्णुप्रसाद भुर्तेल वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | **६०** |
| ७९. | बन्दी प्रत्यक्षीकरण | राधिका चम्लागाइ वि. महानगरीय अपराध महाशाखा, टेकु, काठमाडौंसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०५८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नजाम साफी*

मृतकको घाँटीको अगाडिको दाहिने भाग हुँदै पछाडिसम्म ५ इन्च लामो डाम रहेको भन्ने लासजाँच मुचुल्काबाट देखिन आएको छ। कुनै व्यक्तिलाई घाँटीमा डोरी बाँधेर हत्या गर्दाको अवस्था र आफैँ झुन्डिएर मरेको अवस्थामा लासमा रहेको लक्षणहरू फरकफरक हुन्छन् । झुन्डिई आत्महत्या गरेको अवस्थामा Ligature Mark देखिनु आवश्यक हुन्छ । मृतक नसिरा खातुनको घाँटीको माथिल्लो भागमा Ligature Mark semi circular रहेको शव परीक्षणबाट देखिएको छ। उक्त तथ्यबाट समेत नासिरा खातुनलाई कर्तव्य गरी मारेको हो भन्न सकिने अवस्था नदेखिने।

मिसिल संलग्न अन्य तथ्य र प्रमाणबाट विशेषज्ञको भनाइ विरोधाभाषपूर्ण नरहेको अवस्थामा त्यस्तो भनाइलाई अन्यथा भन्न नमिल्ने।

प्रस्तुत वारदात दिउँसोको समयमा घटेको देखिन्छ। मृतकलाई प्रतिवादीहरूले मार्दै गरेको देखेको कुरा सही भए स्वाभाविकरूपमा तत्काल गाउँघरमा हल्ला गरी मृतकलाई बचाउने प्रयासतर्फ लाग्नुपर्नेमा त्यसो नगरी फर्किएर गएको र पछि अरू मानिससँगै आएको भनी गरेको बकपत्र विश्वसनीय देखिँदैन। कुनै पनि घटनाका सम्बन्धमा मिसिलबाट देखिएको तथ्य विपरीतको साक्षीको भनाइ विश्वासयोग्य हुँदैन र त्यस्तो एकमात्र भनाइलाई वस्तुनिष्ठ आधार मानी कसुर ठहर गर्न पनि न्यायोचित नहुने हुँदा पुनरावेदन अदालतबाट भएको इन्साफलाई अन्यथा भन्न नमिल्ने।

माथि विवेचित आधार कारणबाट प्रतिवादी नजाम साफीले मृतक नसिरा खातुनलाई कर्तव्य गरी मारेको हो भन्ने अभियोग दाबी ठोस सबुद प्रमाणबाट पुष्टि हुनसकेको नदेखिँदा आरोपित कसुरबाट सफाइ दिनुपर्नेमा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७९७, उत्प्रेषण / परमादेश, *सुर्यमान ओख्राबु (लिम्बू) वि. मानबहादुर लिम्बू (ओख्राबु) समेत*

कुनै पनि विषयमा भ्रष्टाचारको उजुरी परिसकेपछि भ्रष्टाचार भए नभएको भनी निष्कर्षमा पुग्न वस्तुगत ढङ्गबाट अनुसन्धान सम्पन्न गरिएको भन्ने देखिनु आवश्यक हुन्छ । त्यसविपरीतका कामकारबाहीबाट अनुसन्धानलाई टुङ्ग्याउनु न्यायोचित नहुने।

प्रमुख जिल्ला अधिकारीले अनुसन्धान प्रक्रिया तामेलीमा राख्ने निर्णय गर्दा के कति कारणले प्रतिवादीउपरको अनुसन्धान तामेलीमा राख्नुपर्ने हो त्यसको स्पष्ट आधारकारण उल्लेख भएको देखिँदैन। कारणसहितको निर्णय मात्र मान्य हुने हाम्रो न्यायिक परिपाटी रहेको छ । उल्लिखित आधार कारणबाट आफूसमक्ष परेको भ्रष्टाचारको उजुरीलाई तामेलीमा राख्ने गरी विपक्षी जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार कारणबाट भ्रष्टाचारको उजुरी तामेलीमा राख्ने गरेको प्रमुख जिल्ला अधिकारीको मिति २०६९।५।१ को आदेश बदर गरी पुनः अनुसन्धान गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७९९, निषेधाज्ञा, *मोहम्मद हलवाई वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई जिल्लामा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा आवश्यक कारबाही गर्नसक्ने अधिकार प्रदान गरेको देखिँदा सोही अधिकारक्षेत्रभित्र रही शान्ति सुरक्षा कायम गर्ने प्रयोजनका लागि कुनै व्यक्तिलाई कार्यालयमा बोलाई सोधपुछ गर्दैमा यसबाट व्यक्तिको कानूनप्रदत्त हक अधिकारमा आघात पुगेको भनी मान्न मिल्दैन । शान्ति सुरक्षा बहाल गराउने, व्यक्तिको जीउ धनको रक्षा गर्ने प्रयोजनका लागि कुनै व्यक्तिलाई जिल्ला प्रशासन कार्यालयमा बोलाई सोधपुछ गर्दैमा निवेदकले आशङ्का गरेबमोजिम बहाल रकम भराइदिन लगिएको हो भनी मनोगत तर्क गर्न नमिल्ने हुनाले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट घर भाडा लिने दिने जस्तो देवानी प्रकृतिको विवादसम्बन्धी उजुरी लिई आफूलाई पक्राउ गर्ने, थुन्ने आशङ्का रहेको भनी निवेदकले लिएको दाबी तथ्ययुक्त प्रमाणद्वारा पुष्टि हुनसकेको नदेखिँदा निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७०।१।४ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०८३६, निषेधाज्ञा, *राजनन्दन चौरसिया वि. राजकुमारी साह*

पुनरावेदकले नै जग्गा खिचोला गरेको ठहरी फैसला भएको देखिँदा विवादित पर्खालमा निजको निर्विवाद हक रहेको भन्ने कुराको पुष्टि हुनसकेको देखिँदैन। यसरी विवादित पर्खालमा निजको निर्विवाद हक रहेको नदेखिनुका अतिरिक्त, निजले लगाएको पर्खाल कमजोर भएको कारण आफैँ खसेको भन्ने नक्सा मुचुल्काबाट देखिन आएको हुँदा निवेदनमा दाबी गरेअनुसारको आशंकित कार्य विपक्षीबाट भएको भन्ने देखिँदैन । यसरी विपक्षीबाट निवेदकको कानूनप्रदत्त हकमा आघात पुग्ने गरी गैरकानूनी कार्य भएको भन्ने दाबी पुष्टि हुन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार कारणबाट निवेदकले दाबी गरेअनुसार विपक्षीबाट निजको घर पर्खाललाई नोक्सान पुऱ्याउने उद्देश्यले खाल्डो खनेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन भनी प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।३।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०८३५, क्षतिपूर्ति, *राजनन्दन चौरसिया वि. राजकुमारी साह*
- ०७०-CR-१०९२, अदालतको अवहेलना, *राजनन्दन चौरसिया वि. राजकुमारी साह*

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०२०१, निषेधाज्ञा, *गणेशप्रसाद निरौला वि. कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय, भद्रपुर झापासमेत*

वस्तुतः ऋण तिर्ने दायित्वबाट ऋणीले वहन गर्नुपर्ने मा विवाद छैन । कुनै बाहनामा ऋणीले ऋण तिर्ने दायित्वबाट उन्मुक्ति पाउने भन्न मिल्दैन । साथै कर्जा पुर्नतालिकीकरण गर्ने नगर्ने भन्ने कुरा ऋण प्रदान गर्ने बैंकको नीतिभित्र रही आफ्नो ग्राहकलाई दिइने सहुलियत मात्र हो। यसलाई ऋणीले अधिकारकै रूपमा दाबी गर्न मिल्दैन । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१०) ले भाखाभित्र ऋण चुक्ता नगर्ने ऋणीहरूलाई कालो सूचीमा राख्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । सोबमोजिम कालो सूचीमा नपर्नका लागि आफ्नो ऋण दायित्व चुक्ता गर्न निवेदकलाई बैंकले सूचना दिई मौका प्रदान गरेकै देखिने।

यसरी निवेदकले बैंकबाट लिएको कर्जा रकमको ऋण सम्झौताको सर्तबमोजिम साँवा ब्याज बुझाएको नदेखिएको, कर्जा पुनः संरचना एवम् पुनर्तालिकीकरण ऋण व्यवस्थापनका लागि बैंकले ऋणीलाई दिएको सुविधा एवम् सहुलियत मात्र भएकोले यसलाई अधिकारकै रूपमा दाबी गर्न नमिल्ने हुँदा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले निर्दिष्ट गरेको बाध्यात्मक कानूनी व्यवस्थाको परिपालन गरी निवेदकलाई कालो सूचीमा राख्ने प्रक्रियालाई बैंकले अगाडि बढाएको देखिँदा यसबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हक अधिकार कुण्ठित भएको भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने भन्न मिलेन । तसर्थ निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नरहेको भनी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको मिति २०६८।१०।२५ को आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०१६३ र ०६७-CR-०१६४, लागु औषध चरेश, *हर्कबहादुर घर्ति वि. नेपाल सरकार र छमबहादुर रोका मगर वि. नेपाल सरकार*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) ले लागु औषध ओसारपसार गर्ने कार्यलाई पूर्णतः निषेध गरेको देखिँदा उत्पादन स्थलबाटै वा त्यसभन्दा पछि जुनसुकै अवस्थामा ओसारपसार गरेको भए तापनी त्यसले तात्विक फरक पार्ने देखिँदैन । साथै पुनरावेदकहरूले निश्चित पारिश्रमिक लिई लागु औषध ओसारपसार गर्न मन्जुर भई संयुक्त रूपमा बागलुङबाट काठमाडौं जाँदै गरेको अवस्थामा पक्राउ परेका देखिँदा प्रतिवादीहरूले संयुक्त रूपमा निषेधित लागु औषध ओसारपसारमा संलग्न भएको देखिन्छ । यसरी ज्याला मात्र लिने उद्देश्य भएको भए पनि ओसारपसारको कसुर दायित्वबाट उन्मुक्ति पाउने भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार कारणबाट बरामद भएको लागु औषध बिक्री गर्ने मनसायले ओसारपसार गर्ने कार्यमा तीनैजना प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (घ)(४) अनुसार जनही १ वर्ष ४ महिना कैद र रू. १० हजार जरिवाना हुने ठहऱ्याई सुरू बागलुङ जिल्ला

अदालतबाट मिति २०६५।२।२२ मा भएको फैसला केही उल्टी गरी अभियोग मागदाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(५) बमोजिम जनही २ वर्ष कैद रू.१५ हजार जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६६/७/१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेश राज खनाल।

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राईबहादुर सिंह*

वारदात भएको देख्ने प्रत्यक्षदर्शीको रूपमा रहेका प्रतिवादीका छोराले अदालतसमक्ष गरेको बकपत्र मौकामा बुझिएका मानिसहरूको भनाई, घटनास्थल तथा लास जाँच मुचुल्का विवरण, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादीले मृतकको घाँटीमा धारिलो हतियार प्रहार गरी लागेको चोटका कारणबाट मनकुमारीको मृत्यु भएको कुरा निर्विवादरूपमा पुष्टि हुन आएको देखिन्छ। उक्त आधार प्रमाणबाट प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नंअनुसारको कसुर गरेको ठहऱ्याई सुरू दैलेख जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको फैसला अन्यथा नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी खड्क सिंह भन्ने राईबहादुर सिंहले आफ्नै श्रीमती मृतक मनकुमारी सिंहलाई आँसीले प्रहार गरी कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तवरबाट पुष्टि हुन गएको देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू दैलेख जिल्ला अदालतबाट मिति २०६९।३।६ मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।१०।२४ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ १८ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०१२०, उत्प्रेषण / परमादेश, *देवेन्द्रबहादुर चन्द वि. जिल्ला प्रशासन कार्यालय, दार्चुलासमेत*

प्रतिशत निर्धारण भइसकेपछि सरूवा भई आउने कर्मचारीलाई हालको कार्यालयमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन निजामती सेवा नियमावलीले रोक लगाएको नदेखिनुका साथै उक्त बढुवाको लागि यी रिट निवेदक एक मात्र योग्य उम्मेदवार रहेको अवस्थामा लोक सेवा आयोगसँग राय माग गर्ने गरी जिल्ला प्रशासन कार्यालय बढुवा समितिको मिति २०७०।२।२ को राय माग गर्ने निर्णय र प्रतिशत निर्धारण भएपछि सरूवा भई आएका देवेन्द्रबहादुर चन्द उक्त पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने गरी लोक सेवा आयोग केन्द्रीय कार्यालयको च.नं.४६४ मिति २०७०।३।५ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर हुने।

तत्कालीन बढुवा समितिको सचिवालय जिल्ला प्रशासन कार्यालय, दार्चुलाको बढुवा समितिले प्रकाशन गरेको उक्त मिति २०६९।१२।७ को सूचनाबमोजिम निज निवेदक देवेन्द्रबहादुर चन्दलाई सो जिल्ला वन कार्यालय दार्चुलामा रिक्त रहेको वन सेवा जनरल फरेष्ट्री समुह रा.प. अनंकित प्रथम श्रेणी रेञ्जर पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम

गरी तत्काल निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-१२६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिलन राईसमेत*

मृतक र प्रतिवादीहरू एकाघर परिवारका लोग्ने, स्वास्नी तथा बाबुछोरा रहेको देखिन्छ। मृतक र प्रतिवादीहरूका बीचमा घरायसी विषयमा विवाद हुने गरेको भएपनि प्रतिवादीहरूले मृतक पति तथा पिता धर्मेन्द्र राईलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा योजना बनाउनु पर्नाको कारण भने अभियोजन पक्षले प्रमाणित गर्नसकेको देखिँदैन। मृतक धर्मेन्द्र राईलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी तथा योजनाबिना प्रतिवादीहरूले घरायसी विषयमा विवाद हुँदा तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई कुटपिट गर्दा सोही चोटका कारण निजको मृत्यु भएको भन्ने प्रतिवादीहरूको बयान तथा साक्षी प्रमाणबाट देखिने।

प्रतिवादीहरूले मृतकलाई कुनै जोखिमी हतियारले प्रहार गरेको नदेखिएको र तत्काल उठेको रिस थाम्न नसकी  लात मुक्काले प्रहार गरेको र सोही चोटका कारण निजको मृत्यु भएको देखिन्छ। यसरी प्रतिवादीहरूले तत्काल उठेको रिस थाम्न नसकी लात मुक्काले प्रहार गर्दा मृतकको मृत्यु भएको देखिएकोले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्नेमा सोही महलको १४ नं. बमोजिम सजाय हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रत्यर्थी / प्रतिवादीहरू धर्माकुमारी राई र मिलन राईले मृतक धर्मेन्द्र राईलाई तत्काल उठेको रिस थाम्न नसकी लात मुक्काले कुटपिट गरेको र सोही चोटका कारण निजको मृत्यु भएको प्रमाणित भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर कायम गरी सोही नं. बमोजिम प्रतिवादीहरूलाई दश वर्ष कैदको सजाय हुने ठहर गरी सुरू भोजपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।८।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-१२१५, ०७१-CR-१३५५ र ०७१-CR-१२५५, कर्तव्य ज्यान, *दिपक अधिकारी वि. नेपाल सरकार, महेश निरौलासमेत वि. नेपाल सरकार र अस्मित निरौला वि. नेपाल सरकार*

मृतक निसा सत्याललाई प्रतिवादी संकेत नं. ०५५।१ का अस्मित निरौलाले प्रेम प्रस्ताव राखेको र निजले उक्त प्रस्ताव अस्वीकार गरेका कारण निज प्रतिवादी र निजका अन्य साथीहरूसमेत मिली योजनावद्ध ढङ्गले मृतक बाख्रा चराउन जङ्गलमा गएको समयमा एक्लै पारी घाँटीमा निजले लगाएको सलले कसी कर्तव्य गरी मारी रूखको हाँगा काटेर जमिनमा लडाई आत्महत्या गरेको भन्ने देखाउन उक्त हाँगामा सलले बाँधेको देखिन आएकोले यी पुनरावेदक / प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट पुनरावेदक / प्रतिवादीहरू संकेत नं. ०५५/१ का अस्मित निरौला, दिपक अधिकारी, महेश निरौला

र अमरबहादुर मगरले मृतक निसा सत्याललाई निजकै सलले घाँटीमा कसी कर्तव्य गरी मारी रूखको हाँगामा बाँधेको प्रमाणित भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर कायम गरी सोही महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने र प्रतिवादीमध्येका संकेत नं. ०५५।१ का अस्मित निरौला चौध वर्ष वा सोभन्दा माथिको र सोह्र वर्षमुनिको बालक देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम अन्य प्रतिवादीहरूलाई हुने सजायको आधा अर्थात् १० वर्ष कैदको सजाय हुने ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।५।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

११

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-१२११, कर्तव्य ज्यान, *सन्तोष राई वि. नेपाल सरकार*

घरायसी कुरामा मृतकसँग विवाद भएको र सोही विवादका बीचमा उठेको रिसका झोकमा दुवै जनाबीच झगडा भई हानाहानसमेत हुँदा यी पुनरावेदक / प्रतिवादी सन्तोष राईले नजिकै रहेको रेडियोले मृतकलाई प्रहार गर्नुका साथै धकेलिदिएको कुरा प्रमाणित भएको अवस्थामा देखिएको र सोही चोटका कारण मृतक रेश्मी राईको उपचारको क्रममा मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुर कायम गरी सोही महलको ६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट पुनरावेदक / प्रतिवादी सन्तोष राईले मृतक रेश्मी राईलाई कुटपिट गरी रेडियोसमेतले प्रहार गरेको र सोही चोटका कारण निजको उपचारको क्रममा मृत्यु भएको प्रमाणित भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर कायम गरी सोही नं. बमोजिम दश वर्ष कैदको सजाय हुने ठहर गरी सुरू तनहुँ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।८।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

१२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-CR-००६२, भ्रष्टाचार, *नेपाल सरकार वि. गम्भीराप्रसाद यादवसमेत*

विद्यालय सञ्चालनमा रहेको देखिएको र सो विद्यालयलाई प्राप्त भएको निकासा रकम सोही विद्यालयमा नै खर्च भएको तथ्य मिसिल संलग्न तलब बुझेको भरपाई, स्टेशनरी सामान खरिद गरेको बिल निर्माणको लागि इँटा, छड, सिमेण्टलगायतका निर्माण सामग्री खरिद गरेको बिल भरपाईबाट देखिएको र सोको लेखा परीक्षणसमेत सम्पन्न गरी लेखा परीक्षण प्रतिवेदनसमेत मिसिल सामेल रहेको देखिएकोले विद्यालयका नाममा निकासा भएको रकम आरोप दाबीअनुसार प्रतिवादीहरूले दुरूपयोग तथा हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भयो भन्न सकिने अवस्था नदेखिने।

अत: उल्लिखित तथ्य र विवेचनासमेतका आधारमा प्रत्यर्थी / प्रतिवादीहरूले रू.३,८०,६७५।-

एकापसमा मिलोमतो गरी खाताबाट निकाली हिनामिना र हानि नोक्सानी गरी आरोपित कसुर गरेको भन्ने प्रमाणित हुनसकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७३।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१२१०, कर्तव्य ज्यान, महेश राई वि. *नेपाल सरकार*

वस्तुस्थिति मुचुल्का राजु श्रेष्ठ, संजय श्रेष्ठसमेतका मानिसहरूले महेश राईसमेतका प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेको देखेको भनी गरेको कागजबाट निजको साबिती बयान पुष्टि भएको देखियो । पुनरावेदकले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे पनि अदालतकै बयानमा घटनास्थलमा पुगेको र मृतकलाई लडिरहेको अवस्थामा देखेको, मृतक र दाजु हेम राईसँग झगडा परेको, ज्यान बचाउनका लागि भागी भोजपुर फुपूको घरमा गएको भनी बयानमा उल्लेख गरेको अवस्थाबाट निजउपर परेको किटानी जाहेरी समर्थित हुन आएको देखिने।

विभिन्न प्रकारका हतियारको घाउ चोटका कारण मृतक युवराज क्षेत्रीको मृत्यु भएको भन्ने पोस्टमार्टम रिपोर्टबाट देखिन्छ । धारिलो हतियारले प्रहार गरी वारदात घट्न गएको तथ्य लास जाँच प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको देखिन्छ। वारदातमा पुनरावेदक प्रतिवादीसहित ८-१० जना भएको र मसमेतले मृतकलाई घर पुऱ्याउन जाँदा हेमराज, आइते र विमल राईलेबाटो छेकी मृतकलाई बञ्चरोले प्रहार गरेपछि म डरले भागी गएको भनी मृतकसाथसँग रहेका गोविन्द चौधरीको मौकाको कागजबाट देखिन आउँछ । वारदात मितिमा आफू अन्यत्र रहेको भनी पुनरावेदकले लिएको जिकिर वस्तुनिष्ठ तथ्यबाट समर्थित भएको नदेखिने।

वस्तुस्थिति मुचुल्काका शम्भु दाहाल, धनबहादुर विष्ट, भरत खड्कासमेतका प्रत्यक्षदर्शीले महेश राईसमेतले मृतकलाई खुकुरी प्रहार गरेको देखेको भनी अदालतमा बकपत्र गर्दा उल्लेख गरेको देखिन्छ। प्रत्यक्षदर्शीको उक्त कथन लास जाँच प्रकृति मुचुल्का, धारिलो हतियारको प्रयोगको चोटबाट मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन, पुनरावेदक प्रतिवादीउपरको किटानी जाहेरीसमेतबाट पुष्टि भइरहेको स्थितिमा पुनरावेदक प्रतिवादीको कसुर अपराधमा संलग्नता रहेको देखिन आएकोले यस अदालतबाट विपक्षी झिकाउने आदेशमा उल्लिखित आधार र कारणसँग सहमत हुन सकिने अवस्था नदेखिँदा पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला अन्यथा भएको भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् सबुद प्रमाणको मूल्याङ्कनबाट प्रतिवादी महेश राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराधमा ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।९।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल वैशाख २२ गते रोज ४ शुभम्।

१४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०६९४, ०८६०, भ्रष्टाचार, गणेश ज्ञवाली वि. नेपाल सरकार, दामोदर

श्रेष्ठ वि. नेपाल सरकार

प्रतिवादी दामोदर श्रेष्ठले मैले बद्नियत चिताई कार्य गरेको पुष्टि हुन नसकेको अवस्थामा शङ्काको भरमा कसुरदार ठहर्‍याएको भन्ने जिकिर लिएको देखिन्छ । घुस रिसवत मागेको कारण पीडित भएका उजुरीकर्ताबाट अधिकारप्राप्त अधिकारी तथा विशेष अदालतमा बकपत्र गर्दासमेत उजुरीलाई समर्थन हुने गरी बकपत्र गरेको देखिएको हुँदा यस्तो अवस्थामा केवल शङ्का र अनुमानको भरमा दोषी ठहर गरेको भन्ने अवस्था रहँदैन । आरोपित कसुरमा आफ्नो बचाउको लागि इन्कारी रहे तापनि आरोपित कसुरलाई अन्य सबुद प्रमाणले पुष्टि गर्दछ भने त्यस्तो अवस्थामा कसुर गरेको छैन भनी भन्न सकिने अवस्था नरहने ।

फौजदारी विधिशास्त्रले आपराधिक मनसाय र आपराधिक कार्यलाई अपराधको तत्त्वमा समावेश गरेको हुन्छ । मनसाय, नियत र जानीजानी आपराधिक कार्य गर्नु दूषित मनसाय तत्त्व हुनु हो । दूषित मनसाय र बद्नियत नचिताई कार्य गरेको कुरा निर्णयकर्ताले सेवाग्राहीप्रति गर्ने व्यवहार र कार्यबाट समेत देखिनु पर्दछ । उजुरीकर्ताको बकपत्र, सि.डि.मा व्यक्त भएको उतार, नोटहरू बरामद भएको बरामदी मुचुल्कालगायत अन्य तथ्य र प्रमाणबाटसमेत यी प्रतिवादीहरूले शुद्ध मनसाय र सद्नियत चिताई उक्त कार्य गरेका थिए भन्ने अवस्था नदेखिने ।

प्रतिवादी गणेश ज्ञवाली यातायात व्यवस्था कार्यालयको शाखा अधिकृत पदमा कार्यरत जिम्मेवार राष्ट्रसेवक कर्मचारी भएको तथा निजले सेवाग्राही राजेश पटेलसँग रूट परमिट जारी गर्ने कामबापत रू.६३,०००।– मागेको र निजबाट सो रकम बरामद भई पक्राउसमेत परेको एवम् बरामद नोट प्रतिवादीले नगद घुसस्वरूप माग गरेको भनी उजुरीकर्ताले उजुरी दिई सो रकम बरामद भएको तथा अर्का प्रतिवादी दामोदर श्रेष्ठ निमित्त कार्यालय प्रमुखको रूपमा रहेको र निजले उजुरीकर्ता राजेश पटेललाई पटकपटक फोन गरी निजकै मागअनुसारको रकमसहित गणेश ज्ञवाली पक्राउ परेको अवस्थासमेत रहेबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (ग) बमोजिमको कसुर गरी यी प्रतिवादीहरूले रिसवत लिएको मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू र उजुरीकर्ताबीच फोनमा बारम्बार संवाद भएको देखिएको तथा बरामद रकम प्रतिवादी दामोदर श्रेष्ठको मागअनुसार अर्का प्रतिवादी गणेश ज्ञवालीले लिएको अवस्थामा बरामद भई निज पक्राउसमेत परेको अवस्था एवम् उजुरीकर्ता राजेश पटेलको बकपत्र, सि.डि.मा व्यक्त भएको कुराको उतार तथा नोटहरू बरामद भएको बरामदी मुचुल्कालगायतका मिसिल संलग्न कागजात र प्रमाणहरूसमेतबाट यी प्रतिवादीहरूले अभियोगअनुसारको भ्रष्टाचारजन्य कसुर गरेको देखिन आएबाट विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य, कानून एवम् मिसिल संलग्न आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूले उजुरीकर्ताबाट रू.६३,०००।– घुसबापत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ग) को कसुर गरेको देखिएबाट उक्त दफाअनुसार निज प्रतिवादीहरूलाई जनही कैद महिना ४ (चार) र बिगो रू.६३,०००।– जरिवानासमेत हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०६९।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल असार २१ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WH-००४२, बन्दीप्रत्यक्षीकरण, *युवराज कोइराला वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले निवेदनमा निजको विरूद्ध भक्तपुर जिल्ला अदालतमा सरकारी छाप दस्तखत किर्ते मुद्दा दायर भएको र उक्त मुद्दामा भक्तपुर जिल्ला अदालतबाट थुनछेकको आदेशका क्रममा माग भएको धरौट रकम दुई लाख रूपैयाँ बुझाउन नसकेको कारणबाट थुनामा रहेको तथ्यलाई स्वीकारै गरेको पाइन्छ । यसरी कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट अनुसन्धान भई अदालतसमक्ष दायर भएको अभियोग पत्रअनुसार अदालतको आदेशबमोजिम माग भएको धरौटी दाखिला गर्न नसकेपश्चात् रिट निवेदकलाई थुनामा राख्न पठाइएको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना मान्न नमिल्ने ।

कानूनबमोजिम दायर हुन आएको अभियोग पत्रबमोजिम मुलुकी ऐन, अ.बं.११८ नं. ले अदालतलाई थुनामा राखी वा धरौट जमानत लिई मुद्दाको पुर्पक्ष गर्ने अधिकार प्रदान गरेबमोजिम रिट निवेदकबाट रू.२,००,०००।- (दुई लाख रूपैयाँ) धरौट माग गर्ने आदेश भएको पाइन्छ । यसरी रिट निवेदकलाई कानूनले तोकेको प्रक्रिया पूरा गरी अधिकारप्राप्त अधिकारीबाट अनुसन्धान भई अदालतमा दायर भएको अभियोग पत्रबमोजिम अदालतबाट माग गरिएको धरौट बुझाउन नसकेपश्चात् निजलाई थुनामा राख्ने कार्य भएको देखिँदा निजको उक्त थुना कानूनअनुरूपकै रहेको देखिन आउने ।

तसर्थ तथ्य, कानूनी व्यवस्था र विवेचित आधार र कारणसमेतबाट निवेदकलाई सरकारी छाप दस्तखत किर्ते मुद्दामा निजउपर लगाइएको अभियोगमा अदालतबाट माग भएको धरौट दाखिल गर्न नसकेको कारणबाट थुनामा रहेको अवस्था रहे भएबाट मातहत अदालतबाट कानूनबमोजिम भएको आदेश र विचाराधीन रहेका मुद्दाका विषयवस्तुभित्र प्रवेश गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी तल्लो अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गर्न मिल्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

भक्तपुर जिल्ला अदालतमा विचाराधीन रहेको वादी नेपाल सरकार र प्रतिवादी यी रिट निवेदकसमेत भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा सो मुद्दाको उठान, यी प्रतिवादीको बयान, निजको पेशा, उक्त मुद्दामा सङ्कलित प्रमाण र मुलुकी ऐन, अ.बं.१७ नं.को कानूनी व्यवस्थासमेतलाई विश्लेषण गर्दा मुलुकी ऐन, अ.बं.११८ नं.को देहाय ११ बमोजिम भक्तपुर जिल्ला अदालतको मिति २०७२।१०।१५ को आदेशानुसार यी रिट निवेदकबाट थुनछेक आदेश हुँदा माग गरिएको धरौट रकम रू.२,००,०००।- (दुई लाख रूपैयाँ) चर्को पर्ने देखिएकोले निजबाट रू.५,०००/- (पाँच हजार रूपैयाँ) धरौट माग गरी मुद्दाको पुर्पक्ष गर्नु भनी भक्तपुर जिल्ला अदालतका नाममा आदेश जारी हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७२ साल चैत ११ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CI-०७४९, ०७५०, लिखत दर्ता बदर दर्ता, *पवनकुमार शर्मा वि. वीरगञ्ज नगर विकास समिति र नन्दकिशोरप्रसाद श्रीवास्तव वि. वीरगञ्ज नगर विकास समिति*

वादीले दाबी लिएको जग्गाको साबिक कि.नं. १९ कित्ताकाट भई कि.नं. ४८ र ८१ भएको, कि.नं.

४८ बाट कित्ताकाट भई पुनः ६१ र ६२ कायम भएको र अदालतबाट भई आएको नक्सा मुचुल्कामा न.नं. ३ मा साबित २३९ को हाल कि.नं.६१ को जग्गासमेत रहेको भन्ने उल्लेख भएको र कि.नं. ६२ र ८१ साबिक कि.नं. १९ को अन्तर्गतको जग्गा रहेको र कि.नं.२३९ मा समेत कि.नं. ६१ को जग्गा घुस्न गएको तथ्य स्थापित भएसमेतबाट प्रतिवादी नन्दकिशोर श्रीवास्तव नाउँ दर्ताको कि.नं. २३९ को हाल कायमी कि.नं. ६१ को ०-०-१६ जग्गामध्ये पश्चिमतर्फको ०-०-१० जग्गाको वादी दाबीबमोजिम लिखत दर्ता बदर हुने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने।

तसर्थ माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी नन्दकिशोर श्रीवास्तवका नाउँ दर्ताको कि.नं. २३९ को हाल कायम कि.नं. ६१ को क्षे.फ. ०-०-१६ मध्ये पश्चिमतर्फको ०-०-१० जग्गाको वादी दाबीबमोजिम लिखत दर्ता बदर हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६३।२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-RC-०१२२, जबरजस्ती करणी र कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर तामाङ*

प्रतिवादीले बालिकालाई चकलेट दिई फकाई जङ्गलमा लगी जबरजस्ती करणी गरी निजलाई मारी फ्याँकी दिएको हुँ भनी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत कसुरमा पूर्ण साबित रही बयान गरेको देखिन्छ। मौकामा बुझिएका मानिसहरू वीरबहादुर तामाङ, आइमान तामाङसमेतले मृतकलाई जबरजस्ती करणी गरी यीनै प्रतिवादीले मारी फ्यालेका हुन् भनी अनुसन्धानका क्रममा र अदालतमा बकपत्र गर्दासमेत लेखाई दिएको मिसिलबाट देखिन्छ। त्यस्तै जाहेरवालीकुमारी तामाङले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत जाहेरी व्यहोराअनुरूप नै बयान र बकपत्र गरेको पाइन्छ। यसरी घटना विवरण कागजका मानिसहरू, जाहेरवालीको बयान र बकपत्र, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट यी प्रतिवादी पुन्टे भन्ने चन्द्रबहादुर तामाङको कर्तव्यबाट मृतक बालिका संगिता तामाङको मृत्यु भएको तथ्य पुष्टि हुन आउने।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी पुन्टे भन्ने चन्द्रबहादुर तामाङलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम पन्ध्र वर्ष कैद र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू धादिङ जिल्ला अदालतको फैसला साधक सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।९।२३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। कैद सजायको हकमा मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. तथा ४१ नं. बमोजिम कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सो ऐनले मात्र सजाय गर्नुपर्छ भन्ने उल्लेख भएको हुँदा निज प्रतिवादी पुन्टे भन्ने चन्द्रबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने भएकाले जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम हुने १५ वर्ष कैद सजाय खापिरहनु नपर्ने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेली
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७२ साल चैत ७ गते रोज १ शुभम्।

**इजलास नं. २**

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-१२६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जगरनाथ राउत अहिरसमेत*

मृतकको लास जाँच मुचुल्काबाट मृतकको टाउकोमा एउटा मात्र घाउ चोट रहेको उल्लेख छ । मृतकको शव परीक्षण गर्ने डाक्टर रणवीर सिंहले अदालतमा उपस्थित भई मृतकको टाउकोमा एउटा मात्र चोट थियो, शरीरको अन्य भागमा चोटपटक थिएन भनी बकपत्र गरिदिएको देखिन्छ । यति धेरै प्रतिवादीहरूले जाहेरीमा उल्लेख भएअनुसार हतियारले मृतकलाई अन्धाधुन्ध प्रहार गरेको भए एकभन्दा बढी चोट रहने स्थिति हुँदैन थियो । घटनास्थलभन्दा २० फिटपूर्वमा रहेको पोखरीमा खँडासा (एक प्रकारको धारिलो हतियार) पाइएको भन्ने कुराको पनि प्रस्तुत वारदातसँग तादम्यता रहेको पाइएन । प्रस्तुत मुद्दाको जाहेरवाला स्वयम्ले अदालतमा उपस्थित भई जाहेरी व्यहोरा झुट्ठो हो भनी बकपत्र गरिदिएको देखिएकोबाट निज प्रतिवादीहरूको प्रस्तुत वारदातका संलग्नता रहेको देखिएन । प्रतिवादीहरू रामाशंकरप्रसाद यादव, अनरजितप्रसाद यादव, उमाशंकरप्रसाद यादव, गौरीशंकरप्रसाद यादवलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

प्रतिवादी जगरनाथ राउत अहिरले वारदात घटित गराउनको लागि मनसाय, रिसइवी, तयारी, योजनालगायतको कार्य गरेको नदेखिएको हुँदा अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(४) नं. आकर्षित हुने अवस्था नदेखिने ।

प्रतिवादी जगरनाथ राउत अहिरको मौकामा तथा अदालतमा भएको बयान, जाहेरवाला, प्रतिवादीहरूका साक्षी तथा बुझिएका मानिसहरूको बकपत्र व्यहोराबाट प्रतिवादी जगरनाथ राउत अहिर र मृतकबीच घाँस काटेको निहुँमा झगडा भएको, उक्त झगडाको कारण आक्रोसित बनेको प्रतिवादीलाई मृतकले सुरूमा लाठी प्रहार गरेपश्चात् प्रतिवादी जगरनाथ राउत अहिरले मृतकलाई लट्ठीले प्रहार गर्दा मृतकको टाउकोमा चोट लागेको र उक्त चोटको कारण उपचारको क्रममा मृतकको मृत्यु भएको अवस्था देखिने ।

प्रतिवादी जगरनाथ राउत अहिरले मृतकसँगको विवादमा तत्काल उठेको रिसको कारण घटनास्थलमा रहेको लट्ठीले एक पटक प्रहार गरेको र उक्त प्रहार टाउकोमा लाग्न गई मृतकको मृत्यु हुन गएको अवस्था छ । यस्तोमा ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्था आकर्षित हुने नै हुँदा प्रतिवादीलाई ऐ. महलको १४ नं. अनुसार सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीहरू रामाशंकरप्रसाद यादव, उमाशंकरप्रसाद यादव, गौरीशंकरप्रसाद यादव, अनरजितप्रसाद यादवले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी जगरनाथ राउत अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पर्सा जिल्ला अदालतको क्रमशः मिति २०६७।३।२९ र २०६७।८।२८ को फैसला केही उल्टी गरी सफाइ पाउने प्रतिवादीको हकमा सदर कायम गरी प्रतिवादी जगरनाथ राउत अहिरलाई ऐ. महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-१००५, जबरजस्ती करणी, *विजय थारु वि. नेपाल सरकार*

जाहेरवाला ककुमारी, पीडित खकुमारी, केउ थारू, बलिराम थारूले मौकाको आफ्नो व्यहोरालाई समर्थित हुने गरी अदालतमा बकपत्र गरेकोसमेत देखियो । यसरी प्रतिवादीको साबिती बयान अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा प्रतिवादीको कार्य ऐनद्वारा परिभाषित कसुर ठहरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय २ बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र पीडितलाई प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार) क्षतिपूर्ति दिलाई दिने ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६५-CI-०३६७, क्षतिपूर्ति रकम दिलाई भराई पाउँ, *प्रदिप बर्तौला वि. हेटौंडा सिमेन्ट उद्योग लि.*

फिरादीले माग गरेअनुसारकै परिमाणमा सामान पठाएको हो । प्रतित पत्र नं. Htd 25 fc 63.147 अन्तर्गत US$ 1818.38 मूल्य पर्ने Part no 8 p 8299 को Washer आपूर्ति हुनुपर्नेमा Grab Iron 23 nos को गलत सामान आपूर्ति गरेको भन्ने दाबीका सम्बन्धमा विपक्षीले खरिद आदेश भएअनुसारकै सामान पार्ट नं. 8 P 8299 नै पठाइएको हो । गलत सामान पठाइएको होइन छैन भनी उल्लेख गरेको देखिएको छ । Caterpillar को 18 dec 2003 को जो जससँग सम्बन्धित छ भनी दिएको पत्रमा M/s Tractors Nepal Private Limited. Nepal is a wholly owned subsidiary of TIL Limited Kolkata who are authorized dealers of caterpillar with authority to negotiate and accept orders for caterpillar equipments and spare parts and to provide service to caterpillar products in Nepal भन्ने उल्लेख भएको देखिन्छ । यीनै कागज प्रमाणको आधारमा क्याटरपिलर एस.ए.आर.एल. सिंगापुरको अधिकृत बिक्रेता टिल लिमिटेडको अधिकृत सहयोगी प्रतिनिधि ट्रयाक्टर्स नेपाल प्रा.लि. हो भन्ने कुरामा विवाद रहेको देखिन नआउने ।

पुनरावेदक क्याटरपिलार मूल कम्पनीको टिल मुख्य एजेन्ट रही सो टिल कम्पनीको दायित्व पुनरावेदक प्रतिवादीमा रहेकोमा विवाद देखिँदैन । पुनरावेदक प्रतिवादीले सोही क्याटरपिलार कम्पनीको सामानहरूको बिक्री वितरण गरेकोमा विवाद नरही टिलसँग रहेको सम्पूर्ण दायित्व पुनरावेदकमै रहेको देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६५।४।२६ मा वादी दाबीबमोजिमको क्षतिपूर्ति रू.९,२०,४१५।७१ वादीले प्रतिवादीबाट भरी पाउने ठहऱ्याई भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: गुनाखर शर्मा

इति संवत् २०७२ साल माघ २४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०८३८, जातीय विभेद छुवाछुतपूर्ण दुर्व्यहार गरेको, *नेपाल सरकार वि. सन्तुमाया पाख्रिनसमेत*

पुनरावेदनको रोहमा केही उल्टी वा पूरै

उल्टी हुने गरी फैसला गरेको अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अवस्था भए तापनि पुनरावेदनसम्बन्धी उक्त कानूनी व्यवस्थाले जरिवाना र बिगोको हद तोकेको अवस्था छ। यसबाट पुनरावेदन अदालतले फैसला गर्दा पच्चीस हजार वा सोभन्दा बढी जरिवाना हुने गरी फैसला गरेको अवस्थामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट प्रतिवादीहरूलाई रू.१,०००।– (एक हजार) मात्र जरिवाना हुने ठहऱ्याएको र बिगो पनि नरहेकोले सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्था भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्था आकर्षित हुनसक्ने अवस्था रहेको देखिएन । पुनरावेदन लाग्न नसक्ने यस्तो प्रकृतिको मुद्दाहरू दोहोऱ्याई हेरिपाउँ भन्ने माध्यमबाट अदालत प्रवेश गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दा सोझै पुनरावेदन दर्ता गरिएको कार्य कानूनअनुरूप भएको नदेखिने।

अतः उपर्युक्त विवेचित आधार र कारणबाट साबिकको न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १ को (ग) ले प्रस्तुत मुद्दामा पुनरावेदन लाग्नसक्ने नदेखिएकोमा पुनरावेदन दर्ता भई आए पनि प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं.१८० नं. ले खारेज हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०२७७, फैसला बदर, *विजयकुमार मिश्र वि. उपेन्द्र साह*

निवेदक विजयकुमार मिश्रको निवेदनमा उल्लेख गरेबमोजिमको २०२६ सालमा मोही शिवनन्दनले जग्गा कमाउन नसक्ने भनी मोही हक छोडेको भनेकोमा सो व्यहोरा अन्यथा भए सोही थाहा पाएको मितिले कानूनबमोजिमको कुनै दाबी जिकिर गरेको नदेखिएबाट यी वादी मु.स. गर्ने उपेन्द्र साहको व्यवहार र आचरणले नै तत्कालीन मोही रहेका बाबुले जग्गा कमाउन छाडेको भन्ने तथ्य थप पुष्टि भइरहेबाट मोही हकबाट वादीलाई वास्तवमै अन्यायपूर्वक कानूनी हकबाट वञ्चित गरिएको भन्ने देखिन नआउने।

मोही हक मूलरूपमा भोगमा आधारित हक भएकोले भोगको निरन्तरतासहितको मोहीको दायित्व वहन गर्नुपर्नेमा उपर्युक्तबमोजिम २०२६ सालमा नै वादीको पति / पिताद्वारा जग्गा कमाउन नसक्ने भनी भूमिसुधार कार्यालयमा मोही हक छाडेको अवस्था देखिएकोले सो अन्यथा प्रमाणित नभएसम्म मोहीले जग्गा कमाएको तथ्य पुष्टि हुन नसक्ने र २०२६ सालमा नै मोहीले जग्गा कमाउन छाडेको भनेकोमा जग्गा निरन्तर कमाएको छु भन्न मोही वा मोहीको मृत्युपछि निजको हक खाने निजको पत्नी छोरासमेत कारणीसरह नै विवन्धित हुने हुन्छ। उपर्युक्तानुसार पति / पिताद्वारा गरेको कार्यको उत्पन्न कानूनी परिणाम निजको मृत्युपश्चात् त्यस्तो मोही हक प्राप्त गर्नेहरूलाई समेत विवन्धनको सिद्धान्तसमेत आकर्षित भई रोक्ने हुँदा त्यस्तो भोगको आधारमा प्राप्त हुने साम्पत्तिक मोही हक जग्गा कमाई भोग नगरेबाट दुरासययुक्त अपहरण भएको मान्न मिल्नेसमेत नदेखिँदा भूमिसुधार कार्यालयको मिति २०५१।३।१ को निर्णय अ.बं.८६ नं. बमोजिम बदर हुनसक्ने नदेखिने।

२०२६ सालमा आफूले जग्गा कमाउन नसक्ने भनी मोहीले दिएको सूचनाको आधारमा नै सम्बन्धित गा.वि.स.लाई बुझी मोही लगतकट्टा गर्ने निर्णय भूमिसुधार कार्यालय महोत्तरीले मिति २०५१।३।१ मा गरेकोमा दर्ता किताबमा सच्चाएको सूचना मोहीलाई दिएको नदेखिए तापनि मोहीको छोरा उपेन्द्र साहले मिति २०५१।३।१० मा सारी लिएकोले सोही मितिमा नै उक्त निर्णयको जानकारी थाहा पाएकोमा उक्त भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को प्रतिबन्धात्मक वाक्यांश (क) समेतको

विपरीत निर्णय गरेको भए सो थाहा पाएको मितिले नै मुद्दाको उठान गर्न सक्नुपर्नेमा चुप लागी बसेको देखिँदा सो मूल विषयको मोही लगतकट्टा मुद्दा नै अन्तिम भइरहेको देखियो । मोही लगत कट्टाको निर्णयको जानकारी सूचना मोहीलाई नदिँदै मोहीको छोराले आफैँ सारी लिएकोबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमको सूचना नदिएकोले मोही छाडेको नमानिने भनी अर्थ गर्न मिल्ने पनि देखिन नआउने।

वादीको पति / पिताले मोही हक छाडेको आधारसमेतमा मोही लगतकट्टा गरेको भूमिसुधार कार्यालयको मिति २०५१।३।१ निर्णय भूमिसुधार ऐन, २०२१ को दफा २६(१) को प्रतिबन्धात्मक वाक्यांशको स्पष्ट उल्लङ्घन भएको देखिने आधारसमेत वादीले पेस गर्नसकेको देखिँदैन । भूमिसुधार ऐन, २०२१ को दफा २६(१) को प्रतिबन्धात्मक वाक्यांशमा प्रयुक्त भाषा र सो निर्णयको भाषा सो दफाअनुरूप नै समानरूपबाट प्रयोग भएको देखिएको अवस्थामा सो ऐनको दफासम्म उल्लेख नभएको कारणले मात्र सो कानूनअनुरूप भए गरेको निर्णय गैरकानूनी मानी बदर हुनसक्नेसमेत नदेखिने।

२०२६ सालपछि बाबु शिवनन्दनले कुत वुझाएको वा धरौटी राखेको निस्सासमेत वादीले पेस गर्न नसकेबाट जग्गा मोहीले नकमाएको भन्ने जग्गाधनी / प्रतिवादीको व्यहोरा कथन अन्यथा नदेखिएको र अर्कोतर्फ २०२६।३।२४ को कागजबाट जग्गा कमाउन नसक्ने भनी मोही रहेका शिवनन्दन साह सुडीले निवेदन दिई मोही लगतकट्टा गर्न चाहीँ जग्गा नकमाएको भन्ने प्रतिवादी विजयकुमार मिश्रको निवेदन तथा भूमिसुधारको निर्णयसमेतबाट नक्कल लिई थाहा पाएका शिवनन्दनको छोरा उपेन्द्र साहले बाबुले मोहीयानीमा जग्गा कमाउन छाडेको तथ्य थाहा जानकारी पाइसकेकोमा चुप लागि बसेपछि हाल आएर जग्गा निरन्तर कमाएको भन्ने व्यहोरा नै विवेचित प्रकरणमा उल्लेख भएबमोजिम विवन्धित हुनुको साथै सफा हात लिई अदालत प्रवेश गरेको समेत मान्न मिल्ने देखिएन।

वस्तुत: उपेन्द्र साह मोहीका छोरा रहेका र आमा मरी मु.स. गर्ने यी वादी उपेन्द्र साहले मौकामा नै नक्कल सारी लिई निर्णयको जानकारी पाएकोमा मर्का परेको भए सोही मितिबाट मुद्दा गर्नुपर्नेमा नगरी निजको एकाघरको आमाले नक्कल सरेको मितिले परेको फिरादमा आमाको निधनपछि आफैँले मुद्दा सकार गरेको कार्य नै दूषित देखिन आई सफा हातबाट अदालत प्रवेश भन्न मिल्ने नदेखिने।

मोही शिवनन्दनको निवेदन मन्जुरीबमोजिम जग्गा छाडेको भन्ने देखिई सो कायम रहेको र २०५१ सालमा नक्कल सारेको मितिले सो भूमिसुधारको निर्णय बदर उल्टी गर्न मोहीको हकदारको हैसियतमा आमा वा छोरामध्ये छोरा आफैँ वा सोको जानकारी सूचना आमालाई दिई आमाको तर्फबाट उचित कानूनी बाटो अवलम्बन गर्नुपर्नेमा सो कुराको नक्कल सारी थाहा पाएका यी वादी मु.स. गर्ने उपेन्द्र साहले कानूनी उपचारको जरूरी नसम्झी हदम्यादसमेत गुजारी अधिकार परित्याग गरेको देखिन्छ । त्यसरी आफ्नो वा परिवारको तर्फबाट कानूनी उपचारको अधिकार परित्याग गर्ने छोरा उपेन्द्रलाई आमाले नक्कल सारेको मितिले आमाको अधिकारको आधारबाट थाहा पाएको कायम हुन्छ भन्न सकिने अवस्थासमेत नदेखिएको र त्यस्तो दाबी जिकिर फैसला अन्तिमताको सिद्धान्तसमेत विरूद्ध हुने।

मोही लगतकट्टाको निर्णय मिति २०५१।३।१ मा भूमिसुधार कार्यालयले गरेकोमा सो निर्णय प्राकृतिक न्याय सिद्धान्त विपरीत भए मोहीको छोरा उपेन्द्र साहले मिति २०५१।३।१० मा नक्कल सारी लिएपछि निर्णयसमेत जानकारी सूचना पाएको मान्नुपर्ने हुँदा सोही मितिले मोही लगतकट्टाको विषयलाई रिट क्षेत्राधिकारसमेत जो जे उपयुक्त उपचार

नखोजेपछि हाल आएर सूचना नपाएको भन्ने आधारमा प्रकृतिक न्याय सिद्धान्तविपरीत समेत मान्न मिल्ने देखिएन । मोही लगत कट्टा भएको निर्णयको जानकारी २०५१।३।१०मा नक्कल लिइ थाहा पाएको मितिले ३५ दिनभित्र यी वादीले प्रस्तुत मुद्दा फैसला बदरतर्फ नालिस गरेको नदेखिँदा अ.बं.८६ नं. समेतको हदम्याद नाघेको देखिने ।

तसर्थ मोही शिवनन्दन साह सुडीले दिएको २०२६।३।१४ को मोही छोडेको कागजसमेत बमोजिम नै मोही लगत कट्टा गरेको भन्ने भूमिसुधार कार्यालय, महोत्तरीको मिति २०५१।३।१ को निर्णयउपर यी वादीले २०५१।३।१० मा नक्कल सारेको मितिले कानूनी उपचार नखोजी चुप बसेबाट उक्त भूमिसुधार कार्यालयको मिति २०५१।३।१ को निर्णय अन्तिम भइरहेकोले हदम्यादसमेतको अभावमा उक्त मोही लगत कट्टाको निर्णय बदर हुनसक्ने नदेखिँदा भूमिसुधार कार्यालय महोत्तरीको २०५१।३।१ को निर्णय यथावत् कायम हुने देखिँदा वादी दाबी खारेज हुने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, महोत्तरीको मिति २०६३।८।११ को निर्णय सदर हुने ठहर गर्नुपर्नेमा उक्त निर्णय बदर उल्टी गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।५।२८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०२७६, मोही नामसारी, *विजयकुमार मिश्र वि. उपेन्द्र साह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१०१५, लागु औषध (हेरोइन), *नेपाल सरकार वि. विनोदप्रसाद मण्डल*

प्रतिवादी विनोदप्रसाद मण्डलले बरामद लागु औषध (हेरोइन) सञ्चय गरी ओसारपसार गरी ल्याएको देख्ने चश्मदिद व्यक्तिको अभाव रहेको देखिन्छ । प्रतिवादी विनोदप्रसाद मण्डलको साक्षी वृज किशोर साहले अदालतमा आई प्रतिवादी विनोद र निज वृज किशोर वारदात समयमा दिनभरी सँगै खेतमा पानी पटाइरहेका थिए भनी बकपत्र गरी दिएको देखिएकोबाट वारदातको समयमा प्रतिवादी विनोदप्रसाद मण्डल घटनास्थलमा नरहेको कुरा पुष्टि हुन आउने ।

प्रतिवादी विनोदप्रसाद मण्डलउपर सहअभियुक्तले मौकाको बयानको क्रममा पोल गरेकोमा उक्त पोललाई वस्तुनिष्ठ तवरबाट प्रमाणित हुनसकेको अवस्था छैन । आफू कसुरबाट उम्कन सकिन्छ कि भन्ने कुरालाई दृष्टिगत गरी मौकाको बयानमा सहअभियुक्तले गरेको पोललाई मात्र प्रमाणिक मान्न सकिँने हुँदैन । अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्न नसकेसम्म सहअभियुक्तको पोल आफैँमा कसुर प्रमाणित गर्नका लागि विश्वसनीय र सारभूत प्रमाण हुन सक्दैन । अन्य स्वतन्त्र र निष्पक्ष प्रमाणको अभावमा सहअभियुक्तको पोलले मात्र प्रतिवादी विनोदप्रसाद मण्डललाई कसुरदार प्रमाणित गर्ने हैसियत प्रदान गर्न सकिँदैन । त्यसैले प्रतिवादी विनोदप्रसाद मण्डललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतबाट भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

अतः उल्लिखित आधार र कारणहरू समेतबाट प्रतिवादी विनोदप्रसाद मण्डललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद र रू.६,००,०००।- (छ लाख) जरिवाना हुने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको मिति २०६७।४।१९ को फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको

पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।८।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१४३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. झवरू उराव*

जाहेरवालाले सुरू जाहेरी दिँदा यी प्रतिवादी उपर किटान गरी जाहेरी दिए तापनि मृतकसँग के कस्तो रिसइवी थियो। प्रतिवादीको बयानलाई खण्डन हुने गरी जाहेरी दिएको पाइँदैन । त्यस्तै वस्तुस्थिति मुचुल्काका रामप्रसाद पौडेल र लालबहादुर थापाले बकपत्रमा यी प्रतिवादीको मृतकसँग के कस्तो रिसइवी एवम् मार्नुपर्नेसम्मको कारण थियो सो खुलाउनसकेको देखिँदैन। मृतक र प्रतिवादी दुवै मजदुरी गरी अन्यत्रको गाउँमा बस्दै आएकोमा वारदातको साँझ एकै घर र विस्तारामा मिलेर रहे बसेको देखिँदा पूर्वरिसइवी नरहेको भन्ने नै देखिन आउँछ। योजना बनाई मारेको अवस्थासमेत देखिँदैन । राति उठेका प्रतिवादीलाई मृतकले अश्लिल गाली गर्ने हातपात गर्ने गरेको कारण रिस उठेको भन्ने प्रतिवादीको कथन अन्यथा देखिन नआउने।

प्रतिवादीको मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी नदेखिएको र मौकामा उठेको रिस थाम्न नसकी साधारण काठको पिर्काले हान्दा सोही चोट पीरले मृतकको मृत्यु हुन गएको अवस्था देखिएको यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कैद वर्ष १० को सजाय हुने ठहर गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

तसर्थ ज्यानसम्बन्धीको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय गरेको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६९।२।१६ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ ६ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०४२७, हक कायम नामसारी दर्ता खिचोलासमेत, *आशामाया महर्जन वि. शिलतारा श्रेष्ठ*

अदालतबाट भई आएको नक्सामा साबिक कि.नं. ६७१ र ७३७ को हाल कि.नं. १७७ न.नं. ७ र ८ को क्षेत्रफल ०-६-२-१, साबिक कि.नं. १२५ (हाल कि.नं. १७८ मा समावेश) न.नं. ९, १०, ११, र १२ गरी क्षे.फ. ०-५-१-० र साबिक न.नं. ७३६ हाल कि.नं. १७८ न.नं. १३, १४, र १५ को क्षे.फ. ०-६-०-० गरी न. नं. ७, ८, ९, १०, ११, १२, १३, १४, १५ वादीको भोग देखिएकोमा सोको क्षे.फ. १-१-३-१ देखिएकाले वादीले राजीनामा गरिलिएको भन्दा केही बढीसम्म देखिए पनि ससिम कित्ता राजीनामा गरी लिएको अवस्थामा केही बढी वा घटी हुनु स्वाभाविकै हुन्छ। पुनरावेदक आशामायाका ससुरा लक्ष्मीनारायण महर्जनले दुर्गादेवी श्रेष्ठलाई मिति २०३०/११/३ मा राजीनामा गरिदिँदा खुलाएको चार किल्लाको उत्तरतर्फको किल्लामा शिलतारालाई देखाएको र पुनरावेदन अदालतबाट मिति २०६६/१२/१७ मा भएको नक्सामा न.नं. ६ मा दुर्गादेवीलाई देखाएको देखिन्छ । सो न.नं. ६ भन्दा उत्तरतर्फका जग्गामा वादी शिलताराको भोगचलन रहेको देखिन आउँछ । न.नं. ९, १०, ११, १२ को ज.रो. ०-५-१-० जग्गामा नक्साबाट विवाद देखाएकोमा विवादित घर टहरासहितको जग्गा न. नं. ६ को दुर्गादेवीभन्दा उत्तरतर्फ रहेको र विवादित घर टहराका जग्गामा

कम्पाउण्ड पर्खाल वादी शिलतारा श्रेष्ठले नै बनाई भोगचलन गरेको देखिएको साथै वादीको हकको स्रोत पनि यीनै प्रतिवादीका ससुराबाट राजीनामाबाट प्राप्त गरेको अवस्थामा पुनरावेदक प्रतिवादीले आफ्नो भनी खिचोला गरेको देखिने।

जग्गा मोही नामसारीको सन्दर्भमा हेर्दा त्यसमा वादी शिलताराले मोही हक कायम गरिपाउँ भनी भूमिसुधार कार्यालय, काठमाडौंमा निवेदन दिएको र सो विचाराधीन रहेको भनी पुनरावेदन अदालतमा निवेदन दिएकोसमेत देखिँदा मोही नामसारी सम्बन्धमा भूमिसुधार कार्यालयबाट सो सम्बन्धमा कारबाही किनारा हुने नै हुँदा शिलतारा श्रेष्ठको वादी दाबीबमोजिम विवादित घर टहरासहितको जग्गामा खिचोला मेटाई साबिकबमोजिम नै यथावत् भोगचलन गर्न पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न पर्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार कारणबाट वादी शिलतारा श्रेष्ठको वादी दाबीबमोजिम विवादित घर टहरासहितको जग्गामा खिचोला मेटाई साबिकबमोजिम नै यथावत् भोगचलन गर्न पाउने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CI-०४२८, हक कायम नामसारी दर्ता खिचोला मेटाई चलनसमेत, *आशामाया महर्जन वि. शिलतारा श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०७८९, उत्प्रेषण / परमादेश, *योगेन्द्रप्रसाद पराजुली वि. निजामती किताबखाता, हरिहरभवनसमेत*

निवेदकले निजामती सेवा ऐनको दोस्रो संशोधनपूर्वको कानूनी व्यवस्थाअनुसार सेवा अवधि जोडाउन माग गरेको अवस्थामा निवेदकले सोही कानूनी व्यवस्थाको सुविधा पाउने हो। संशोधनपूर्वको निवेदनमा संशोधनपश्चात् संशोधित नियमको व्यवस्थाअनुसार कारबाही गरिएमा त्यस्तो कार्य पश्चात्दर्शी असर (Retrospective Effect) दिई निर्णय गरेको मानिन्छ । Retrospective Effect हुने गरी गरिएको निर्णय मान्य नहुने भन्ने सम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट ने.का.प.२०६१, अङ्क ६, निर्णय नं. ७३९२ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त प्रतिपादित सिद्धान्तअनुसार निवेदकलाई उपदानबापतको रकम जम्मा गर्न लगाई मागबमोजिम सेवा अवधि जोडाउनु कानूनसम्मत हुने।

निवेदकले पुनरावेदन अदालत, धनकुटामा मिति २०५५।१०।१५ मा दिएको निवेदन सो अदालतबाट मिति २०५५।१०।१९ मा निजामती किताबखानामा पठाएको भन्ने कुरा सो अदालतको लिखित जवाफबाट देखिएकोमा निवेदकले सेवा अवधि जोडाउन पुनरावेदन अदालत, धनकुटामा दिएको निवेदन सो अदालतका उपरजिष्ट्रारले प्रमाणित गरेको प्रतिलिपि निवेदनसाथ पेस गरेको देखिन्छ । सो निवेदनमा उपदान रकम दाखिला गराई मिति २०४३।१२।९ देखिको सेवा अवधि जोडाई पाउन माग गरेबाट पनि सो कुरा स्पष्ट हुन आएको देखियो । जबसम्म उक्त निवेदन अन्यथा हुँदैन, तबसम्म निवेदनको अस्तित्वलाई अस्वीकार गर्न आधार बन्न सक्दैन । त्यसैले आजभन्दा १८ वर्ष पहिले निवेदकले सेवा अवधि जोडाउन माग गरेको विषयमा ढिला गरी आएको भन्ने विपक्षी निजामती किताबखानाको जवाफ युक्तियुक्त देखिन नआउने।

कानूनबमोजिम निवेदकको निवेदन दर्ता गरी सेवा अवधि जोडाउने गरी निर्णय गर्नुपर्नेमा निवेदन

नै दरपीठ गर्दा निवेदकको संविधान प्रदत्त समानता, स्वतन्त्रता र निजामती सेवा नियमावली, २०५० द्वारा प्रदत्त कानूनी हकमा आघात पुग्ने हुँदा विपक्षी निजामती किताबखानाको मिति २०७१।११।२२ को दरपीठ आदेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) र नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर हुने।

मिति २०७१।११।१९ मा निवेदकले दिएको निवेदन दर्ता गरी निवेदकले पहिले भुक्तानी लिएको उपदान रकम रू.२३,७६९।६१ (तेइस हजार सातसय उनन्सत्तरी रूपैयाँ एकसट्ठी पैसा) निजबाट दाखिला गराई निवेदकको निवेदन मागबमोजिम सुरू नियुक्ति मिति २०४३।१२।९ देखि नै स्थाई नोकरी अवधि गणना हुने गरी हालको नोकरीमा जोडी दिनु भनी विपक्षी निजामती किताबखानाको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम्।

## इजलास नं. ३

**१**

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६८-CR-०९१२, ०६९-RC-०१०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गुड्डु दास तत्मा, नेपाल सरकार वि. कृष्णादेवी महतो*

वारदातको समयमा जाहेरीमा उल्लेख भएकोबाहेक अन्य स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट यी प्रतिवादीको मृतकलाई मार्नमा संलग्नता थियो भन्ने प्रमाणको अभावमा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालतको फैसला अन्यथा देखिएन । प्रतीवादी गुड्डुदास तत्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. र सोही महलको ४ नं. बमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । तसर्थ निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिएको सुरू रौतहट जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।७।२२ गतेको फैसला मिलेकै देखिने।

प्रतिवादी कृष्णादेवीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा समेत मृतकले आफूलाई जबरजस्ती करणी गरेकाले धारिलो खुकुरीले मृतकको टाउकोमा प्रहार गरी घाइते बनाई भुइँमा लडेपछि तत्काल प्रतिवादीमध्ये महेश महतोले बोकी ल्याएको खुकुरी र मेरो खुकुरीले हानि टाउकोसहित हात खुट्टा काटी मृतकलाई बोरामा राखी नजिकैको जनक महतोको भुस घरमा लगि लुकाई छिपाई राखेको हो र भोलिपल्ट चाँदी खोलामा लगेको हो भनी स्वाभाविकरूपमा बयान गरेको पाइन्छ । सोही चाँदी खोलामा लास बरामद हुनुले प्रतिवादीको बयान अन्यथा देखिन आएन । प्रतिवादी कृष्णादेवीले अनुसन्धान अधिकारीसमक्ष गरेको आफ्नो बयानलाई समर्थन हुने गरी अदालतमा बयान गरेकी र उक्त बयानलाई पुष्टि हुने गरी मौकामा कागज गर्ने मानिस जनक महतो, विगु राउत, जवाहर महतो कोइरीले अदालतमा बकपत्र गरेको पाइयो । उक्त तथ्यले मृतकलाई मार्नमा यी प्रतिवादीको भूमिका रहेको देखिन आउने।

वारदातको समयमा महेश महतोको संलग्नता कृष्णादेवीले मात्र देखेको नभई सो वारदात प्रत्यक्षरूपमा देख्ने मानिसहरू जनक महतो, राजकुमार एतवरिया, विगु राउतसमेतले पुष्टि गरेका छन्। वारदातको स्वरूप, लास भेटिएको अवस्थासमेतलाई मध्येनजर गरी हेर्दा एकजना मात्रले सो कार्य गऱ्यो होला भनी विश्वास गर्न सकिएन यसबाट वारदातमा यी महेश महतोको संलग्नता रही मृतकलाई मार्नमा भूमिका रहेको देखिन

आउने।

किटानी जाहेरी दरखास्तलाई समर्थन हुने गरी स्वयम् निज जाहेरवालाले मौकामा र अदालतमा समेत आई बकपत्र गरिदिएका र सो बकपत्रलाई मौकाको कागज गर्नेहरूले **इन्दुप्रसाद पटेललाई काटी हत्या गरेको हामीले प्रत्यक्षरूपले देखेका हौं** भन्नेसमेत व्यहोराको विगुराउत, जवाहर महतो कोइरी, रामलखन राउत, वनवरी दास तत्माको भनाइले पनि पुष्टि गरेको छ। मृतक इन्दुप्रसाद पटेललाई मुनिलाल महतो कोइरी र निजका श्रीमती कृष्णादेवीलगायत अन्य अपरिचित ४ जना व्यक्तिहरूले मुनिलाल महतोको घरमा धारिलो खुकुरीले काटी हत्या गरी लासलाई चाँदी खोलामा लगी फालेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको दिनकर दास तत्मा र जलेश्वर पासवानसमेतले गरिदिएको एकै मिलानको कागजबाट प्रतिवादी मुनीलालको बयान खन्डित हुने।

मृतक इन्दुप्रसाद पटेललाई मुनिलाल महतो कोइरी र निजकी श्रीमती कृष्णादेवीलगायत अन्य अपरिचित ४ जना व्यक्तिहरूले मुनिलाल महतोको घरमा धारिलो खुकुरीले काटी हत्या गरी लासलाई चाँदी खोलामा लगी फालेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको दिनकर दास तत्मा र जलेश्वर पासवानसमेतले गरिदिएको एकै मिलानको कागजबाट प्रतिवादी मुनिलालको बयान खण्डित हुन आएको छ। मृतकको मृत्यु धारिलो हतियारबाट भएको भनी जाहेरी पर्नु, मिति २०६५।५।३१ गते मुनीलाल महतो एतवरीयादेवीको घरबाट खुकुरी मागेर ल्याउनु र मिति २०६५।६।१ गते मुनिलालकै घरमा मृतक इन्दु पटेलको धारिलो हतियारबाट हत्या हुनु मिति २०६५।६।२ गते सो खुकुरी एतवरीयादेवीलाई फिर्ता दिइनुलगायतका परिस्थितिजन्य घटनाबाट समेत सो घटनामा यी प्रतिवादीको संलग्नता रहेको पुष्टि हुन आउने।

किटानी जाहेरी दर्खास्त, सो कागजलाई पुष्टि गर्ने प्रतिवादी कृष्णादेवीको बयान, मौकामा कागज गर्नेहरूको अदालतमा भएको बकपत्रसमेतबाट प्रतिवादीहरू कृष्णादेवी महतो, मुनीलाल महतो कोइरी र महेश महतोसमेतको संलग्नतामा मृतक इन्दुप्रसाद पटेललाई कर्तव्य गरी मार्ने काम गरेको पुष्टि हुन आयो। तसर्थ उल्लिखित तिनैजना प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने।

मृतकले प्रतिवादीमध्येकी कृष्णादेवीलाई जबरजस्ती करणी गर्ने गरेको र वारदातको राति पनि घरमा आएको बखत घटना घटेको भन्ने मिसिलबाट देखिएकाले घटनाको परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भएकाले तीनै जना प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने गरी व्यक्त गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।७।२२ गतेको राय मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टाराई

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०२६२ र ०७३-CR-००९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रिमबहादुर सिंहसमेत र नेपाल सरकार वि. छक्कबहादुर सिंहसमेत*

जाहेरवाला यस वारदातका चस्मदिद् गवाह रहेको देखिँदैन। घटनाका चस्मदिद् व्यक्तिहरू लिलाराम जैसी, अमरबहादुर रोकाय, हर्कबहादुर बस्नेत, महेन्द्रराज बस्नेत र हेमन्तबहादुर सिंहले अदालतमा बकपत्र गर्दा प्रतिवादी अमरबहादुर कामीलाई वारदातस्थलमा नदेखेको भनी बकपत्र गरिदिएको पाइन्छ। प्रतिवादीहरूका साक्षीले समेत अमरबहादुर कामीलाई आँखामा चोट भएको कारण घाइते भई पृथ्वीबहादुर बस्नेत मर्नुपूर्व नै वारदातस्थलबाट

निज गइसकेको भनी बकपत्र गरेको पाइयो । अतः प्रतिवादी अमरबहादुर कामी पृथ्वीबहादुर बस्नेतलाई मार्नमा सरिक रहेको वा वारदतस्थलमा रहेको कुरा पुष्टि हुन आएन । यस अवस्थामा निज प्रतिवादीलाई अभियोगबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको देखिन आउने ।

प्रतिवादीहरू रिमबहादुर सिंह, शिवबहादुर सिंह र नैन कामीले मृतकलाई मार्न हात हतियार, लाठा, ढुंगा प्रहार गरेको वा मर्नेको जीउमा हातहाली पक्री मार्ने कार्यमा संयोग पारिदिएको देखिन नआए पनि घटनास्थलमा मौजुद रहेको, मृतकलाई ढुंगा प्रहार नगरे पनि हो हल्ला गरी जथाभावी ढुंगामुढा गरी मृतकलाई मार्नमा अन्य प्रतिवादीलाई परोक्षरूपमा सहयोगीको रूपमा घटनास्थलमा मौजुद रहेको देखिन आयो । तसर्थ यी तिनै जना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ६ महिना कैद हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतले गरेको फैसला मिलेको देखिँदा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

चस्मदिद् व्यक्तिहरूको कथनबाट मृतकलाई अंयारको लाठीले प्रहार गरिएको भनेका र सो अंशियारको लाठी बरामद भई आएबाट उक्त भनाइ पुष्टि भएको, मृतकको शरीरमा २ चोट रहेका उक्त चोटहरू प्रतिवादीहरूको लाठी प्रहारबाट भएको र सोही चोटको कारणबाट मृतकको मृत्यु हुन पुगेको कुरा पोस्टमार्टम रिपोर्टबाट देखिन आयो । उक्त वारदात जिल्ला जाजरकोट, अर्छानी गा.वि.स. वडा नं.८ स्थित धारापानी भन्ने ठाउँमा लागेको मेलामा भएको भनी जाहेरी दिएको, प्रतिवादीहरूको बयान, बुझिएका व्यक्तिहरूको कागजसमेतबाट देखिन आउँछ । आफूले प्रहार गरेको अंयारको लाठीले मानिसको संवेदनशील अङ्ग टाउकोमा लागि मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समज भएको जो सुकैलाई पनि थाहा हुने कुरा हो यसमा पनि अंयारको लाठीले मृतकको टाउको जस्तो संवेदनशील अङ्ग एवम् गर्धनमा पटकपटक प्रहार भएको देखिन्छ । अतः मिति २०६९।८।१५ गते अर्छानी गा.वि.स.वडा नं.८ स्थित धारापानी भन्ने ठाउँमा लागेको मेलामा प्रतिवादी हरिबहादुर सिंह तथा प्रतिवादी छक्कबहादुर सिंहले अंयारको लाठीले मृतक पृथ्वीबहादुर बस्नेतलाई प्रहार गरी कर्तव्य गरी मारेको कुरा माथि विवेचित आधार प्रमाणबाट प्रमाणित हुन आएको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको नै देखिन आउने ।

प्रतिवादीहरूको मौकाको बयान व्यहोरासमेतबाट यी प्रतिवादीहरू मेला भर्न गएको अवस्थामा मृतकसँग भेट भएको र मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन । मृतकलाई मार्नुभन्दा अगाडि पूर्वतयारी र मार्ने मनसाय नराखी साधारण अंयारको लाठीले २ (दुई) चोटसम्म हानेको देखिन्छ । यस्तो अवस्थामा कसुरको मात्रा, प्रतिवादीहरूको उमेर, पारिवारिक एवम् सामाजिक अवस्थासमेतलाई हेर्दा यी प्रतिवादीहरू हरिबहादुर सिंह र छक्कबहादुर सिंहलाई ठहरेबमोजिमको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेको र ऐनको मकसदसमेत पूरा हुने देखिँदा प्रतिवादीहरू हरिबहादुर सिंह र छक्कबहादुर सिंहलाई अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी व्यक्त भएको पुनरावेदन अदालत, सुर्खेतको रायसमेत मिलेको देखिने ।

अतः उल्लिखित मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी अम्मरबहादुर कामीलाई अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादीहरू रिमबहादुर सिंह, शिवबहादुर सिंह र नैने चदरा भन्ने नैने कामीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ६ महिना कैद गर्ने र प्रतिवादीहरू

हरिबहादुर सिंह र छक्कबहादुर सिंहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू जाजरकोट जिल्ला अदालतले मिति २०७०।३।१० मा गरेको फैसलालाई सदर गरी प्रतिवादीहरू हरिबहादुर सिंह र छक्कबहादुर सिंहलाई प्रतिवादीहरूको उमेर र घटनासमेतलाई मध्येनजर गरी अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष जनही कैद गर्ने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।१।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०९६९, ०७१-CR-१४८८, ०७०-CR-०९३१, कर्तव्य ज्यान, *धनसिंह पुन वि. नेपाल सरकार, लिलाबहादुर कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. लिलाबहादुर कामीसमेत*

मिसिल संलग्न प्रमाण कागजातहरूबाट यी प्रतिवादीहरू र मृतकबीच पूर्वरिसइवी भएको, ज्यान मार्नुपर्ने कारण र योजना भएको भन्ने कहिंकतै देखिँदैन। मादल बजाउन नदिई मृतकले मादल खोसी फालेपछि सोही विषयमा झगडा भई तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी धनसिंह पुनले मृतकलाई लात मुक्का र दाउराले कुटपिट गरेको र प्रतिवादी लिलाबहादुर कामी उक्त झगडा छुट्ट्याउन जाँदा मृतकले निजलाई समेत हातपात गर्दा तत्काल उठेको रिस थाम्न नसकी लातमुक्का र दाउराले कुटपिट गर्दा ३ दिनपछि मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ। तसर्थ उल्लिखित वारदात मनसायप्रेरित हत्या नभई आवेशप्रेरित हत्या भएको पुष्टि हुन आयो। प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार र अभियोग दाबीबाट पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी धनसिंह पुन र लिलाबहादुर कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर्‍याई सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद गर्ने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।५।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ १० गते रोज ६ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-१६६३, कर्तव्य ज्यान, *रामप्रसाद प्रजा वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो दाजुले अह्राएको नमानेको झोँकमा दाजुलाई सामान्य कुटपिट गरेकोमा मृतकले हस्तक्षेप गरी आफूलाई लडाई दिएकोले रिस थाम्न नसकी उठी हात मुक्काले मृतकलाई हान्दा भुइँमा ढले। निजका छोरासमेत आई बोकी घरमा लगी गएका हुन्। पछि मृत्यु भएछ भनी कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका छन्। यी प्रतिवादीले अदालतसमक्षको बयानमा इन्कारी बयान गरे तापनि प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न

मिल्दैन। प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउनु सक्नुपर्छ। तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने।

फियो र मृगौलामा चोट लागि रामप्रसाद प्रजाको मृत्यु भएको र सो चोट प्रहारबाट (Physical assault) भएको हुन सक्ने भनी शव परीक्षण प्रतिवेदनबाट देखिन्छ। शव परीक्षण गर्ने विशेषज्ञले कुटपिटबाट मुक्काले हानेर फियो र मृगौलामा चोट लाग्न सक्छ भनी बकपत्र गरेको समेत देखिन्छ। घटना विवरणका मानिसहरू मृतकका छोरा राजु प्रजा र छोरी साबित्री प्रजाले आफ्नो बाबुलाई प्रतिवादीले हात मुक्काले पेटमा हानि भुइँमा लडेपछि लात्तीले अण्डकोषमा हानि बाबु बेहोस हुनुभयो हामीहरूले बोकेर घरमा ल्याएको आधा घण्टापछि मृत्यु भएको भनी घटनाको सिलसिलाबद्धरूपमा बकपत्र गरेका छन्। प्रत्यक्षदर्शीको रूपमा रहेका निजहरूको बकपत्रलाई अन्यथा हो भनी भन्नुपर्ने नदेखिने।

मृतकको चोटको प्रकृति हेर्दा लोटेर लाग्ने खालको नभई फियो र किड्नी दुवैमा चोट लागेको देखिन्छ। मृतकको शरीरको अन्य अङ्गमा कुनै चोट नलागेको तथ्य लासजाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनमा समेत शरीरका अन्य अङ्गमा चोटपटक नलागेको भन्ने देखिएकोले लोटेर लागेको हो भन्ने कुरा प्रत्यार लाग्दो छैन। लास जाँच प्रकृति मुचुल्का, प्रत्यक्षदर्शीको बकपत्र, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलगायतका माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादी रामप्रसाद प्रजा नै कसुरदार देखिन आउने।

प्रतिवादीले मृतक रामप्रसाद प्रजालाई मार्ने मनसाय पनि नभएको मार्नुपर्ने कारणसमेत नभएको अवस्थामा आफ्ना दाजुभाइबीचको सामान्य झगडामा मृतकले हस्तक्षेप गरेकोले तत्काल उठेको रिस थाम्न नसकी लातमुक्काले कुटपिट गर्दा मृत्यु भएको देखिँदा उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.अन्तर्गतकै देखिन आएकोले पुनरावेदक प्रतिवादीलाई १० (दश) वर्ष कैद हुने ठहऱ्याई मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।१२।७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०२७४, डाँका चोरी, *गौरसिंह बोहरा वि. नेपाल सरकार*

मुलुकी ऐन, चोरीको महलको १५ नं.मा "यसै महलको १२।१३।१४ नम्बरबमोजिम कसुरदारलाई सजाय गर्दा सरकारी कर्मचारी वा मालधनीले पक्राउ गरी वा पत्ता लगाई बरामद भएकोबाहेक मुद्दा फैसला नहुँदै सो कसुरदारले बिगो दाखिल गऱ्यो वाउपर गराईदियो भने सोबमोजिम दाखिल वाउपर भए जति बिगोको हकमा सो नम्बरहरूमा लेखिएबमोजिम जरिवाना नगरी सो बिगोको दशौद मात्र जरिवाना

गर्नुपर्छ ।" भन्ने व्यवस्था भइरहेकोमा जाहेरवालाले डाँकाचोरी भएको रकम बुझिलिएको कुरा निजको उपर्युक्तानुसार भएको बकपत्रबाट स्पष्ट भएकोले दार्चुला जिल्ला अदालतबाट मिति २०६९।२।२२ फैसला नहुँदै जाहेरवालाले चोरी भएको रकम प्राप्त गरिसकेको देखिँदा बिगोको डेढी जरिवाना गर्ने गरी भएको दार्चुला जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको फैसला केही उल्टी भई बिगो रू.६,३४,०००।– (छ लाख चौंतीस हजार रूपैयाँ) को दशौद अर्थात् रू.६३,४००।– (त्रिसट्ठी हजार चार सय रूपैयाँ) मात्र जरिवाना हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CI-१२४०, अंश नामसारी मानाचामल, *अमित गुरूङ वि. मनिषा (तुलाचन) गुरूङ*

मुलुकी ऐन, अंशबन्डाको १० नं. मा "...लोग्ने वा बाबुआमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकताअनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । सो नगरे अंश दिनुपर्छ ।" भन्ने कानूनी व्यवस्था देखिन्छ । त्यसैगरी सोही महलको १८ नं. मा "कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँदछ बन्डा गर्न कर लाग्दैन" भन्ने कानूनी व्यवस्था देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाले बाबुआमा वा लोग्ने छोराछोरी वा श्रीमतीलाई इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने र सो नदिए अंश दिनुपर्ने कानूनी दायित्व भएका नाताका व्यक्तिको रूपमा रहेको देखिन्छ । यसरी स्वयम् अंश दिनुपर्ने कानूनी दायित्व भएका व्यक्तिले अरू अंशियारहरूलाई अंश दिनुपर्ने हुन आएको अवस्थामा मैले सो सम्पत्ति बकस पाएको हो म कसैलाई अंश दिन्न भन्न पाउने देखिँदैन । बाबु, आमा वा पतिले जुनसुकै तरहबाट कमाएको सम्पत्ति छोराछोरी वा श्रीमतीको हकमा पैत्रिक सम्पत्ति मानी बन्डायोग्य हुने ।

वादीबाट जन्मेको सन्तान प्रतिवादी अमित गुरूङको सहवासबाट जन्मेको देखिन आएकोले वादीले प्रतिवादी शोभा गुरूङ र अमित गुरूङबाट मानाचामल भराई पाउने र बन्डापत्रले कानूनी मान्यता पाउन नसक्ने र वादीले प्रतिवादी शोभा गुरूङको नाउँको सम्पत्तिबाट अंश पाउने ठहऱ्याई भएको रूपन्देही जिल्ला अदालतको मिति २०६९।१।१८ को फैसलालाई केही उल्टी गरी मिति २०६७।३।३ को बन्डापत्रको हकमा लगाउको बन्डापत्र लिखत दर्ता बदर मुद्दामा ठहरेबमोजिम हुने, तायदाती फाँटवारीमा उल्लिखित ऋणका हकमा साहुको नालिस परेका बखत कानूनबमोजिम ठहरे अनुसार हुने र वादीले प्रस्तुत मुद्दाको फिराद परेको मितिबाट अंश भाग नछुट्याएम्म मासिक रू.५,०००।- का दरले प्रतिवादी अमित गुरूङबाट मानाचामलबापत भराई पाउने तथा अरूमा सुरू अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७१-CI-१२४१, बन्डापत्र लिखत दर्ता बदर, *अमित गुरूङ वि. मनिषा (तुलाचन) गुरूङ*

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०१८३, ०७१-CR-०३८० कर्तव्य ज्यान र शरीर बन्धक, कुलबहादुर चेपाङ *वि. नेपाल सरकार, नेपाल सरकार वि. तोकबहादुर चेपाङसमेत*

आफ्नो नियन्त्रणमा रहेका मृतक गुराउ चेपाङ नियन्त्रणबाट छुटी भागी गएको अवस्थामा पक्राउ गर्न जाने क्रममा यी प्रतिवादीले ढुङ्गाले टाउको जस्तो संवेदनशील भागमा प्रहार गरेको देखिन्छ । यसरी ढुङ्गाले प्रहार गर्दा मानिस मर्न सक्दछ भन्ने कुरा सामान्य समझ भएको व्यक्तिले स्वाभाविकरूपमा जान्ने र बुझ्ने कुरा हो। त्यसरी ढुङ्गाले हानेपछि गुराउ चेपाङ घाइते भएकोमा उपचार नगराई झुण्डाइदिएको देखिएबाट प्रतिवादीको ज्यान मार्ने मनसाय थियो भनी स्वाभाविकरूपमा अनुमान गर्नुपर्ने हुन्छ । तसर्थ प्रतिवादी कुलबहादुर चेपाङबाट घटित भएको प्रस्तुत वारदातलाई उल्लिखित ज्यानसम्बन्धीको ५ नं. ले गरेको परिभाषाले समेट्न नसक्ने देखिँदा निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । निज प्रतिवादीको ढुङ्गाले हानेको चोटको कारणबाट मृतकको मृत्यु भएकोले निजको सो कसुर ज्यानसम्बन्धीको १३ नं. को देहाय दफा ३ अनुसारको देखिएकोले निजलाई सोही नं. बमोजिमको कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

प्रतिवादीहरू ऋण तिर्ने विषयमा भएको छलफलमा सहभागी भएकोसम्म देखिन्छ । सो छलफलबाट मृतक पिसाब गर्ने बहानामा भागी गएपश्चात् प्रतिवादीद्वय कुलबहादुर चेपाङ र तोकबहादुर चेपाङ मात्र पिछा गरी गएको देखिन्छ । सो क्रममा बीच बाटोमा प्रतिवादी कुलबहादुर चेपाङले प्रहार गरेको ढुङ्गाको चोटबाट मृतकको मृत्यु भएको देखिएको छ। सो वारदात हुँदा यी प्रतिवादीहरूसँगै साथमा रहे र घटनाबारे थाहा जानकारी पाएको भन्ने कहिँकतैबाट देखिँदैन । जाहेरवालाको बकपत्र हेर्दा मेरो बुबालाई हत्या गर्ने कार्यमा सास लिने काम तोकबहादुर र कुलबहादुरले गरेका हुन् भन्ने उल्लेख भएकोले निजको जाहेरी दर्खास्त र बकपत्र परस्परमा बाझिएको देखिएको र घटनालाई दवाउने गुपचुप राख्ने कार्यमा सहयोगी भएको समेत नदेखिएको यस अवस्थामा निज प्रतिवादीहरू हेमलाल प्रजा चेपाङ, मस्तिलाल प्रजा, सुदामसिंह प्रजा, दिप्तीलाल प्रजा, सुजिलाल प्रजा चेपाङ, भद्रबहादुर चेपाङ, हरिलाल चेपाङ, गुमान सिंह प्रजा चेपाङ, राजकुमार प्रजा, दिपलाल प्रजा, बुद्धीलाल प्रजा र रविलाल प्रजालाई आरोपित कसुरबाट सफाइ दिएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

लेनदेन विषयको छलफलबाट पिसाब फेर्ने निहुँमा भागी गएका मृतकलाई समाउन लखेट्दै जाने क्रममा यी प्रतिवादीले तर्साउनको लागि ढुङ्गा प्रहार गरेको भन्ने निजको साबिती बयानबाट देखिन्छ। निजले कुनै जोखिमी हतियारको प्रयोग गरी योजनाबद्ध ढङ्गले प्रस्तुत वारदात घटाएको भन्ने पनि देखिँदैन। यी प्रतिवादीले घटनाको व्यहोरा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत यथार्थरूपमा बताई न्यायिक प्रक्रियालाई समेत सहयोग पुऱ्याएको देखिन्छ । वारदात हुँदाको अवस्था निज प्रतिवादीको उमेर २९ वर्षको भन्ने देखिन्छ । निजले यसपूर्व कुनै आपराधिक कार्य गरेको भन्ने देखिन आएको पनि छैन। त्यसकारण उल्लिखित अवस्था परिस्थितिलाई मध्येनजर गरी हेर्दा पुनरावेदक प्रतिवादीले गरेको कसुरको मात्रा र निजलाई दिइने सजायको बीचमा सन्तुलन कायम गर्दा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्न पर्याप्त हुने भनी पुनरावेदन अदालतबाट व्यक्त राय कानून र न्यायसम्मत देखिन आउने।

प्रतिवादी कुलबहादुर चेपाङले छोडेको

चोटबाट मृतकको मृत्यु भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ नं. को देहाय दफा ३ बमोजिमको कसुर ठहर गरी निजलाई मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १० वर्ष सजाय हुन व्यक्त गरेको राय, प्रतिवादीमध्येका तोकबहादुर चेपाङको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(२) को अवस्था देखिँदा सोही ऐनअनुसार ५ वर्ष कैद हुने र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।२७ को रायसहितको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादीमध्येका कुलबहादुर चेपाङको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०६५७, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद पौडेलसमेत वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग कीर्तिपुरसमेत*

सिफारिससम्बन्धी प्रक्रिया २०६४ को अनुसूची ३ को ३.२.४ (ग) को विपरीत स्नातकोत्तर पूरा गरी नसकेको मितिदेखि नानीराम रिसाललाई शिक्षण अनुभवबापत प्रदान गरिएको अङ्क कानूनविपरीत प्रदान गरेको देखियो । साथै निजको स्नातकोत्तर तहको उपाधिको थेसिसको भाइभा कुन मितिमा भएको हो भन्ने खुलाइएको समेत देखिँदैन । उजुरीकर्ताको स्नातकोत्तर तहको अध्ययन पूरा गरेको मितिभन्दा पछि (२०५१।९।८) रहेको आधारमा त्रि.वि.वि. सेवा आयोगले भाइभा मितिदेखिको अवधिको मात्र शिक्षण सेवा अनुभवबापतको अङ्क प्रदान गरेको देखिन आउने ।

सेवा आयोगले कुन मितिदेखिको अङ्क दिएको हो भन्नेबारेमा निर्णयमा उल्लेख नगरी सेवा आयोगको निर्णयलाई फेरबदल गरेको देखियो । पुनरावेदन आयोगको निर्णयको व्यहोराबाटै निज नानीराम रिसालले स्नातकोत्तर तहको अध्ययन पूरा गरेको मिति र भाइभा दिएको मिति एउटै नभई अध्ययन पूरा गरेको ३ वर्ष अवधिपछि मात्र थेसिसको भाइभा दिएको देखिन्छ । उक्त मितिभन्दा अगावै निजले सो उपाधि प्राप्त गरेको भनी सोभन्दा अगाडिको मितिदेखिको शिक्षण अनुभवबापतको अङ्क कानूनतः दिन नमिल्ने उक्त सिफारिससम्बन्धी प्रक्रियामा स्पष्ट छ । तसर्थ नानीरामले २०५१।०९।०८ मा मात्र स्नातकोत्तर तह पूरा गरेकोमा २०४८।१२।०६ देखिको शैक्षिक अनुभवबापतको अङ्क प्रदान गरेको त्रिभुवन विश्वविद्यालय, शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवम् सिफारिससम्बन्धी प्रक्रिया, २०६४ को अनुसूची ३ को ३.२.४(ग) को व्यवस्था विपरीत भएकोले निजको हकमा मिति २०७०।११।९ गते त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, कीर्तिपुरबाट भएको निर्णय मिलेको नदेखिने ।

दरखास्त बुझाउने अन्तिम मितिभित्र पेस भएको विवरणलाई मात्र आधार मान्नुपर्नेमा दरखास्त बुझाउने अन्तिम मितिभन्दा पछि पेस गरेको विवरणलाई आधार मानी निर्णय गरेको देखियो । निजहरूको हकमा कानूनी व्यवस्था हेर्दा उक्त सिफारिससम्बन्धी प्रक्रिया २०६४ को अनुसूची ३ को ३.२.५(क) को कानूनी व्यवस्था हेर्दा आवेदन फाराम बुझाउने समयसम्म अध्ययन पूरा नभए पनि अन्तर्वार्ताको दिनभन्दा अगाडिसम्म पूरा गरी उपाधि प्राप्त गरेको वा परीक्षा उत्तीर्ण गरेको प्रमाण पेस गरेमा यो बन्देज (अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभवबापतको अङ्क दिन लगाइएको बन्देज) हटाइनेछ, तर आवेदन फाराम बुझाउने समयसम्म पूरा नभएको शैक्षिक उपाधिको अङ्क भने दिइने छैन भन्ने स्पष्ट कानूनी

व्यवस्था रहेको पाइँदा यी विपक्षीहरूले आवेदन फाराम बुझाउने अन्तिम म्याद मिति २०६९।७।२४ सम्म सोधपत्र मूल्याङ्कनको लागि पेस गरेको नपाइँदा सोबापतको अङ्क प्रदान गर्न मिल्ने नदेखिने।

दरखास्त बुझाउने अन्तिम मितिभित्र विपक्षीहरूले आ-आफ्नो विद्यावारिधिको शोधपत्र डिन कार्यालयमा नबुझाएको भन्ने स्पष्ट देखिएको, दरखास्त फारम बुझाउँदा धनेन्द्रवीर शाक्यले शोधपत्र बुझाउनको लागि अन्तिम अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यसैगरी लक्ष्मण सिंह कुँवरले पी.एच.डी. अध्ययन बिदामा अध्ययनरत अवस्थामा सो शोधपत्र सम्बन्धित विषयका विशेषज्ञ शिक्षकहरूबाट मूल्याङ्कन हुँदा स्वीकार्य भएपछि मात्र अध्ययन पूरा हुने हो। त्यसमा पनि मिति २०६९।५।३१ मा भएको प्रक्रियाको संशोधनबमोजिम मूल्याङ्कनको चरणमा भए पनि विद्यावारिधिको हकमा अध्ययन पूरा गरेको मानिने व्यवस्थालाई आधार लिँदासमेत दरखास्त दिने अन्तिम मितिमा मूल्याङ्कनको चरणमा हुनुपर्नेमा सो मितिमा दर्ता नै नगरिएको शोधपत्र मूल्याङ्कनको चरणमा हुने प्रश्नै उठ्न नसक्ने भएबाट त्यस्ता अवस्थाको शोधपत्रलाई अध्ययन पूरा गरिएको भन्न नमिल्नेमा त्यसबापत अङ्क दिनु मनासिब देखिएन। निवेदकहरूले पाएको अङ्कको बारेमा पनि विवाद नउठाएको अवस्थामा निवेदकले प्राप्त गरेको अङ्कभन्दा बढी अङ्क विपक्षीहरूले पाउनसक्ने तथ्य प्रस्तुत नै नगरी सेवा आयोगको सिफारिस सूचीलाई फेरबदल गरी दर्ता नै नभएको उजुरीको विषयमा प्रवेश गरी गरेको निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने हुँदा यी विपक्षीहरू धनेन्द्रवीर शाक्य र लक्ष्मण सिंह कुँवरलाई समेत अध्ययन बिदाको अवधिबापतको शिक्षण सेवा अनुभवबापतको अङ्क प्रदान गरेको त्रि.वि.वि पुनरावेदन आयोगबाट मिति २०७०।११।९ मा भएको निर्णय कानूनविपरीत नै देखिने।

त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, कीर्तिपुरको मिति २०७०।११।०९ को निर्णय त्रिभुवन विश्वविद्यालय, शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवम् सिफारिससम्बन्धी प्रक्रिया २०६४ अनुरूप गरिएको नदेखिनुका साथै पुनरावेदकहरूले शिक्षण सेवा अनुभवबापत के कति अङ्क प्राप्त गरे सो कुरा निर्णयमा खुलेको नदेखिएको समेतका आधारबाट मिति २०७०।११।०९ को निर्णय अस्पष्ट र हचुवासमेत भएबाट धनेन्द्रवीर शाक्य, लक्ष्मण सिंह कुँवर र नानीराम रिसालको नाम समावेश गरी निवेदकहरूलाई बाहेक गरी भएको उक्त मिति २०७०।११।०९ को सिफारिस उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। साथै अब उप्रान्त उजुरी सम्बन्धमा प्रचलित नियम कानूनअनुरूप पुनः निर्णय गर्नु भनी त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग कीर्तिपुरको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-१०४७, उत्प्रेषण, *अन्जना श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण, के.का. रत्नपार्क काठमाडौंसमेत*

नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण विनियमावली, २०५५ (संशोधनसहित) हाल विनियमावली, २०६६ को कानूनी व्यवस्थासमेतलाई मध्येनजर गरी हेर्दा यी निवेदकलाई नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा, कावासोती वितरण केन्द्र, नवलपरासीले मिति २०७०।०४।३१ मा च.नं. ३५३ बाट पत्र लेखी उक्त २०७०।४।३१ को पत्रबाट "उपर्युक्त सम्बन्धमा त्यहाँको प.स. २०७०/०७१ च.नं. ३५० मिति २०७०।४।२९ को पत्रसाथ गैंडाकोट-५ बस्ने कमलकुमार श्रेष्ठले दिएको विद्युत् लाईन जडान गर्न सहयोग गरिदिने भन्ने बारेको

निवेदन प्राप्त व्यहोरा अवगत भयो। सो सम्बन्धमा यस कार्यालयअन्तर्गत गैंडाकोट शाखामा बुझ्दा कमलकुमार श्रेष्ठ र श्रीमती अन्जना श्रेष्ठले बनाएको घरजग्गामा लुम्बिनी प्लाष्टिक उद्योगको बाँकी बक्यौता भई सोको विद्युत् लाईन काटी २०६४ सालमा कालोपाटीमा रहेकाले ने.वि.प्रा. को नियमानुसार कालोसूचीवाला जग्गामा बनेको घर वा जग्गामा बनेको घर वा जग्गाको रकम भुक्तानी नभएसम्म मिटर राख्न नमिल्ने।

लुम्बिनी प्लाष्टिक उद्योगका प्रो. श्री शिवकुमार मुल्मी बक्यौता रकम रू.१६,५८,४८४।२० असुलउपर गर्नको लागि २०६४ सालदेखि नै कारबाही अगाडि बढाइएको र अदालती कारबाही हुन मिति २०७०।२।७ र मिति २०७०।४।२९ मा आवश्यक कागजातसहित फाइल पुनः कानून विभागमा पठाई पैसा उठाउने कारबाही प्रारम्भ गरिसकेको कुरा मिसिल संलग्न विपक्षी नेपाल विद्युत् प्राधिकरणको लिखित जवाफबाट देखिन्छ। जसले जुन प्रयोजनका लागि विद्युत् प्रयोग गरेको हो उसैबाट विद्युत् महसुल असुलउपर गर्नु विपक्षी निकायको आफ्नो दायित्व रहेको विषयलाई पन्छाएर निजहरूलाई उन्मुक्ति दिई पछि जग्गा खरिद गर्ने यी निवेदकलाई दायित्व थोपर्ने कार्य नियमतः मिल्ने देखिँदैन। विपक्षी विद्युत् प्राधिकरणले आफ्नो लेनासरह असुल गर्नसक्ने व्यवस्था उक्त ऐनमा गरेको हुँदा सोबमोजिम गर्ने दायित्व विपक्षीको हो। पूर्वविद्युत् प्रयोगकर्ता ग्राहकबाट भुक्तानी हुनपर्ने रकम सम्बन्धमा कारबाही प्रारम्भ भइसकेपछि पुन: यी निवेदकलाई भुक्तानी गर्नु भनी गरेको पत्राचार न्यायोचित नदेखिने।

अरूको बाँकी  बक्यौताको कारणले ईश्वरी कोइरालाबाट जग्गा खरिद गरी कि.न.१७४९ को घर जग्गामा घर बनाउने यी निवेदिकाको हकमा प्रतिकूल प्रभाव परेबाट सम्बन्धित व्याक्तिबाट बक्यौता रकम असुल गर्न प्रक्रिया चली नै रहेको देखिँदा यी निवेदिकाको नाममा निर्माण भएको घरमा विद्युत् लाइन जडान गर्न नमिल्ने गरी मिति २०७०।४।३१ मा भएको पत्राचार उत्प्रेषणको आदेशले बदर हुने र निवेदिकाको घरमा अविलम्ब विद्युत् लाईन जडान गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको समेत जारी हुने

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-CI-०६८३, बिना नक्सा पसल कवल निर्माण, *सत्यभामा नेपाली वि. ललितपुर उपमहानगरपालिका कार्यालय, ललितपुर*

बिना नक्सा पास पसल कवल बनाएको तथ्यमा विवाद छैन। प्रतिवादीले पश्चिमतर्फ बाटोबाट ५ फिट र उत्तरतर्फ सरदर ३ फिट ६ इन्च छोडेको, उत्तर-पश्चिम कुनामा ७ फिट मात्र छोडेर १८ फिट लम्बाई र ११ फिट चौडाईको ढलान गरी घर निर्माण गरेको; सो निर्मित घर पश्चिमतर्फबाट ३ मिटर R.O.W. र १ मिटर Set back मा पर्ने र उत्तरतर्फबाट पनि Set back मा पर्ने; प्रतिवादीले फिल्डमा गरेको अरू निर्माणको मिति २०४०।१२।१६ मा नक्सापास भएको; पेस नक्सामा Site plan मा र Elevation मा पूरा सहिछाप देखिँदैन भन्ने व्यहोराको प्राविधिकले मिति २०६३।९।१२ मा दिएको प्रतिवेदन मिसिल संलग्न रहेको पाइन्छ । आधुनिकताका परिचायक नगर, शहरहरू व्यवस्थित, आकर्षक, सफा, हराभरा र वातावरणमैत्री तब सम्भव छ जब योजना, कानून र प्रणाली मुताबिकका मापदण्डहरू अक्षरश पालना हुन्छन् । नगरमा यस्ता मापदण्डयुक्त भवनबाट मात्रै कहिलेकाहीँ घट्ने प्राकृतिक विपत जस्तै भूकम्प, बाढी, पहिरोजस्ता विपतमा जन धनको कम क्षति हुन मद्दत र जीवन रक्षाका लागि आवश्यक साधनहरू प्रयोग गर्न सुविधा पुग्छ। तसर्थ यस्ता कार्यलाई राज्यले जिम्मेवार तरिकाले कानूनको कठोरतापूर्वक परिपालना गर्नु

गराउनु पर्ने ।

एउटा आधिकारिक निकायले कानूनी प्रक्रिया पूरा गरी, सम्बद्ध प्रमाण बुझी निष्कर्षमा पुगेर गरिएको निर्णयलाई अन्यथा भन्नसक्ने अवस्था देखिँदैन । तसर्थ स्वीकृतिबिना मापदण्डविपरीत निर्माण भएको १८ फिट लम्बाई र ११ फिट चौडाईको एक तले घर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) बमोजिम भत्काई दिने ठहऱ्याएको ललितपुर उपमहानगरपालिकाको मिति २०६३।९।१२ मा भएको सुरू निर्णय सदर हुने भनी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।८।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १७ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-WO-०८२५, उत्प्रेषण, *संगम के.सी. वि. सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल प्रधान कार्यालय स्वयम्भु, हलचोकसमेत*

जुन कसुरमा सजाय दिनुपर्ने हो, सोही कसुर सम्बन्धमा सजाय प्रस्ताव गरी सम्बन्धित कर्मचारीलाई सफाइ पेस गर्ने मौका प्रदान गर्नुपर्ने देखिन्छ । कर्मचारीउपर विभागीय सजाय गर्ने सम्बन्धमा यसरी सुनुवाइको मौका प्रदान गर्ने कुरालाई सामान्य मान्यताको रूपमा आम तवरबाट व्यवहारिक प्रयोगमा ल्याइएको पाइन्छ । यो एक स्थापित न्यायिक मान्यता र प्रचलन पनि हो । रिट निवेदकसँगम के.सी.लाई सोधिएको स्पष्टीकरणमा सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को देहाय (ग) (ङ) र (ज) भन्नेसम्म उल्लेख भएको पाइयो । तर सजाय गर्दा भने उक्त नियम ८७(१) को देहाय खण्ड (घ)विपरीत मादक पदार्थ सेवन गरी सवारी चलाएको व्यहोरासमेत उल्लेख गरी अवकाश दिने निर्णय गरेको देखियो । सफाइ पेस गर्न मौका प्रदान गर्दा उक्त खण्ड (घ) बमोजिम कसुर प्रस्ताव नै नगरी एकैपटक निर्णय गर्दाको अवस्थामा मात्र उक्त खण्ड (घ) बमोजिम भनी सजाय गर्नु त्रुटिपूर्ण देखिन्छ । यसबाट निवेदकलाई सुनुवाइको उचित र पर्याप्त अवसर प्रदान गरिएको रहेनछ भनी मान्नुपर्ने अवस्था देखिन आयो । रिट निवेदकउपर चलेको सवारी ज्यान मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम २ महिना कैद र रू. २०००।– जरिवाना हुने ठहरी फैसला भएको र सो फैसला पुनरावेदन अदालत, पाटनबाट पनि सदर भएको देखिन्छ । यो एक प्रकारको भवितव्यको अवस्था हो । उक्त सवारी ज्यान मुद्दाको समग्र मिसिलबाट निजले मादक पदार्थ सेवन गरेको तथ्य प्रमाणित हुन आएको पाइएन । यस अवस्थामा निजलाई मादक पदार्थ सेवन गरेको भन्ने आधारमा नोकरीबाट हटाउने गरी भएको निर्णय न्यायसङ्गत नदेखिने ।

कानूनले जसलाई निर्णय गर्ने अधिकार प्रदान गरेको छ, सो कुरामा निजले नै निर्णय गर्नु पर्दछ । आफ्नो अधिकारक्षेत्र भन्दा बाहिरको विषयमा निर्णय गरियो भने त्यस्तो निर्णय दूषित, गैरकानूनी र बदरयोग्य बन्दछन् । यस सन्दर्भमा विचार गर्दा रिट निवेदकसँगम के.सी. क्षेत्रीय सशस्त्र प्रहरी बल, रूद्रवाहिनी पथलैयाअन्तर्गत दरबन्दीका प्रहरी कर्मचारी भएको तथ्यमा कुनै विवाद छैन । सशस्त्र प्रहरी नियमावली, २०६० को अनुसूची ६ मा प्र.स.नि. दर्जाका प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्ने अधिकार "सम्बन्धित सशस्त्र प्रहरी नायब महानिरीक्षकलाई" हुने गरी तोकिएको पाईयो । तर रिट निवेदकलाई सशस्त्र प्रहरी प्रधान कार्यालय, कानून एवम् अनुगमन शाखा हेर्ने नायब महानिरीक्षकबाट पदबाट बर्खास्त गर्ने गरी निर्णय गरेको देखिन्छ । दर्जा वा पदको नाम मिल्यो भन्दैमा जोसुकैउपर जुनसुकै पदाधिकारीले सजाय निर्धारण गर्न पाउने हुँदैन । कानूनबमोजिम नियन्त्रण,

सुपरीवेक्षण गर्न तोकिएको सम्बन्धित पदाधिकारीले नै आफ्नो मातहतका कर्मचारीउपर कारबाही र सजाय गर्ने अख्तियारी प्रयोग गर्न पाउने हुन्छ । तर रिट निवेदकका सन्दर्भमा हेर्दा "सम्बन्धित" सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट निर्णय गरिएको नभई अन्य अधिकारीबाट निर्णय भएको देखिन आयो । यसलाई कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीबाट निर्णय भएको भनी मान्न नमिल्ने ।

माथि विवेचित आधार, कारणबाट रिट निवेदकलाई सेवाबाट हटाउने गरी भएको सशस्त्र प्रहरी नायब महानिरीक्षकको मिति २०६७।५।११ को निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि देखिएको र रिट निवेदकलाई सजाय ठहर गरिएको सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) (घ) को कसुर सम्बन्धमा सफाइ पेस गर्ने मौकासमेत प्रदान गरिएको नदेखिएको हुँदा उक्त मिति २०६७।५।११ को निर्णय र सोलाई सदर गरेको सशस्त्र प्रहरी महानिरीक्षकको मिति २०६७।१०।३ को पुनरावेदन निर्णय कानून एवम् न्यायिक सिद्धान्तप्रतिकूल भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब रिट निवेदकसँगम के.सी.लाई पूर्ववत् सेवामा बहाल गरी नोकरीबाट हटाएको मितिदेखिको निजले कानूनबमोजिम पाउने तलब भत्ता प्रदान गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०८६३, उत्प्रेषण, *सत्यन्द्रप्रसाद यादव वि. ललितुपर जिल्ला अदालतसमेत*

अदालतको आदेशमा चित्त नबुझे पुनरावेदन सुन्ने अदालतमा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन दिई उपचार प्राप्त गर्नसक्ने प्रभावकारी र वैकल्पिक उपचारको मार्गको विद्यमानता रहेको देखिन्छ ।

यसका अतिरिक्त यीनै निवेदकले विपक्षीमध्येका पुजा राणासमेतलाई विपक्षी बनाई प्रस्तुत मुद्दामा जिकिर लिएको लेनदेन सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा किर्ते जालसाज मुद्दा दायर गरेको भन्ने कुरा निवेदन व्यहोराबाट देखिन्छ । यसरी निवेदकले साधारण अधिकारक्षेत्रको मार्ग अवलम्बन गरी मुद्दा गरिसकेको देखिएको र सो उपाय प्रभावकारी भएको परिप्रेक्ष्यमा निवेदक रिट क्षेत्राधिकारसमेतको मार्गबाट प्रस्तुत निवेदन लिई प्रवेश गर्न मिल्ने नदेखिने ।

वादी पुजा राणा प्रतिवादी यी निवेदक सत्येन्द्रप्रसाद यादव भएको लेनदेन मुद्दामा ललितपुर जिल्ला अदालतबाट जारी भएको म्याद बेपत्ते तामेल भएपछि उल्लिखित लेनदेन मुद्दाका वादीले यी निवेदक कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको भनी खुलाई दिएको हुँदा निजको नाउँमा ललितपुर जिल्ला अदालतबाट मिति २०७०।१।२० मा इतलायनामा म्याद जारी गरी सो अदालतले पत्रमार्फत उक्त कारागारमा निवेदकको नाउँको म्याद पठाई कारागार कार्यालयले तामेली मिति २०६३।१।२३ राखि प्रतिवादीलाई बुझाई लिखत सही गराई कारागार कार्यालयसमेतले सहिछाप गरी भरपाई र तामेली म्याद ललितपुर जिल्ला अदालतमा पठाएको भन्ने ललितपुर जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ । तत्कालीन अवस्थामा निवेदक उल्लिखित कारागार कार्यालयमा थुनामा रहेको तथ्यमा विवाद देखिन्न । यी निवेदकलाई उल्लिखित लेनदेन मुद्दामा जारी भएको म्याद कारागार कार्यालयले थुनामा रहेका निज निवेदकलाई बुझाई सही गराई कारागार कार्यालयले समेत सहिछाप गरी प्रमाणित गरी दिई म्याद तामेल भएको देखिन्छ । यसरी निवेदकको

नाममा जारी भएको म्याद निजलाई बुझाई रीतपूर्वक तामेल भएको देखिँदा निवेदन जिकिरअनुसार बदर गरी रहनपर्ने नदेखिने।

यसरी निवेदन दाबीको विषय साधारण अधिकार क्षेत्रबाट उपचार प्राप्त गर्न सक्ने प्रकृतिको देखिएको साथै निजको नाउँको इतलायनामा बेरीतपूर्वक तामेल भएको अवस्थासमेत नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १० गते रोज ६ शुभम्।

**इजलास नं. ६**

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-WO-०५९१, उत्प्रेषण, *राजिव विक्रम शाह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त मिति २०६९।८।१२ को निर्णयले विवादको जग्गाको स्वामित्वको सम्बन्धमा निर्णय गरेको देखिन नआई शान्तिसुरक्षा कायम गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौं र महानगरीय प्रहरी परिसर, हनुमानढोकालाई लेखी पठाउने भनी निर्णय भएको देखियो। तसर्थ यी निवेदकले समेत सार्वजनिक कायम हुनुपर्दछ भनी जिकिर लिएको काठमाडौं महानगरपालिका वडा नं.११ को उक्त कि.नं. २०५० जग्गा मिति २०६९।९।५ नेपाल सरकारका नाममा बाटो कायम गर्ने गरी सोहीबमोजिम जग्गाधनी प्रमाण पुर्जासमेत तयार भई सार्वजनिक बाटो कायम भइसकेको देखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

- यसै लगाउको ०६९-WO-१२६८, उत्प्रेषण, *राजिव विक्रम शाह वि. काठमाडौं महानगरपालिका कार्यालय बागदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-WO-११६८, उत्प्रेषण, *यादव महत वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयबाट प्रहरी नायब उपरीक्षक राधिका खड्काको अध्यक्षतामा मिति २०६६।८।१५ गते गठन भएको छानबिन समितिले यी रिट निवेदकसँग बयान लिनेलगायतको छानबिनको सम्पूर्ण कार्य सम्पन्न गरी मिति २०६६।९।३ मा पेस गरेको प्रतिवेदनको आधारमा प्रहरी नायब महानिरीक्षकबाट मिति २०६६।९।१९मा निवेदकलाई हुनसक्ने सजायसमेत खुलाई सफाइ पेस गर्ने मौकासमेत प्रदान गरी निवेदकसँग स्पष्टीकरण माग गरिएको र निवेदकले आफ्नो व्यहोराको सम्बन्धमा मिति २०६६।९।२१ मा स्पष्टीकरण पेस गरेको समेत देखियो। निवेदकबाट माग भएको स्पष्टीकरणलगायतका पत्र एवम् निवेदकले पेस गरेको उक्त स्पष्टीकरण र प्रहरी महानिरीक्षकसमक्ष निवेदकले गरेको पुनरावेदनसमेतमा निवेदकको दरबन्दी इलाका प्रहरी कार्यालय, फुलगाभा धनुषा भई प्रहरी प्रधान कार्यालय सुरक्षा महाशाखामा काजमा रहेको भन्ने नै देखिएकोले निज कार्यरत रहेकै क्षेत्रअन्तर्गतका प्रहरी नायब महानिरीक्षकबाट भएको निर्णय अधिकारप्राप्त अधिकारीबाट नभएको भन्ने नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट

निवेदक यादव महतलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ङ) र (ज) को कसुर गरेको भनी सोही नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी मिति २०६६।१०।०३ गते नोकरीबाट हटाउने गरी प्रहरी नायब महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको प्रहरी महानिरीक्षकबाट मिति २०६७।१२।२७ मा भएको पुनरावेदकीय निर्णयसमेत कानूनसम्मत रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०४२३, कर्तव्य ज्यान, *जोगमान तामाङसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको मौकामा गरेको साबिती बयानमा उल्लेख गरेको वारदातअनुसार घरभित्र धामी झाँक्री बोलाई झाँक्रीले घरभित्र पूजाआजा झाँक्री विधि गरेको अवस्थामा मृतकलाई वारदात घटाएको र सो वारदात घटाएको सो घटना घरभित्र रहेका अन्यले थाहा पाएको भन्नेसमेत कहिँकतैबाट देखिँदैन । वारदात भएको भनिएको स्थान आगनमा खुर्पाले गर्धनमा रेट्दा सो स्थानमा रगतको भल बग्नुपर्नेमा सो केही पनि नदेखिएको र भित्र बस्ने धामी झाँक्रीले समेत तत्कालै थाहा पाउनुपर्नेमा थाहा पाएको देखिँदैन । तसर्थ प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी बयान, लास जाँच प्रकृति मुचुल्का, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदनका साथै अदालतमा वादी प्रतिवादीहरूका साक्षीहरूको बकपत्रबाट समर्थित भइरहेको अवस्था विद्यमान देखिँदा मृतक सन्चमाया तामाङको मृत्यु यी प्रतिवादीहरूकै कुटपिटको कारणबाट भएको भन्ने तथ्य मिसिल संलग्न रहेको कुनै पनि प्रमाण कागजातबाट नदेखिने।

कुनै पनि फौजदारी कसुरलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवम् मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरेबमोजिम मात्र न्याय निरूपण गर्नुपर्ने भन्ने नै हुन्छ। तर अदालत स्वयम्ले कुनै प्रमाणको सिर्जना गरी कुनै कसुर स्थापित गर्ने वा कसैउपरको अभियोग पुष्टि गर्ने भन्ने हुँदैन। साथै सङ्कलित भएका प्रमाणहरूबाट कसैउपरको अभियोग पुष्टि हुने अवस्था छैन अथवा त्यस्तो अभियोग शङ्कारहित देखिँदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी बिना आधार कसैलाई दोषी करार गर्न पनि सक्तैन। त्यस्तो गर्नु हाम्रो फौजदारी विधिशास्त्र हामीले अपनाई आएको कानून प्रणाली एवम् स्थापित न्यायिक पद्धतिकै बर्खिलाप हुन जाने। अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको साबिती बयान अन्य प्रमाणहरूबाट स्वतन्त्ररूपमा समर्थित नभएसम्म अदालतले त्यस्तो साबिती बयान मात्रैलाई आधार मानी कसुर कायम गर्नु न्यायसङ्गत हुन नसक्ने हुँदा मिसिल संलग्न अन्य प्रमाणहरूले समेत निजहरूले आरोपित कसुर गरेको भन्ने तथ्य स्थापित हुन नसकेको स्थितिमा अभियोग माग दाबीबाट पुनरावेदक प्रतिवादीहरूलाई सफाइ दिनुपर्नेमा सुरू काभ्रेपलान्चोक जिल्ला अदालतले गरेको फैसला उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।१० को फैसला मिलेको नदेखिने।

अतः उपर्युक्त विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिमको कसुरमा सफाइ दिने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६६।१२।०२ मा भएको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी जोगमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं.

को कसुरमा ऐ.को १३(१) नं. ले सर्वस्वसहित जन्मकैद र पुनरावेदक प्रतिवादी इन्द्रबहादुर तामाङलाई सोही महलको १३(४) नं. कसुरमा ऐ.को १३(४) नं. ले जन्मकैद हुने ठहर्‍याई भएको फैसला नमिलेकोले पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।१० गते भएको फैसला उल्टी भई यी प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ ७ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-००१८, मानव ओसारपसार, *फुलमाया तामाङ वि. नेपाल सरकार*

फौजदारी न्याय प्रशासनमा सरकारी पक्षको कर्तव्य वारदातको बारेमा बयान गराउने म्याद थप गर्ने अभियोग पत्र दायर गर्ने र बहस पैरवी गर्नुमा मात्र सीमित रहनु हुँदैन । अभियोगदाबी लिएको व्यक्तिको उक्त अपराधमा के, कुन तरिकाले संलग्नता थियो, निजले कुन उद्देश्यले उक्त अपराध गर्‍यो र निजको भूमिका घटनामा के-कस्तो थियो उक्त कुराको पुष्टि हुने दाबी प्रमाण के-कस्ता छन् सोको यथार्थ विवरण मिसिलबाट देखिनुपर्ने तथा आफूले लगाएको अभियोगको प्रमाणित गर्ने कानूनी कर्तव्य वा दायित्व वादी पक्षमा हुने।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनमा प्रमाणको भार अभियुक्तमा सारिएको छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादी आफूले चाही केही प्रमाण पुर्‍याउन नसकेकोले दोषी करार हुन्छ भन्ने तथा प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण पुर्‍याउन नसकेकोले दोषी करार हुन्छ भन्ने ऐनको मक्सद होइन । यस्तो अर्थ फौजदारी न्याय र सर्वमान्य सिद्धान्त तथा हाम्रो संविधान बेवास्ता एवम् मौलिक तथा मानव अधिकारसमेत विपरीत हुने भनी प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदकले मानव ओसारपसार गरेको देखाउन वा प्रमाणित गर्न वादी पक्षले सक्नुपर्ने थियो। तर त्यस्तो कुरा मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट पुष्टि हुनसकेको नदेखिने।

मिसिलबाट आरोपित कसुरमा प्रतिवादीको संलग्नता पुष्टि हुने कुनै पनि विश्वसनीय प्रमाणको विद्यमानता देखिँदैन। प्रतिवादी अदालतसमक्षको बयानमा पूर्णरूपमा इन्कार रहेकी र निजको इन्कारी बयान निजका साक्षी एवम् पीडित जाहेरवाली सुनिता तामाङ, बुझिएका मानिसहरू सिरमाया तामाङसमेतको बकपत्रसमेतबाट समर्थित भइरहेको अवस्था विद्यमान देखिँदा प्रतिवादी फुलमाया तामाङलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)ख बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर्‍याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६८।७।१७ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।५ को फैसला मिलेको नदेखिने।

अतः प्रतिवादीले जाहेरवालीहरूलाई किन्न, बेच्न, वा वेश्यावृत्तिमा लगाउने उद्देश्यबाटै काठमाडौं ल्याएको तथ्यको पुष्ट्याई शङ्कारहित रूपबाट भएको नदेखिएकोले प्रतिवादी फुलमाया तामाङलाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने ठहर्‍याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६८।७।१७ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।५ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी फुलमाया तामाङले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CR-०६९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पदमी गुरूङसमेत*

वारदातको उठान तथा प्रकृति हेर्दा मृतकसँग यी प्रतिवादीहरूको पूर्वरिसइवी रहे भएको देखिएको छैन । मृतकलाई मार्नै पर्ने मनसायले साथ लागि प्रतिवादीहरू गएको पनि देखिँदैन । मृतक र यी प्रतिवादीहरू घाँस दाउराको लागि वनमा गएको अवस्थामा उक्त वारदात घटेको देखिन्छ । प्रतिवादीहरूको मौकाको कागजको व्यहोरा हेर्दा मृतकसँग निजको चालचलनको विषयमा तत्काल सामान्य भनाभन भई दाउराले हानाहान गर्दा प्रतिवादी मतारीले हानेको दाउरोले मृतकको छातीमा लाग्न गई सोही कारण मृतकको मृत्यु भएको भन्ने देखिन आउँछ । प्रतिवादीहरूले मार्ने मनसायले धारिलो वा जोखिमी किसिमको हतियार प्रयोग गरेको देखिँदैन । फेला परेको कंकालको परीक्षणबाट मृत्युको कारण खुल्न सकेको देखिँदैन । यस्तो अवस्थामा केवल अभियोग दाबी लिएकै आधारमा मात्र यी प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुर गरेको भनी सोही नं. अनुसार सजाय गर्न मिल्ने नदेखिँदा त्यसतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्था आकर्षित हुने देखिएको र उक्त दफा १४ अन्तर्गत सजाय भएउपर प्रतिवादीहरूको पुनरावेदन नपरेको अवस्थासमेत हुँदा पुनरावेदन अदालत, पोखराबाट यी प्रतिवादीहरू पदमी गुरूङ, जिरया गुरूङ र खोच्यो गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिमको कसुरमा १० वर्ष कैद सजाय हुने तथा प्रतिवादीहरू मध्येका पातेलाटी गुरूङ र नानी गुरूङ १४ वर्षभन्दा कम उमेरको भएकोमा विवाद नरहेकोले निजहरूको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जनही दिन १८(अठार) कैद हुने ठहऱ्याएको फैसला पनि मनासिब नै देखिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरू पदमी गुरूङ, जिरया गुरूङ, खोच्यो गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद र अन्य प्रतिवादीहरू नानी गुरूङ र पातेलाटी गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुनुपर्नेमा निजहरूको उमेर १३ वर्षभन्दा कम देखिएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम निजहरूलाई जनही दिन १८ (अठार) कैद हुने ठहऱ्याई भएको सुरू लमजुङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।०५।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०४१९, ०६९-CR-०४९१, र ०७०-CR-१२३४, लागु औषध सेतो हेरोइन, *पूर्णमाया महर्जन वि. नेपाल सरकार, ममताकुमारी सन्जित (क्षेत्री) वि. नेपाल सरकार र वाङजो शेर्मा वि. नेपाल सरकार*

कुनै पनि फौजदारी मुद्दामा अभियोग माग दाबीबमोजिमको कसुर प्रमाणित नभएको अवस्थामा सजाय हुने कसुर देखिन आएमा सो कम सजाय हुने कसुरको दाबी नलिएको भन्ने आधारमा अभियुक्तले माग दाबी रहेकोभन्दा न्यून सजाय हुने र कानूनबाट समेत उन्मुक्ति पाउँछ भन्न मिल्ने देखिन नआउने ।

प्रतिवादीहरूले मौकामा बयान गर्दा अभियोग

दाबीको कसुरमा साबित रही परस्पर पोल गरेको, बरामदी मुचुल्कामा निजहरू रोहबरमा रहेको, अदालतमा बयान गर्दा मौकाको साबिती र बरामदी मुचुल्कामा रहेको सहिलाई आफ्नो भनी स्वीकार गरेको एवम् मौकाको बयान व्यहोरा र बरामदी मुचुल्कालाई अन्यथा हो भनी प्रमाणसहित पुष्टि गर्न नसकेको तथा प्रतिवादीहरू पूर्णबहादुर लामा र विकास लामाको अदालतसमक्षको बयानबाट समेत प्रतिवादी ममताकुमारी रंजित क्षेत्री, पूर्णमाया महर्जन र शंकर कार्कीसमेत भई लागु औषधको विश्वास पारी अन्य पदार्थको कारोबार गर्नको लागि बिक्री गर्ने उद्देश्यले गएको, विकास लामा, वाङजो शेर्पा र राजेश भन्ने पूर्णबहादुर लामा खरिद गर्न आएको अवस्थामा प्रतिवादी शंकर कार्कीले विकास लामालाई उल्लिखित पदार्थ दिएको अवस्थामा पक्राउ परी निज विकास लामाबाट बरामद भएको पुष्टि हुन आएकोले यी पुनरावेदक प्रतिवादीहरूलाई लागु औषधको कारोबार गरेको आरोपित कसुरमा हुने सजायको आधा जनही सात वर्ष छ महिना कैद र दुई लाख पचास हजार जरिवाना गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादीहरू पूर्णमाया महर्जन, ममताकुमारी रंजीत क्षेत्री र वाङजो शेर्पालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क) को प्रयोजनार्थ सजाय गर्दा मूल दफाको हुन सक्ने कैदको आधा सजाय हुनेमा ऐ. ऐनको दफा ४(घ) (च) को निषेधित कसुरमा ऐ. ऐनको दफा १४(१)(छ) को देहाय (३) को न्यूनतम पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाखदेखि पच्चीस लाख रूपैयाँसम्म जरिवाना हुने देखिएकोमा सुरू ललितपुर जिल्ला अदालतले पन्ध्र वर्षको आधा सजाय ७ (सात) वर्ष ६ महिना कैद गर्नुपर्नेमा सोअनुरूप नगरी सात वर्ष कैद सजाय गरेको मिलेको नहुँदा सो हदसम्म सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६८।२।२३।२ मा भएको फैसला मिलेको नहुँदा केही उल्टी भई यी पुनरावेदक प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(क) बमोजिम आधा सजाय जनही ७(सात) वर्ष ६ महिना कैद र रू २,५०,०००।- (दुई लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा. न्या.श्री हरिकृष्ण कार्की**, ०७१-CR-१६११, *कर्तव्य ज्यान, तिलक ओली वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबीच मृतकको आचरणका विषयलाई लिएर बारम्बार झगडा भइरहने र सोही विषयलाई लिएर प्रतिवादीले मृतकलाई मार्ने विचारसमेत गर्दै आएको देखिन्छ । प्रहार गरेको हँसिया जस्तो धारिलो हतियार र प्रहार गरेको घाँटी जस्तो अङ्गको संवेदनशीलता हेर्दा सो दिन पनि आफूले पूर्वसोचबाट नै उत्प्रेरित तथा निर्देशित भई सानोतिनो निहुँ निकाली जानीजानी प्रतिवादीले मृतकलाई प्रहार गरी मारेको भन्ने पुष्टि हुन जान्छ । यस्तो प्रतिवादी र मृतकबीचको सम्बन्ध र वारदात हुँदाको परिस्थितिलाई मध्येनजर गर्दा वारदातपूर्व आपराधिक मनसाय नभई भवितव्य वा आवेशमा आई भएको मान्न मिल्ने कुनै अवस्थाको विद्यमानता यसमा देखिँदैन । यस्तो वारदातको समग्र परिस्थिति हेर्दा कर्तव्य नदेखिई भवितव्यजस्तो देखिने कुनै अवस्थाको विद्यमानता पनि यसमा देखिँदैन । तसर्थ प्रतिवादीको मानसिक अवस्था विक्षिप्त रहेको

आवेशमा आई प्रहार गरेको भनी लिएको जिकिरसँग सहमत हुन सकिएन । यी प्रतिवादीलाई अभियोग दाबीअनुसार सर्वस्वसहित जन्मकैद हुने गरी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिने।

प्रतिवादीले आफ्नै श्रीमतीलाई धारिलो हतियार घाँटीजस्तो अति संवेदनशील अङ्गमा घाँटी नै छिनाल्ने किसिमले प्रहार गरेको पाइएको छ। तत्काल मृतक र यी प्रतिवादीबीच कुनै ठूलो झगडा भई मृतककै कारण आवेशमा आउनसक्ने परिस्थिति पनि यसमा रहेको छैन। प्रहार गरी घाँटी छिनालिनु केही मात्र बाँकी रही मृतक श्रीमती जमिनमा मृत अवस्थामा पल्टिरहेको अवस्थामा पनि कुनै पश्चात्ाप नगरी र संवेदनाको कुनै मानवीय भावनासमेत नदेखाई यी प्रतिवादी बाहिर गई लुकी बसेको पाइएको छ । पछि न्यायिक प्रक्रियाको सिलसिलामा पनि पश्चातापको भावना व्यक्त नगरी श्रीमतीको चरित्रका कारण मारेको भनी भनेको देखिन्छ।

यस्तो अवस्थामा निजलाई ऐनअनुसार हुने सजायमा कमी गर्दा न्यायिक स्वविवेकको नै दुरूपयोग भई दण्ड सजायको मक्सद पूरा हुने देखिँदैन। मुलुकी ऐन, अ.बं.१८८ नं.अनुसार न्यायिक स्वविवेकको राय प्रयोग गरी सजाय कम गर्दा तार्किक तथा न्यायिक आधार र कारणहरू हुनुपर्दछ । न्यायिक स्वविवेक न्यायिक स्वेच्छाचारिता होइन । स्वविवेकको प्रयोग न्यायिक मनबाटै तर्क र न्यायिक औचित्यताको आधारमा गर्नुपर्दछ। न्यायकर्ता स्वयम् र न्यायिक मनले हेर्ने सबै यस्ता सजाय घटाउन लिएका आधारबाट अन्तर्मनबाटै सन्तुष्ट हुनसक्ने भए मात्र न्यायिक स्वविवेक अर्थपूर्ण हुन जान्छ। प्रस्तुत सन्दर्भमा न्यायिक स्वविवेकको अधिकार प्रयोग गरी सजाय घटाउने कुनै औचित्यपूर्ण न्यायिक आधारको विद्यमानता रहे भएको पाइँदैन। तसर्थ प्रतिवादीलाई जन्मकैदको सजाय हुन भनी सुरू र पुनरावेदन अदालतबाट व्यक्त रायसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, कारण तथा प्रमाणबाट प्रतिवादी तिलक वलीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुरू दैलेख जिल्ला अदालतको मिति २०७१।०१।०४ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७१।०८।२४ मा भएको फैसला सदर हुने ठहर्छ। जन्मकैदको सजाय मात्र गर्ने गरी जिल्ला अदालतबाट व्यक्त राय सदर गरेको पुनरावेदनको राय र सजाय घटाई पाउँ भनी प्रतिवादीले गरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०९०१, भ्रष्टाचार, *ज्योतिबहादुर थापा वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको उठान राष्ट्रिय वाणिज्य बैंकको मिति २०६३।७।२६ को पत्रको आधारमा भएको देखिए पनि अनुसन्धान कार्यको प्रारम्भ त्यहीबेला भएको देखिँदैन। मुद्दामा अनुसन्धान कार्यको प्रारम्भ अनुसन्धान अधिकृत तोकिएपश्चात् हुने हुँदा प्रस्तुत मुद्दामा मिति २०७१।२।२६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट अनुसन्धान अधिकृत तोकिएको देखिँदा अनुसन्धान कार्यको प्रारम्भ पनि सोही मितिदेखि भएको मान्नुपर्ने हुन्छ।

प्रस्तुत मुद्दामा अनुसन्धान कार्य मिति २०७१।२।२६ मा प्रारम्भ भएपश्चात् मिति २०७१।७।१३ मा अभियोग पत्र दर्ता भएको देखिन्छ । यसरी अनुसन्धान कार्य प्रारम्भ भएको ५ महिनाभित्र अभियोग पत्र दायर भएको देखिएकोले यसलाई विलम्ब मान्न मिल्दैन । यसका साथै कानूनले तोकेको हदम्यादभित्र नै रहेको देखिन आउने।

प्रतिवादीले निजको प्रमाण पत्र सक्कली हो भनी अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गरे पनि सो बिहार इण्टरमिडिएट एजुकेशन काउन्सिल पटनाअन्तर्गत S.S.N.Y College, Narpatganj को इण्टरमिडिएट (I.A.) परीक्षा वर्ष १९९३, अनुक्रमांक ३०२०८ को शैक्षिक योग्यताको प्रमाण पत्र प्रमाणीकरणको लागि उच्च माध्यमिक शिक्षा परिषद्मार्फत पठाउँदा अभिलेखमा अनुक्रमांक ३०१८६ सम्म मात्र रहेको भन्ने बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिलको प्रमाणीकरण विवरणबाट देखिन्छ । यसरी यी प्रतिवादीले प्राप्त गरेको प्रमाण पत्र जारी गर्ने निकायले नै सो प्रमाण पत्रको अनुक्रमाङ्क अभिलेखमा नरहेको भनी विवरण दिएकोमा त्यस्तो प्रमाण पत्रलाई सक्कली मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी ज्योतिबहादुर थापाले नक्कली शैक्षिक योग्यताका प्रमाण पत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसारको कसुर गरेकोले निज प्रतिवादीलाई ऐजन ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५०० जरिवाना हुने ठहर्‍याई विशेष अदालतबाट मिति २०७२।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०५६२, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *सुरेन्द्रकुमार तिवारी वि. नेपाल सरकार*

प्रतिवादीको नियुक्ति नेपाल सरकारको निर्णयअनुसार जलस्रोत मन्त्रालयबाट भएको, निजले पदीय मर्यादाविपरीतको काम गर्दा सजाय स्वरूप स्पष्टीकरण माग गरिएको, निजको नाममा विभिन्न समयमा कार्यालय आदेश जारी भएको समेतको अवस्थालाई विचार गर्दा यी प्रतिवादी नेपाल सरकारको राष्ट्रसेवक कर्मचारी नै भएको मान्नुपर्ने देखियो । नेपाल सरकारको तलब भत्ता नखाए पनि निजको नियुक्ति नेपाल सरकारबाट भएको, निजलाई आदेशसमेत नेपाल सरकारको कार्यालयबाट दिइएको र निजलाई सजायसमेत नेपाल सरकार मातहतको कार्यालयबाट दिएको अवस्थामा बिहार सरकारको तलब भत्ता खाएकै आधारमा निज नेपाल सरकारको राष्ट्रसेवक कर्मचारी नभएको मान्न नमिल्ने ।

प्रतिवादीले सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना बाल्मिकीनगरको क्यासियर पदमा नियुक्त हुँदा पेस गरेको इन्टरमिडियटको प्रमाण पत्र जारी गर्ने बिहार इन्टरमिडियट एजुकेशन काउन्सिलले नै निजको सो शैक्षिक योग्यताको प्रमाण पत्र अपुष्टित भनि सकेपश्चात् सो प्रमाण पत्र नक्कली भएको मान्नुपर्ने देखियो । प्रतिवादी नेपाल सरकारबाट नियुक्त कर्मचारी भएको र निज क्यासियर पदमा २०६२ सालमा नियुक्त हुँदा पेस गरेको प्रमाण पत्र नक्कली देखिएको हुँदा निजलाई तत्काल अवस्थामा प्रचलित रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुने देखिन आयो । निज नेपाल सरकारको राष्ट्रसेवक कर्मचारी नभएकोले सजाय हुनुपर्ने होइन भनी प्रतिवादीको पुनरावेदन जिकिर एवम् निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको

बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट प्रतिवादी सुरेन्द्रकुमार तिवारीले नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ ले परिभाषित कसुर गरेकोले निज प्रतिवादी सुरेन्द्रकुमार तिवारीलाई सोही ऐनको दफा १६(१) बमोजिम ६ महिना कैद र रू. १०,०००।– जरिवाना हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७२।५।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१०७१, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *जितेन्द्र भट्टराई वि. नेपाल सरकार*

प्रतिवादी जितेन्द्र भट्टराईले पेस गरेको प्रमाण पत्र १९८६ मा जारी भएको देखिन्छ भने उक्त शैक्षिक प्रमाण पत्र २०४५ सालमा सेवा प्रवेश गर्दा नै पेस गरेको देखिएको अवस्था हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सजाय गर्ने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ माथि उल्लिखित आधार कारणबाट प्रतिवादी जितेन्द्र भट्टराईले पेस गरेको आई.ए. को प्रमाण पत्र नक्कली रहेको मिसिल संलग्न उच्च माध्यमिक शिक्षा परिषद्को पत्रसाथ प्राप्त विवरणबाट देखिँदा निज प्रतिवादी जितेन्द्र भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा ऐ. को दफा १२ र २९ (२) बमोजिम रू. ५००।- जरिवाना गर्ने गरी भएको विशेष अदालत काठमाडौंको मिति २०७२।६।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०३१८, परमादेश, *अशोककुमार कलवार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदक अशोककुमार कलवारले मिति २०५३/७/१८ मा ओशो फर्मा नामको औषधि पसल औषधि व्यवस्था विभागमा दर्ता गराई सोही फर्माद्वारा हालसम्म आफ्नो व्यवसाय सञ्चालन गरी आएको भन्ने मिसिल संलग्न उक्त प्रमाण पत्रको प्रतिलिपिबाट देखिएको, आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा ५.१ र ५.१.१ समेतले दर्तावाला चिकित्सकबाहेक अरू कसैले व्यवसाय गर्न पाउने छैन भनी व्यवस्था गरेको अवस्थामा मिति २०६७।१।१४ मा नै दर्ता गरेको निवेदन सम्बन्धमा रिट निवेदन दर्ता भई आदेश हुँदाको अवस्थासम्म पनि दर्ता हुने नहुने सम्बन्धमा केही कारबाही भएको नदेखिएको अवस्था हुँदा उक्त आयुर्वेद चिकित्सा परिषद्को काम कारबाही आयुर्वेद चिकित्सा ऐन र नियमावली अनुकूल नै रहेको र त्यसबाट निवेदकको हक अधिकारमा प्रतिकूल असर नपरेको भन्न मिल्ने नदेखिने ।

त्यसैगरी सम्वत २०६० सालको रिट नं.३३८० निवेदक खेमराज पन्तसमेत वि. आयुर्वेद चिकित्सा परिषद् नरदेवीसमेत भएको उत्प्रेषणयुक्त परमादेशको निवेदनमा निवेदकले दिएको दरखास्तअनुसार प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रहरूको सम्बन्धमा दरखास्त रीतपूर्वक भए नभएको हेरी दर्ता गर्न मिल्ने हो होइन भन्ने सम्बन्धमा तत्काल

प्रकाशित सूचना र कानूनबमोजिम निवेदकहरूलाई प्राकृतिक न्यायको सिद्धान्तसमेतको आधारमा प्रतिवाद गर्ने मौकासमेत दिई पेस हुन आएको शैक्षिक योग्यताको प्रमाण पत्रको सम्बन्धमा विचार गरी दर्ता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी आयुर्वेद चिकित्सा परिषद्को नाममा परमादेशको आदेश जारी हुने भनी आदेशसमेत भएको देखिएबाट विपक्षी आयुर्वेद चिकित्सा परिषद्को काम कारबाही कानूनअनुकूलको रहेको भन्ने देखिन नआउने ।

तसर्थ उल्लिखित आधार कारणहरूबाट आयुर्वेद चिकित्सा ऐन, २०४५ र ऐ. नियमावली २०५८ ले पेसा व्यवसाय गर्न चिकित्सा परिषद्मा नाम दर्ता गर्नुपर्ने गरी व्यवस्था भएबमोजिम यी निवेदक अशोककुमार कलवारले मिति २०६७/१/१४ मा नै निवेदन दिएकोमा दर्ता हुने नहुने सो सम्बन्धमा हालसम्म पनि कुनै निर्णय गरेको भन्ने नदेखिएको हुँदा दरखास्त दिएको मितिले यति लामो समयसम्ममा निवेदकको निवेदन सम्बन्धमा कुनै निर्णय नगरी राख्ने कार्य न्यायिक दृष्टिकोणबाट उपयुक्त देखिँदैन । तसर्थ निवेदकको निवेदन सम्बन्धमा आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र जो जे बुझ्नुपर्ने हो बुझी दर्ता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी आयुर्वेद चिकित्सा परिषद्को नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: कृतबहादुर बोहरा

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम ।

५

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-०८२४, उत्प्रेषण / परमादेश, *खगेन्द्रराज घिमिरे वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम ३६(६) मा भएको कानूनी व्यवस्थाअनुसार उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको निजामती कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक सरूवा नगरिने भन्ने उल्लेख रहेको देखिन्छ । निवेदकको उमेरतर्फ हेर्दा निजको जन्ममिति २०१६।९।७ भन्ने देखिएकोले उमेर हदको कारण निवेदक मिति २०७४।९।७ देखि स्वतः अवकाश पाउने अवस्थाको निजामती कर्मचारी रहेको देखिन्छ । निवेदकलाई मिति २०७३।८।१३ मा सरूवा गर्दा निजको सेवा गर्न पाउने अवधि केवल १ वर्ष १ महिनाजति देखिन्छ । निवेदक हाल यस अदालतबाट मिति २०७३।१०।२७ मा अन्तरिम आदेश जारी भई निज आफू कार्यरत रहेको मालपोत कार्यालय कावासोती, नवलपरासीमा नै कार्यरत भई निजको सेवा अवधि अब झण्डै ८ (आठ) महिना मात्र बाँकी रहेको देखिएकोले निजको सरूवा कार्यान्वयन गर्न उपयुक्त हुने नदेखिँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट निवेदकलाई मिति २०७३।८।१३ मा गरिएको सरूवासम्बन्धी निर्णय तथा मिति २०७३।८।१३ को सरूवा पत्रसमेतका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वार बदर हुने ।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०६१९ र ०७०-CR-०७९९, कर्तव्य ज्यान, *चित्रबहादुर तामाङ वि. नेपाल सरकार र नेपाल सरकार वि. चित्रबहादुर तामाङसमेत*

प्रस्तुत वारदातमा साधारण लाठा, ढुङ्गा लात्ता मुक्काले हानेर कर्तव्य गरेको नभई घाँटीमा डोरी कसी थिची कर्तव्य गरी मारेको स्थितिमा ज्यानसम्बन्धी

महलको १४ नं.को अवस्था प्रस्तुत मुद्दामा लागू हुन सक्ने देखिएन । मृतकले प्रतिवादीलाई चोट प्रहार गरिसकेपछि निजलाई पछाडि डोरीले घाँटीमा बाँधी कर्तव्य गरी मारेको तथ्य प्रतिवादीको बयानबाट देखिएको स्थितिमा ज्यान लिने मनसाय प्रतिवादीको थिएन भनी मान्न नमिल्ने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

वादी पक्षले चोरी भएको सामानको बिगोको हकमा स्पष्ट दाबी लिन नसकेको र प्रतिवादीबाट जे जति सामान बरामद भएका छन् त्यसैलाई नै आधार बनाई सुरू अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

प्रतिवादीहरू अर्जुन परियार, जगतबहादुर परियार र आइते तामाङ अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेको र यी प्रतिवादीलाई केवल प्रतिवादीमध्येका चित्रबहादुरले वारदात हुँदाको समयमा सोही घरको कम्पाउण्डमा थिएँ भनी लेखाएकै कारणबाट सो मार्नेसमेतको कार्यमा निजहरूको सहयोग र सल्लाह थियो भनी मान्न नमिल्ने हुँदा सबुद प्रमाणको अभावमा उल्लिखित प्रतिवादीहरूलाई कसुर ठहर गर्न नमिल्ने हुँदा निजहरूको हकमा सफाइ दिने गरी भएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी चित्रबहादुर तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको १४(२) नं. बमोजिम रू.५,०००।– जरिवाना र प्रतिवादी मानबहादुर थापा मगरलाई चोरीको २० नं. बमोजिम जरिवाना र कैद हुने र प्रतिवादी अर्जुन परियार, जगतबहादुर परियार र आइते तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई ललितपुर जिल्ला अदालतबाट भएको मिति २०६८।९।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१४५७, जबरजस्ती करणी, *टेक नारायण थारू वि. नेपाल सरकार*

पिपरा अस्पताल वाणगंगा, कपिलवस्तुको सि.अ.हे.व.ले पीडित एवम् पीडकको शारीरिक परीक्षण गर्दा शरीरमा देखिएका तत्कालका अवस्थाहरू रिपोर्टमा उल्लेख गरिदिएको र त्यस्ता अवस्थाहरू कसरी देखिए भनी निजले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको देखियो। निज सि.अ.हे.व.विशेषज्ञ होइनन् निजको राय मान्न मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गरी हेर्दा मुलुकी ऐन, इलाज गर्नेको १ नं. को कानूनी व्यवस्था पनि साथै हेर्नुपर्छ जसअनुसार "... व्यथाको परीक्षा गर्न वा औषधि गर्न जान्ने वा अनुभवले गरी आएका मानिसले समेत सानो तिनो घाउ खटिरा चिर्नु, फोर्नु मलम पट्टी औषधि लगाउने काम गर्नलाई भने पास नभए पनि गर्न गराउन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको र चिकित्सक अनुपस्थित रहेको अवस्थामा सि.अ.हे.व.ले सामान्य परीक्षण गर्न पाउने उपर्युक्त कानूनी व्यवस्थाबमोजिम पीडितको शरीरमा देखिएको स्थितिसम्म उल्लेख गरिदिएको अवस्थालाई मान्यता प्राप्त विशेषज्ञ नै नभएको यस्तो रिर्पोटले कानूनी मान्यता प्राप्त गर्न सक्दैन भन्न मिल्दैन साथै सो रिपोर्ट अन्य प्रमाणबाट पनि समर्थित भइरहेको अवस्था देखिँदा प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

मानव अधिकारसम्बन्धी विधिशास्त्रअनुसार करणीसम्बन्धी कसुर शारीरिक क्षति सम्बन्धित कसुर मात्र नभएर यो मानव प्रतिष्ठा, आत्मसम्मान र नारी अस्मितासँग सम्बन्धित मानसिक समवेदनासँग जोडिएको कसुर पनि हो । यस प्रकारको विषयमा चोटपटक भएको कुराको मापनलाई नै सर्वाधिक महत्त्व दिनु न्यायोचित नहुने।

एउटी वर्ष ५ की नाबालिकामाथि जबरजस्ती करणीजस्तो जघन्य अपराध भएको छ । आफूउपर त्यसप्रकारको अपराध नै नगरी प्रतिवादीउपर दोषारोपण गर्नुपर्ने कुनै कारण देखिँदैन । त्यस्तो कुनै कारण प्रतिवादीले दिनसकेको पनि छैन । प्रतिवादीले अदालतमा बयान गर्दा जाहेरवालासँग सामान्य रिसइवी रहेको भन्ने उल्लेख गरे पनि के कस्तो रिसइवी थियो भन्नसकेको पाइँदैन । सामान्य रिसइवीमा त्यस्तो गम्भीर आरोप लगाएको होला भनी अनुमान गर्न पनि मिल्दैन । यस्तो अवस्थामा पीडितलाई पिङ् खेलेको अवस्थामा टि.भी. हेर्न जाउँ भनी निजलाई बोकी घरमा लगी भुइँमा बोरा विछ्याई सुताई जबरजस्ती करणी गरेको स्पष्ट र निर्विवादरूपमा पुष्टि भइरहेकोले पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, प्रमाण, कानूनसमेतको आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम ११ एघार वर्ष कैद र रू.१,२५,०००।- क्षतिपूर्ति भरी पाउने ठहऱ्याई भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६९।११।२० को फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।०९।०१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१३७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टेकबहादुर शाही*

प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी नरहेको, जाहेरीमा प्रतिवादीकी भाइ बुहारीलाई भर्ना नगरेको र लेनदेनसम्बन्धी विषयमा प्रतिवादी र मृतकबीच रिसइवी भएको भने तापनि सो कुरा पुष्टि हुन नसकेको, सो पनि मार्नेसम्मको इवि रहेको भन्ने नदेखिने, मृतकले प्रतिवादीलाई हान्दा प्रतिवादीलाई रिस उठी आँगनबाट कान्लामा फालेको कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मृतकलाई मार्ने नै उद्देश्यले कुटपिट गरी मारेको हो भनी पुष्ट्याई हुने आधार वादी नेपाल सरकारले गुजार्नसकेको नदेखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न सक्दैन । सुरू अछाम जिल्ला अदालतले प्रतिवादीले ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसुर गरेको ठहऱ्याई सोही १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०४१३, उत्प्रेषण / परमादेश, *तामन राई वि. नेपाल सरकारसमेत*

कानूनद्वारा गठित निकायको अध्यक्ष तथा सदस्य पदको नियुक्ति कानूनद्वारा नै तोकिएको तरिका एवम् समयावधिको लागि हुने र यसको सञ्चालन व्यवस्थापन र अन्य कार्य प्रणाली कानूनद्वारा नै व्यवस्थित र नियमित हुने कुरामा विवाद हुन सक्दैन । राज्यको प्रत्येक निकाय वा पदाधिकारीले

कानूनबमोजिम नै आफ्नो काम गर्नुपर्ने हुन्छ । शासन विधिको हुनुपर्दछ, व्यक्तिको होइन भन्ने नै विधिको शासनको मूलभूत सिद्धान्त हो । कानूनबमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय बदरभागी हुने ।

नियुक्ति दिँदा नै कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुने भनी किटान गरेको अवस्थामा सो पदावधि समाप्त नहुँदै स्वेच्छाचारीरूपमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत अवकाश दिने गरी भएको माननीय मन्त्रिस्तरीय निर्णय हलेसी महादेव स्थान विकास समितिको गठन आदेशको दफा ३(३) विपरीत हुन्छ । सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको समयसम्म वहाल राख्ने र इच्छाअनुकूल नभए हटाउन हुन्छ भन्न मिल्दैन। विधिको शासनमा प्रवृत्ति गौण र पद्धति प्रधान हुन्छ। कानूनले खास अवधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले कामकाज गर्न पाउने।

निवेदक ४ वर्षका लागि नियुक्ति भएको अवस्था छ । सो अवधिभन्दा अगावै हटाउन कानूनबमोजिम निश्चित प्रक्रिया अपनाउनुपर्ने हुन्छ। नेपाल सरकारलाई पदाधिकारी हेरफेर गर्नसक्ने अधिकार स्वेच्छाचारी र निरंकुश प्रकारको हुन सक्तैन र कानूनको मक्सद पनि सो होइन। कानूनबमोजिमको प्रक्रिया नै नअपनाई हलेसी महादेवस्थान विकास समितिको कार्यकारी निर्देशक पदबाट हटाउने गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तको स्पष्टप्रतिकूल देखियो । आवश्यकता र औचित्यताको आधारमा हटाउनसक्ने अवस्थामा सो कुराको पुष्टि हुनसक्नुपर्ने र त्यसरी औचित्य पुष्टि भएको अवस्थामा पनि कानूनबमोजिमको प्रक्रिया अपनाउनुपर्ने हुँदा लिखित जवाफमा लिइएको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट यी निवेदकलाई हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३ को दफा ३(३) बमोजिम ४ वर्षको लागि नियुक्ति गरिएकोमा निजलाई हटउनुपूर्व हटाउनुको कारण खोली स्पष्टीकरण सोध्नुपर्ने हुन्छ । स्पष्टीकरण नमागी, सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी निज निवेदकलाई अध्यक्ष पदबाट हटाइएको देखिए तापनि निज निवेदक तत्कालीन संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयले मिति २०६८।९।२८ देखि लागू हुने गरी ४ वर्षका लागि नियुक्ति दिई यस अदालतबाट मिति २०७१।८।१९ मा अन्तरिम आदेश जारी भई सेवारत भएपनि हाल निजको पदावधि नै समाप्त भएकोले आदेश जारी गर्नुपर्ने अवस्था नै व्यतित भइसकेकोले रिट जारी गर्नुपर्ने औचित्यता नै नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-WO-०४१३, उत्प्रेषण / परमादेश, *गोपालकृष्ण दाहाल वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १०

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०८५५, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. प्रकाश भुजेलसमेत*

प्रतिवादीहरू प्रकाश भुजेल र माधव भुजेल दुई जनाको वारदातमा संलग्नता रहेको अवस्था छ। दुईजना प्रतिवादीहरू सहभागी भई वारदात गरेको अवस्थामा समेत थप २ वर्ष कैद हुनुपर्ने कानूनमा स्पष्ट

व्यवस्था हुँदाहुदै सो नगरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक राख्नेको महलको ७ नं.बमोजिम थप २ वर्ष कैदसमेत गर्नुपर्नेमा सो ऐनको दफा ३ नंबमोजिम ४ वर्ष मात्र कैद गरेको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

अतः माथि विवेचित आधारमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।७।२९ को फैसला उल्टी हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।०८।५ को फैसला केही उल्टी भई प्रत्यर्थी प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक राख्नेको महलको दफा ७ नं. बमोजिम थप कैद वर्ष २ समेत हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०३३६, ०७२-FN-०५४९, उत्प्रेषण, *गुलाव चन्द्र चमार वि. शिक्षा मन्त्रालयसमेत*

विपक्षी शिक्षक सेवा आयोगको लिखित जवाफबाटै निवेदकले दलिततर्फ आवेदन गरे पनि निजको नाम दरखास्त संकलनको क्रममा दलिततर्फ नभई पिछडिएको क्षेत्रमा समावेश हुन पुगी गल्ती भएको स्वीकार गरेको र निवेदकले शिक्षा सेवा आयोगमा दिएको निवेदनउपर छानबिन गरी अन्तरवार्तासमेतका प्रक्रियामा सहभागी हुनको लागि सूचनासमेत प्रकाशन गरेको देखिएको अवस्था छ। विपक्षीहरूले भुलवश गल्ती भएको स्वीकार गरी निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गरी अन्तर्वार्ताको लागि सूचनासमेत प्रकाशन गरेबाट निज निवेदकको हकहरूमा प्रतिकूल गम्भीर असर परेको अवस्था विद्यमान रहेको नदेखिई निवेदकको माग पूरा हुने क्रममा रहेको देखिएकोले निवेदनको मागबमोजिम शिक्षक सेवा आयोगको वि.नं. १०४७/०७१-०७२ को लिखित परीक्षा र अन्तरवार्ता नतिजालगायतका सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुनुपर्ने देखिन नआउँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने नदेखिने।

निवेदकले दरखास्त दिएको विज्ञापन नं. १०४७/०७१-०७२ को लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशनको क्रममा अन्तरवार्ताको लागि सूचना प्रकाशनसमेत भएको देखिई थप प्रक्रियाको काम बाँकी रहेको देखिँदा निज निवेदकलाई शिक्षक छनौटको सबै प्रक्रियामा समावेश गरी कानूनबमोजिम गरी नतिजा प्रकाशन गर्नु भनी विपक्षी शिक्षक सेवा आयोगसमेतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ ०९ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६७- CR-१११७, कर्तव्य ज्यान, *थमनसिँह कवर वि. नेपाल सरकार*

छोराले बुहारी मृतकलाई कुटपिट गरेको कारणले वारदात घट्न गएको भनी बाबुले जाहेरी दिएको, सो व्यहोरालाई समर्थन गर्ने गरी आमाले आफ्नै छोराका विरूद्ध वारदात हुँदाका अवस्थासमेतलाई विश्लेषण गरी उल्लिखित कुरालाई प्रतिवादीले अन्यथा हो भनी भन्न नसकेबाट मृतकको मृत्यु प्रतिवादीले नै गरेको कुटपिटको कारणबाट हुन गएको प्रमाणित हुँदा सजाय गर्ने गरेको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था देखिन नआउने।

मिसिल संलग्न रहेको माथि उल्लिखित जिल्ला प्रहरी कार्यालय, सल्यानमा भएको मिलापत्र,

जाहेरवालाको जाहेरी, प्रतिवादीको आमाले गरिदिएको कागजबाट समेत प्रतिवादीले क्षणिक आवेगमा आई चोट छाडेको रहेछ भन्ने देखिँदैन। चोट प्रहार गरेपश्चात् मृतक पीडितलाई वारदातस्थलमा नै छाडी वास्ता, औषधि उपचार र हेरविचार नगरी प्रतिवादी अन्यत्र गई बसेको भन्ने देखिन्छ । प्रतिवादीले भनेजस्तो क्षणिक आवेगमा आई कुटपिट गरेपश्चात् सो आवेग कम भइसकेपछि आफ्नो श्रीमतीलाई कुटपिट गरेको कुरामा पश्चाताप गरी वारदातस्थलमा गएको र मृतकको बारेमा कुनै वास्ता गरेको नदेखिँदा उक्त जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीले सजायमा छुट पाउन कुनै आधार कारण पेस गरी आफ्नो जिकिर प्रमाणित गर्न नसकेबाट पुनरावेदन अदालत, तुलसीपुरबाट भएको फैसला अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, आधार, कारण र प्रमाणबाट लोग्नेस्वास्नीबीचको झैझगडाका कारण प्रतिवादीको पटकपटकको प्रहारको चोट पीडाबाट मृतक चन्द्रकली कवरको मृत्यु हुन गएको भन्ने प्रमाणित भएको अवस्थामा प्रतिवादी थमनसिंह कवरलाई अभियोग माग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सल्यान जिल्ला अदालतको मिति २०६७।१२।८ को फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।०९।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्र केशरी पोखरेल

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६७- CR -११६५, ०६७- CR -१२९५, संरक्षित वन्यजन्तु गैंडालाई गोली हानि मारी खाग बिक्री गरेको, *राम कुमाल वि. नेपाल सरकार*

अनुसन्धान अधिकारी तथा सुरू मुद्दा हेर्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा गरेको बयानमा प्रतिवादीहरूले आफूले कसुर गरेको भनी स्वीकार गरेको मिसिल संलग्न निजहरूले गरेको बयानबाट देखिन्छ । गैंडा मार्न जाँदाको बखत आफूहरूले निर्वाह गरेको भूमिका उल्लेख गर्दै एकआपसलाई पोल गरी बयान गरेको देखिन्छ । गैंडा मरेको र गैंडाको शरीरमा खाग नभएको कुराको घटनास्थल लास प्रकृति मुचुल्काबाट देखिन्छ। वारदातमा प्रयोग भएको बन्दुक बरामद गर्दा रोहवरमा बसी कागज गर्ने मानिसहरू कार्यालयमा उपस्थित भई बकपत्र गर्दा यिनै प्रतिवादीहरू गैंडा मार्न निकुञ्जमा घुमी हिँड्ने गरेका थिए भनी उल्लेख गरी दिएको तथ्य प्रमाणबाट र अन्य माथि उल्लिखित प्रमाणहरूबाट सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले गरेको मिति २०६७।३।४ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाले गरेको फैसला परिवर्तन गर्न पर्ने देखिन आएन । सहअभियुक्तको पोलको आधारमा मात्र आफूहरूलाई कसुरदार ठहऱ्याएको भन्ने पुनरावेदक प्रतिवादी शिव चौधरीको पुनरावेदन जिकिर माथि वर्णित बुँदाबाट सहमत हुन नसकिने।

प्रतिवादी लेखबहादुर भन्ने राजु कुमालले आफू अर्कै व्यक्ति भएको र वारदात भएकोभन्दा पहिले नै कामको खोजीमा विदेश भारत गइसकेको भनी जिकिर लिएको भए पनि उक्त जिकिरलाई प्रमाणित गर्ने दुई व्यक्ति फरक रहेको भन्ने कुनै प्रमाण दिएको पाइँदैन । जन्म दिने आमाले समेत आफ्नो छोरा लेखबहादुर भन्ने राजु कुमाल भएको भनी उल्लेख गरिदिएको कुरा प्रतिवादीका विरूद्धमा प्रमाणमा लिन मिल्छ। मुद्दाको पक्षले कुनै तथ्यको सम्बन्धमा जिकिर लिन्छ भने सो जिकिरलाई वस्तुनिष्ठ प्रमाणको आधारमा प्रमाणित गर्ने भार पनि उसमा नै रहेको हुन्छ। केवल जिकिर लिँदैमा पर्याप्त हुने होइन। यस

अवस्थामा पुनरावेदक लेखबहादुर भन्ने राजु कुमालले लिएको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

गैंडाको खाग बरामद नभएको अवस्था भएपनि गैंडा मरेको तथ्यमा कुनै विवाद नरहेको तथा प्रतिवादीहरूको भनाइ एकैनासको नदेखिए पनि मिसिल संलग्न तथ्यबाट मालाकार कडीको रूपमा रहेका माथि उल्लिखित प्रमाणहरूबाट प्रतिवादीहरूले गरेको कार्य समान देखिई समानरूपले दाबीबमोजिमको कसुर गरेको प्रमाणित भएको मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको पाइन्छ । कसुरको बारे उल्लेख गरेको भनाइ फरक पर्न गएको भन्ने आधारलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

सजायको मात्रा निर्धारण गर्दा प्रतिवादीहरूले वारदात घटाउँदा गरेको कार्य, तयार गरेको योजना, प्रयोग गरेको साधन (बन्दुक) र मिसिल संलग्न प्रमाणसमेतलाई हेरी निर्धारण गर्नुपर्छ । यसरी सजाय निर्धारण गर्दा प्रतिवादीहरूको कार्य फरकफरक रहेको देखी प्रमाणित भएको स्थितिमा सजाय बढी घटी हुनसक्छ । वारदात गर्दा मिसिल संलग्न निजहरूको बयानमा उल्लिखित व्यहोरा र अन्य तथ्यबाट प्रतिवादीहरूले गरेको कसुर सामूहिकरूपले समान किसिमको कार्य गरेको देखिन आएको अवस्थामा कसैलाई बढी र कसैलाई कम गर्न मिल्दैन । मिसिलबाट गैंडा मार्ने कार्यमा प्रतिवादीहरूले गरेको क्रिया समान किसिमको भई समानरूपले मार्ने कार्यमा संलग्न रहेको देखिँदा प्रतिवादीहरूलाई समानरूपले सजाय गर्ने गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने ।

राष्ट्रिय निकुञ्ज ऐनले नै गैंडालगायतका सात किसिमका वन्यजन्तुहरूलाई अति दुर्लभ वन्यजन्तुको सूचीमा राखेको र अन्य वन्यजन्तुहरूलाई छुट्टै सूचीमा राखेको अवस्था छ । अपराधको गम्भीरताको हिसाबले हेर्दा गैंडा मारेको, ओसारपसार गरेको, खरिद बिक्री गरेको, ओखटोपोहार राखेको आदि कार्यलाई गम्भीर प्रकृतीको अपराधमा राखेको पाइन्छ । न्यायकर्ताले सजाय निर्धारण गर्दा कसुर गर्दाको अवस्था, परिस्थिति, संलग्नता, कसुर गर्दाको तौरतरिका आदि पक्षलाई ध्यान दिई निर्धारण गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि योजनावद्धरूपमा आपसमा सरसल्लाह गरी बन्दुक ल्याई जङ्गलमा गई सो बन्दुकले फायर गरी गैंडा मारी गैंडाको खाग काटी बिक्री गर्न दिई सो बिक्री गरी आएको रकम सबैले बाँडी खाने योजनाअनुसार गैंडा मार्ने र खाग बिक्री गर्ने कार्य भएको र गैंडा मार्न प्रयोग भएको भरूवा बन्दुकलाई खाल्डो खनी लुकाएको भन्ने देखिएबाट कानूनले निर्धारण गरेको उपल्लो हदको सजाय निर्धारण गरेको कार्यलाई अन्यथा भन्न नसकिने ।

अतः माथि विवेचित आधार र कारणहरूको आधारमा गैंडा मार्ने कार्यमा यी प्रतिवादीहरू शिव चौधरी र लेखबहादुर भन्ने राजु कुमालको समानरूपले कसुर गर्न संलग्नता रहेको देखिँदा निज प्रतिवादीहरूलाई वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), (ज) तथा १९(१) बमोजिमको कसुरमा दफा २६(१) बमोजिम जनही १५ वर्ष कैद र रू. १,००,०००।– जरिवाना हुने हुने तथा मौकामा बरामद भई आएको भरूवा बन्दुक-१ सोही ऐनको दफा २८ बमोजिम जफत हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट मिति २०६७।३।४ गते भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाले गरेको मिति २०६७।१०।११ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०५१४, परमादेश, *कल्पित पराजुली वि. नेपाल सरकारसमेत*

मुलुकमा सुशासन र सदाचार कायम राख्नु लोककल्याणकारी राज्यको दायित्व हो । कानून बनाउने भन्ने कुरा राज्यले आवश्यकता महसुस गरे बनाउने विषय हो। कुनै विषयमा कस्तो कानून बनाउने वा नबनाउने भन्ने कुरा व्यवस्थापिका संसद्को क्षेत्राधिकारको विषय हो। सरकारले आवश्यक ठानेका विषयमा कानून बनाउन व्यवस्यापिका संसद्समक्ष विधेयक पेस गर्नसक्ने नै हुँदा कार्यपालिका तथा व्यवस्थापिकाको अधिकारक्षेत्रमा असर पर्ने गरी प्रस्तुत रिटको माध्यमबाट हस्तक्षेप गर्न उपयुक्त पनि नदेखिने।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत हुने काम कारबाहीलाई प्रभावकारीरूपले व्यवस्थितरूपमा कार्य सम्पादन गर्न कार्यालयमा सल्लाहकार समूह, स्वकीय र निजी सचिवालयलाई एउटै छातामुनि ल्याउन कार्य प्रणाली पेस गर्न प्रधानमन्त्रीबाट स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य संपादन) नियमावली २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम प्रस्ताव पेस भई स्वीकृत भई सो कार्यविधिबमोजिम सल्लाहकार समूह बनाई कार्य सञ्चालन गर्दै आएको देखिएको र त्यसरी कार्य सञ्चालन गर्ने निर्देशिका लागू भई सोहीबमोजिम सल्लाहकारहरूको नियुक्ति हुने नै हुँदा र निवेदकले आफ्नो निवेदनमा सल्लाहकार राख्न नपाउने भनी भन्नसकेको अवस्थासमेत नहुँदा मागबमोजिमको परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन हुने।

यद्यपि रिट निवेदकले राज्य कोषबाट हुने व्ययभार पारदर्शी हुनुपर्ने, राज्यले गर्ने खर्च कानूनबमोजिम हुनुपर्ने भन्ने माग दाबी उपयुक्त एवम् मनासिब देखिएकोले राज्यका महत्त्वपूर्ण ओहोदामा बस्ने राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायतका पदाधिकारीहरूले आफ्नो निजी सचिवालयमा राख्ने स्वकीय सचिव, सल्लाहकार समूह के कति आवश्यक पर्ने हो तिनीहरूको संख्या, योग्यता एवम् तलब सुविधाको बारेमा कानून बनाई कानूनी व्यवस्थाको अधीनमा रही उपयुक्त कार्य हुन मनासिव देखिएकोले राज्यका महत्त्वपूर्ण ओहोदामा बस्ने राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायतका पदाधिकारीहरूले आफ्नो निजी सचिवालयमा राख्ने स्वकीय सचिव, सल्लाहकार समूह के कति आवश्यक पर्ने हो तिनीहरूको संख्या, योग्यता एवम् तलब सुविधाको बारेमा के कस्तो कानून बनाउनुपर्ने हो अध्ययन गरी पारिश्रमिक सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी आवश्यक ऐन, बनाई कार्यान्वयन गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०६९- WO-१०४०, उत्प्रेषण, *श्रवणकुमार मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले आफू अध्ययन गर्न जानुभन्दा पूर्व दिएको निवेदनमा निज अध्ययन गरिसकी फर्केर आएपछि मात्र नेपाल सरकारबाट बिदा स्वीकृत भएको एकातिर देखिन्छ भने अर्कोतिर एक प्रकारको बिदा माग गरेकोमा अर्को प्रकारको बिदा स्वीकृत भएको जानकारी दिएको देखिन्छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफमा नेपाल स्वास्थ्य सेवा नियमावलीको नियम ५३ बमोजिम अध्ययन बिदा पाउनको लागि सम्बन्धित कर्मचारीले उक्त नियमावलीले निर्दिष्ट गरेका सबै योग्यता पूरा गर्न आवश्यक हुन्छ । निजले उक्त नियमावलीको नियम ५३(६) बमोजिम दुर्गम र अति दुर्गम क्षेत्रमा गर्नुपर्ने सेवा नगरेको कारणबाट निजलाई सो नियमबमोजिम अध्ययन बिदा दिन कठिनाई परेकोले नियम ५४(३)

(ख) बमोजिम असाधारण बिदा स्वीकृत भएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । यसबाट नेपाल सरकार स्वास्थ्य मन्त्रालय आफैँले अध्ययनको लागि छात्रवृत्तिमा छनौट गर्ने र अर्कोतर्फ अध्ययन गर्न पठाइसकेपछि मागै नभएको असाधारण विदा स्वीकृत गरेको मनासिब देखिन नआउने।

निवेदकलाई अध्ययन गर्न पठाउने निर्णय गर्दाकै अवस्थामा यी निवेदकले अध्ययन बिदा पाउन सक्ने हो होइन भन्ने सम्बन्धमा समयमा नै निर्णय गरी यो यस कारणबाट अध्ययन बिदा दिन नसकिने भनी कारणसहित निर्णय गरी समयमै निवेदकलाई जानकारी दिनुपर्ने दायित्व सम्बन्धित निकायमा रहन जाने हुन्छ । निवेदकले आफ्नो स्वइच्छाले आफ्नो खर्चमा बिदा माग गरी अध्ययन गर्नको लागि गएको नभई नेपाल सरकारको छात्रवृत्तिमा छनौट भई गएको र त्यसरी छात्रवृत्ति कोटामा छनौट गर्दाकै अवस्थामा प्रक्रिया पूरा भएको छ छैन, त्यसरी छनौट गर्नलाई योग्यता पुग्छ वा पुग्दैन, छनौट हुने कर्मचारीको सम्पूर्ण प्रक्रिया पुगको छ वा छैन ? पढाउने विषय कानूनले मिल्ने हो वा होइन ? भन्ने सम्पूर्ण कुरामा विचार गरी छनौट गर्नुपर्ने हुन्छ। त्यसरी असाधारण बिदा लिएर जानुपर्ने अवस्थाको थियो भने निवेदकलाई पूर्व जानाकारी दिई मन्जुरीसमेत लिई छनौट गर्नुपर्नेमा सोसमेत नगरी तलबीसहितको अध्ययन बिदा नपाउने स्थितिको सम्बन्धमा पहिलेनै निर्णय नगरी छात्रवृत्तिमा पठाई अध्ययन गरी फर्किसकेपछि एउटा बिदा माग गरेकोमा निवेदकलाई प्रतिकूल असर पर्ने गरी तलबीसहितको बिदा दिन इन्कार गरी असाधारण बिदा लिनुपर्ने भनी धेरै समयपछि गरेको निर्णय स्वभाविक प्रक्रिया सङ्गत तथा तर्कपूर्ण न्यायोचित निर्णय भएको भनी मान्न सकिने अवस्था नदेखिने।

असाधारण बिदा स्वीकृत हुनको लागिसमेत स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५४ (३) बमोजिम ५ वर्ष सेवा अवधि नपुगी कुनै कर्मचारीले असाधारण बिदा पाउने छैन भन्ने नियमावलीको व्यवस्थाविपरीत निवेदक ५ वर्ष सेवा अवधि नपुगी रहेको अवस्थामा के कुन आधारबाट असाधारण बिदा स्वीकृत भएको हो लिखित जावाफबाट प्रस्ट खुल्न आएको देखिँदैन। उक्त नियमावलीअनुसार असाधारण बिदा स्वीकृत हुनसक्ने अवस्थासमेत नदेखिने।

साधिकार निकायले छात्रवृत्तिमा छनौट गर्दाकै अवस्थामा सम्पूर्ण प्रक्रिया पूरा गरी ऐन, नियमको परिधिभित्र रही छनौट गर्नुपर्नेमा सो नगरी निवेदकले दिएको बिदासम्बन्धी निवेदनउपर समयमै कुन बिदा पाउने हो निर्णय गरी निकासा दिनुपर्नेमा निवेदकले छात्रवृत्ति प्राप्त गरी अध्ययन समाप्त गरी आई पुन: काममा लागिसकेको अवस्थामा निवेदन मागअनुसार नगरी नियमले दिन नमिल्ने बिदा स्वीकृत गरेको जानाकारी दिएको कानून नियमसङ्गत देखिएन । स्वयम् संस्थाले छात्रवृत्तिमा छनौट गरी अध्ययन गर्न पठाएको देखिँदा अध्ययन बिदा दिन नमिल्ने भन्ने भनाईसँग सहमत हुन नसकिने।

तसर्थ यी निवेदकलाई मिति २०६७।४।१२ देखि २०६९।१।४ गतेसम्म असाधारण बिदा स्वीकृत गरेको नेपाल सरकारको मिति २०६९।३।२४ को निर्णय, मिति २०६९।४।५ को निर्णय, मिति २०६९।५।१२ को निर्णय, मिति २०६९।११।९ को निर्णय र सो निर्णयबमोजिम भएका विभिन्न मितिका पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। साथै निवेदकको मागबमोजिम मिति २०६७।४।१२ देखि २०६९।१।५ सम्म निवेदकको तलबी अध्ययन बिदा स्वीकृत गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९- WO-१३७९, उत्प्रेषण, *सरस्वती देवी पाठकसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जुन समयमा क्षति भएको थियो सो समयमा निवेदकहरूको नाममा जग्गाको हक स्वामित्त्व नै नभइसकेको कुरा निवेदकहरूले दाबी लिएको देखिन्छ। हक स्वामित्त्वमा आउनुभन्दा पूर्व क्षति भएको सम्बन्धमा दाबी लिएकोलाई न्यायोचितरूपबाट दाबी लिएको भन्न मिल्ने अवस्था देखिएन । क्षति प्राप्त गर्नलाई आफ्नो हकमा थियो भनी भन्न नसकेको र त्यस्तो हकै नपुगेको अवस्थामा सम्पत्तिसम्बन्धी हकमा असर परेको भनी मान्न सकिने अवस्था नदेखिने।

के कस्तो अवस्थामा के कति क्षतिको निर्धारण गर्ने कुन मितिसम्म हक प्राप्त भएको सम्पत्तिमा क्षति दिनुपर्ने हो दैवीप्रकोपबाट भएको क्षतिलाई राहतस्वरूप राज्यले सहयोग सहायता प्रदान गर्दा नीतिगतरूपबाट निर्णय गरी कहिलेदेखि कहिलेसम्मको के कुन आधारमा कहिलेसम्म हक पुगेको कुरामा क्षति निर्धारण गरिनु पर्ने हो सो सरकारको नीतिगत विषयको कुरा भएको र नीतिगत निर्णय हुँदा २०६५ साल भाद्र २ गतेसम्म जग्गाधनी कायम भएका जग्गाधनीलाई जग्गाधनी प्रमाण पुर्जासमेत आधारलाई हेरी क्षति पुग्नुभन्दा अगाडि दर्ता स्रेस्ता कायम भई जग्गाधनी निश्चित भइसकेका नागरिकलाईसम्म क्षतिपूर्ति दिने निर्णय भएको र बाढीले क्षति गरेर पछि कायम हुन आएका जग्गाधनीको हकमा क्षतिपूर्ति दिने नीतिगत निर्णय भएको देखिँदैन। जुन नीतिगत निर्णयबाट क्षतिपूर्ति दिने निर्णय भएको छ। नेपाल सरकारको नीतिगत निर्णयभन्दा बाहिर गई पछि जग्गाधनी कायम भएकालाई समेत पूर्वनिर्णयमा समावेश हुने गरी हस्तक्षेप गर्नु कानूनसङ्गत नदेखिने।

अतः नेपाल सरकारको निर्णयबमोजिम २०६५ साल भाद्र २ गतेसम्म जग्गाधनी कायम भएकाहरूलाई सप्तकोसी बाढी पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने र सो मितिपश्चात् जग्गाधनी कायम भएकाहरूलाई क्षतिपूर्ति तथा राहत उपलब्ध नगराउने भनी भएको नेपाल सरकार गृह मन्त्रालय (सचिव स्तर) को मिति २०६९।१२।७ को निर्णयबाट निवेदकहरूको संवैधानिक हकमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१२२९ र ०६८-CR-१२३८, कर्तव्य ज्यान, *रामधनी महतो वि. नेपाल सरकार र नेपाल सरकार वि. रामधनी महतोसमेत*

अनुसन्धान अधिकारीसमक्ष कागज गर्नेहरूले पहिले आफूले भनेको भनाईको विपरीत हुने गरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाँदा सरकारवादी मुद्दामा वादी पक्षका साक्षीहरू उपर अनुचित प्रभाव र दबाब पार्न सक्ने, अपराधीहरूले कहिल्यै पनि सजाय नपाउने भई दण्डहीनताको अवस्थामा सिर्जना हुन जान्छ । अपराध गर्दै जाने, प्रहरीमा साबिती हुने र पछि अदालतमा इन्कारी बयान दिएकै आधारमा मात्र कसुरबाट सफाइ दिँदा अपराधसँग सम्बन्धित महत्त्वपूर्ण अनुसन्धान तथा सबुद प्रमाण संकलनका साथै प्रहरीले अनुसन्धानको क्रममा लिने बयानसमेत निष्प्रयोजन हुन जाने।

प्रतिवादी रामधनी महतोको कर्तव्यबाट विन्देश्वार महतोको मृत्यु भएको भन्ने अन्य मालाकार प्रमाणहरूबाट समेत कसुर पुष्टि भइरहेको अवस्थामा

वादी पक्षबाट अदालतमा प्रमाणको रूपमा पेस गरिएको व्यक्तिले प्रतिकूल भनाइ राखेकै आधारमा मात्र फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गर्न मिलेन । इन्कारी बयान र प्रतिकूल भनाइकै आधारमा आरोपित कसुरबाट उन्मुक्ति दिँदा कानून तथा न्यायविपरीत समेत हुन जाने ।

अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजलाई ईन्कार गरी अदालतमा बकपत्र गरे तापनि वारदात भएको कुरालाई स्वीकार गरी यी वादीका दुई जना प्रतिकूल साक्षीहरूको भनाई, मृतक विन्देश्वर महतोको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का एवम् शव परीक्षण प्रतिवेदन, मृतकको पत्नी अमेरिकला देवीको किटानी जाहेरी र बकपत्रबाट मृतकको टाउकोमा गोली हानि हत्या गरिएको भन्ने कुरा पुष्टि भइरहेको आधार प्रमाणहरू समेतबाट प्रतिवादी रामधनी महतोले अनुसन्धानको क्रममा गरेको साबिती बयानलाई समर्थन नै गरिरहेको देखिँदा निज कसुरदार नै भएको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी रामधनी महतोको पुनरावेदन जिकिर तथा निजको कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी रामधनी महतोबाट चोरीको माल सामान बरामद नभएको र मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत निज प्रतिवादीले चोरीको कसुर गरेको भने पुष्टि हुनसकेको नदेखिँदा प्रतिवादी रामधनी महतोलाई चोरीको कसुरमा पनि सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू अरूणकुमार महतो र राजकुमार महतोको जाहेरी दरखास्तमा निजहरूको नाम उल्लेख नहुनुका साथै जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा पनि निजहरूको नाम उल्लेख गर्नसकेको देखिएन । सहअभियुक्त रामधनी महतोले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू कसुरमा साबित भई निजहरूलाई पोल गरेकोसम्म देखिन्छ । तर यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफू कसुरमा ईन्कार भई बयान गरेको देखिन्छ भने निजको बयानलाई निजहरूको साक्षीहरूले समेत समर्थन गरी बकपत्र गरेको देखिन्छ । अनुसन्धानका क्रममा कागज गर्ने जहरी देवी, इव्राइस कवारी, मोसलिम कवारी, अर्जुन महतो, हलिम अन्सारी, रामनारायण महतोसमेतले पोल गरे पनि वादी पक्षले अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको नदेखिँदा तिनीहरूको अनुसन्धानका क्रममा गरेको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्ने देखिन आएन । अतः अभियुक्तको पोललाई वादी पक्षले अन्य प्रमाणहरूबाट पुष्टि गर्न नसकेको अवस्थामा निज प्रतिवादीहरू उपर कर्तव्य ज्यानको कसुरमा गढाउ गर्न नमिल्ने ।

प्रतिवादीहरू अरूणकुमार महतो र राजकुमार महतोउपर चोरीको अभियोग दाबीतर्फ हेर्दा निजहरूबाट चोरी भएको भनिएको मालसामान तथा नगद निजहरूबाट बरामद हुनसकेको छैन । जाहेरवालीले जाहेरी दरखास्त तथा अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूको नाम उल्लेख गरेको नदेखिनुका साथै यी प्रतिवादीहरू आरोपित कसुरमा इन्कार भई अदालतमा बयान गरेको र सो इन्कारी बयानलाई निजको साक्षीहरूको बकपत्रबाट समेत पुष्टि भएको देखिँदा मृतक विन्देश्वर महतोको मोटरसाइकल र कपिलदेव साहको मोबाइल र नगद लुटी खोसी चोरी गरी लगेको कुरा स्वतन्त्र एवम् ठोस प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूउपरको चोरी तर्फको दाबी जिकिरसँग पनि सहमत हुन नसकिने ।

अतः प्रतिवादी धनीकलाल महतो भन्ने रामधनी महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी तथा अन्य प्रतिवादीहरू अरूणकुमार महतो र राजकुमार महतोलाई आरोपित कसुरबाट सफाइ दिने गरी र चोरीको अभियोग दाबीबाट सबै प्रतिवादीहरूलाई

सफाइ दिने गरी मिति २०६७।३।८ मा भएको धनुषा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल साउन १८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०५९७, बन्दीप्रत्यक्षीकरण, मुन्द्रिका देवी राय अमात वि. सुनसरी जि.अ. इनरूवा सुनसरीसमेत

कर्तव्य ज्यान मुद्दाका प्रतिवादी मुन्द्रिका देवी राय अमातका नाउको ७० दिने म्यादी पुर्जी निज प्रतिवादीका ससुरा नाताका कप्लेश्वर राय अमातले बुझेको देखियो । पुनरावेदकले मुन्द्रिका देवी राय अमात नाम गरेको व्यक्ति अमडुवा गा.वि.स. वडा नं.१ मा अरू पनि छन भनी रिट निवेदनमा उल्लेख गरे तापनि अमडुवा गा.वि.स. वडा नं.१ बस्ने रामकिसुन राय अमातको श्रीमती आफूबाहेक मन्द्रिका देवी राय अमात पनि छन् भनी देखाउन सकेको पाइँदैन। पुनरावेदकले मेरो पतिको नाम रामकिसुन राय अमात हो भनी उल्लेख गरेकोमा पति भनी उल्लेख गरेका व्यक्ति निज रामकिसुन राय अमात र प्रस्तुत कर्तव्य ज्यान मुद्दामा अभियोग लागेका रामकिसुन राय अमात अलगअलग व्यक्ति हुन् भनी यी पुनरावेदिकाले भन्न नसकेसमेतबाट कर्तव्य ज्यान मुद्दामा अभियोग लागि कसुरदार ठहरेका व्यक्ति मन्द्रिका देवी राय अमात यी पुनरावेदिका नै भएको पुष्टि हुन आयो । अदालतको फैसलाअनुसार लागेको कैद असुल गर्ने सिलसिलामा पक्राउ गरी कानूनबमोजिम रिट निवेदिकालाई थुनामा राखेको देखिँदा सो थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिने।

अत: पुनरावेदिका मुन्द्रिका देवी राय अमातले मुन्द्रिका देवी राय अमातलाई ठहर भएको कैदको नाममा आफूलाई थुनामा राखेको गैरकानूनी छ भन्ने जिकिर लिएको देखिए तापनि पुनरावेदिकाको पतिको नाम, वतन र एउटै परिवारको व्यक्ति देखिएको अवस्थामा पुनरावेदिकाले लिएको जिकिर पुष्टि हुन नआएको हुँदा पुनरावेदिकालाई राखेको थुनालाई गैरकानूनी भन्न नमिल्ने भनी पुनरावेदन अदालत, विराटनगरबाट रिट खारेज गर्ने गरी भएको मिति २०७३।३।२६ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदीपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०१६७, उत्प्रेषण, *महाविर मल्लिक वि. केशो अनिरूद्धवति मा.वि., राजविराजसमेत*

निवेदक महावीर मल्लिक केशो अनिरूद्धवती मा.वि. राजविराजको विद्यालय व्यवस्थापन समितिको अध्यक्षलगायत ३ सदस्यको छनौटका लागि मिति २०६८।९।१९ मा भएको अभिभावक भेलामा आफैँ उपस्थित भई हस्ताक्षरसमेत गरेको देखिएको र उक्त अभिभावक भेलाले महामाया प्रसाद सिंहलाई उक्त विद्यालयको अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन्छ। उक्त प्रमाण कागजातलाई रिट निवेदकले अन्यथा हो भनी भन्नसकेको अवस्था पाइँदैन । तसर्थ आफ्नोसमेत उपस्थितिमा भएको निर्णयमा लिखितरूपमा समर्थन जनाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्ने कार्यलाई स्वीकार गरिसकेपछि पुन: सोही कार्यका विरूद्धमा उजुरी गर्नु उपयुक्त देखिन नआउने।

शिक्षा ऐन, नियमको परिधिभित्र रहेर विपक्षी महामाया प्रसाद सिंहलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा छनौट गरेको देखिँदा रिट निवेदकको मागबमोजिम गैरकानूनीरूपमा अध्यक्ष

छनौट गरेको देखिन नआएबाट रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिन आयो । तसर्थ: पुनरावेदन अदालत, राजविराजले उत्प्रेषणको रिट खारेज हुने ठहऱ्याई मिति २०६८।१२।१९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदीपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०५८२, झुट्ठा प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको, *रत्नहजुर सेन वि. नेपाल सरकार*

प्रतिवादी रत्नहजुर सेनले आफूले पेस गरेका शैक्षिक योग्यताका प्रमाण पत्र व्यक्तिगत फाइलबाट हटाई पाउँ भनी मिति २०५७।३।२२ मा निवेदन दिएको अवस्था मिसिलबाट देखिँदा निजले पहिला पेस गरेको शैक्षिक योग्यताका प्रमाणहरू निज आफैँले नक्कली रहेको स्वीकार गरेको देखिन आउँछ । पटक-पटक प्रमाणीकरण गर्न पठाउँदा शैक्षिक योग्यताको प्रमाण पत्र गलत भन्ने तथ्य प्रमाणीकरण भई आएको देखिनुका साथै उक्त व्यहोरालाई खण्डन हुने कुनै ठोस प्रमाण यी प्रतिवादीले पेस गर्न सकेको नदेखिएको अवस्थामा निजले पेस गरेको इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाण पत्र नक्कली नै रहेको पुष्टि हुन आउने।

प्रतिवादी उपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको कसुर कायम गरी सजायको दाबी लिएको देखिन्छ । कसुर हुँदाका बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) ले गरेको र प्रतिवादीले सन् १९९७ को प्रमाण पत्र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुपूर्व नै पेस गरेको देखिँदा निज प्रतिवादीको हकमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०१७ को कानूनी व्यवस्था नै आकर्षित हुने।

तसर्थ माथि विवेचना गरिएका आधार कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीले नक्कली प्रमाण पत्र पेस गरेको भन्ने आरोपपत्र माग दाबी पुष्टि भएको देखिँदा निज प्रतिवादी रत्नहजुर सेनले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२को कसुर गरेको ठहऱ्याई सोही ऐनको दफा १२ र २९(२) अनुसार रू.५००।- (पाँचसय) जरिवाना हुने ठहऱ्याएको सुरू विशेष अदालत काठमाडौंको मिति २०७०।३।३१ को फैसला मिलेकै देखिँदा प्रत्यर्थी झिकाउनु परेन। विशेष अदालत काठमाडौंको फैसला सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमल्सिना

इति संवत् २०७३ साल फागुन १० गते रोज २ शुभम्।

५

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-१५२५, ०६७-CI-०५४१, ०५४२, ०६७-CI-०५४३, फैसला निर्णय बदर, दर्ता बदर दर्ता कायम, *विष्णु श्रेष्ठ वि. मदनप्रसाद दाहालसमेत, वीरप्रसाद लिम्बूसमेत वि. मदनप्रसाद दाहालसमेत र नरबहादुर राईसमेत वि. मदनप्रसाद दाहालसमेत र भीमा राईसमेत वि. मदनप्रसाद दाहाल*

पृथकपृथक प्रश्नहरू रहेको अवस्थामा उक्त प्रश्नहरूमा जो प्रमाण बुझी निर्णय गर्ने अधिकार पुनरावेदनको रोहमा इन्साफ जाँच गर्ने अदालतको नभई सुरू अदालतको अधिकार क्षेत्रमा पर्दछ। यस्ता प्रकृतिका विवादमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको रोहमा प्रमाण बुझी निर्णय गरेमा संकलन भएका सबुत प्रमाणको खण्डन गरी पुनरावेदन गर्न पाउने हक अधिकारबाट पक्ष वञ्चित हुन पुग्दछ । पुनरावेदनको रोहमा तल्लो अदालतको इन्साफ जाँच

गर्दा यस्तो स्थिति देखिन आएमा उपर्युक्त न्याय प्रशासन ऐन, २०७४ को दफा १४ को देहाय (घ) बमोजिम इन्साफ गर्न छुटाएका बाँकी प्रश्नहरूमा निर्णय गर्न सुरू क्षेत्राधिकार रहेको अदालतमा पठाउनसक्ने अधिकार पुनरावेदनको रोहमा इन्साफ जाँच गर्ने अदालतलाई रहेको पाइने।

उपर्युक्त तथ्यहरू र कानूनी व्यवस्थाको आधार र कारणबाट सुरू सुनसरी जिल्ला अदालतले वादी दाबीबमोजिम सुनसरी जिल्ला अदालतबाट मिति ०५९।१।२३, पुनरावेदन अदालत, विराटनगरबाट मिति ०५९।७।५ मा भएका फैसलाहरू र यस अदालतबाट निस्सा प्रदान गर्न नमिल्ने भनी मिति २०६०।१०।१४ भएको आदेश र वादीको हजुरआमा नन्दकुमारीको दाता कोमलकुमारीको जिमीदारीभित्रका दाबीका कि.नं. हदबन्दी मुद्दामा राख्न पाउने हदभन्दा बढी भएको भनी नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम प्राप्त गरी बिक्री वितरण गर्ने गरी भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०३७।१।४ मा भएको निर्णय बदर हुने नहुने के हो भन्नेसमेतका प्रश्नहरू तर्फ मिति २०६४।१।४ मा फैसला गर्दा स्पष्ट बोली फैसला गरेको नदेखिई मुलुकी ऐन, अ.बं. १९२ नं.को त्रुटि रहेको देखिँदा जिल्ला अदालतको उक्त फैसला सदर कायम राखिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६४।१।४ मा भएको फैसला बदर गरी उपस्थित पक्षलाई सुरूको तारेख तोकी र अनुपस्थित पक्षलाई झिकाई जो जे बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।९।३० मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *राजन केसीको हकमा गीतादेवी थापा वि. केन्द्रीय कारागार कार्यालय, जगन्नाथ देवलसमेत*

ईश्वरी के.सी. निवेदिकासमेतबाट छुट्टी भिन्न भएको प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। रिट निवेदनसाथ महालक्ष्मी नगरपालिका अन्तर्गतको वडा कार्यालयको सिफारिस पत्र पेस गरेको देखिन्छ। उक्त सिफारिस पत्रमा राजनकुमार के.सी. मिति २०७१।१।७ देखि मिति २०७३।३।३० सम्म घरमा नरहेको भन्ने व्यहोरासम्म उल्लेख भएको देखिन्छ। त्यसमा विवादित म्याद बुझिलिने ईश्वरी के.सी. र राजनकुमार के.सी. छुट्टी भिन्न भएको कुरा उल्लेख भएको देखिँदैन। घरमा नबस्नु र छुट्टी भिन्न हुनु फरकफरक कुरा हुने।

ईश्वरी के.सी. ले बुझेको उक्त म्याद हेर्दा मुलुकी ऐन, अ.बं.११० नं. ले निर्धारण गरेको कानूनी व्यवस्थाबमोजिम २ जना स्थानीय भलाद्मी साक्षी राखि महालक्ष्मी नगरपालिका वडा नं. १५ का वडा सचिवको रोहबरमा तामेल गरेको देखिन्छ। एकाघर परिवारका व्यक्तिलाई बुझाई कानूनले तोकेको प्रक्रिया पूरा गरी तामेल गरेको म्याद सूचनालाई पनि बेरीतको भन्दै बदर गर्दै जाने हो भने म्याद तामेल प्रक्रिया एकदमै जटिल बन्न जाने अवस्था उत्पन्न हुन्छ। त्यसतर्फ पनि यस अदालतले हेर्नुपर्ने हुन्छ। त्यसर्थ कानूनबमोजिम एकाघर परिवारको नामबाट तामेल भएको म्यादलाई बेरीतपूर्वक तामेल भएको मान्न मनासिब नहुने।

अतः मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको रीत र प्रक्रिया पूरा गरी म्याद तामेल भई सो म्यादमा हाजिर नहुने प्रतिवादी / निवेदकको हकमा नियमित

प्रक्रियाबाट ठगी मुद्दामा कारबाही भई फैसला भइसकेपछि सो फैसलाअनुरूप रहेको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने देखिँदा यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-१०८९, परमादेश, दिनानाथ पोखरेलसमेत वि. सम्माननीय अध्यक्ष, अन्तरिम चुनावी मन्त्रिपरिषद्को कार्यालयसमेत

निवेदकहरूको उम्मेदवार हुन पाउँ भन्ने विज्ञापनमा निजहरूलाई स्थायी बन्न उम्मेदवार बन्न एक पटकको लागि उमेरको हक नलाग्ने व्यवस्था भएको र निवेदकहरूले निवेदन लिई आएको विज्ञापन अनुरूपको कार्यसमेत सुसम्पन्न भई अस्थायी शिक्षकको समस्या संवोधन गर्न नेपाल सरकारले शिक्षा ऐन, २०२८ मा आठौं संशोधन गरी स्थायी पदमा नियुक्तिका लागि प्रकाशित हुने विज्ञापनमा उम्मेदवार बन्न पाउने व्यवस्था गरिसकेको देखिँदा रिट निवेदकहरूको अस्थायी शिक्षकहरूको हकमा छुट्टै व्यवस्था गरी आन्तरिक प्रक्रिया पुऱ्याई स्थायी गर्ने तथा प्रकाशित विज्ञापनमा प्रतिस्पर्धामा सहभागी हुन उमेर हदको बन्देज नलाग्ने व्यवस्था होस् भन्ने मागको सम्बोधन भइसकेकोले निवेदन मागबमोजिम विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०२९५, उत्प्रेषण, *सुदर्शन देउजा वि. नेपाल आँखा अस्पताल, त्रिपुरेश्वरसमेत*

श्रम ऐन, २०४८ को दफा २(ख) ले "प्रतिष्ठान भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापित दशजना वा सोभन्दा बढी कामदार वा कर्मचारी कार्यरत रहेको कुनै कम्पनी संगठन, संस्था, फर्म वा तिनको समूह सम्झनुपर्छ.." भनी संस्थालाई पनि प्रतिष्ठानकै रूपमा परिभाषित गरेको पाइन्छ । प्रतिष्ठानमा कार्यरत कामदार वा कर्मचारीको हकमा श्रम ऐन, २०४८ मा वैकल्पिक उपचारका व्यवस्थाहरू रहे भएकै देखिन आएको छ। श्रम ऐन, २०४८ को दफा ५८ मा " यो ऐन वा यस ऐनअन्तर्गतको नियममा व्यवस्था गरिएकोमा बाहेक यस ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै काम कुरा भए गरेको रहेछ भने सो काम कारबाही श्रम विभागको आदेशले बदर हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको दफा ६० को खण्ड (ग) ले व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्थासमेत गरेको देखिन्छ। यसरी वैकल्पिक उपचारको उपलब्धता रहेको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र भित्र प्रवेश गरी उपचारको माग गर्न मिल्ने अवस्थासमेत नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट नेपाल आँखा अस्पतालको नियमावली, २०६३ बमोजिम यी निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णयबाट संवैधानिक तथा कानूनी हक हनन भएको

मान्न मिल्ने अवस्थासमेत नभएको र वैकल्पिक उपचार नअपनाई प्रस्तुत रिट निवेदन दायर गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिएन। निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१०२२, निषेधाज्ञा, *ईश्वरी श्रेष्ठ वि. रामलाल मानन्धर*

विवादित कित्ता नं .११४ जग्गाको बारेमा निवेदक र प्रत्यर्थीहरूको बीचमा यही विवादित कित्तामा जग्गा खिचोला मुद्दा परी सबुद प्रमाण बुझी फैसलाहरू भइरहेको देखियो। सोही जग्गा खिचोला मुद्दाबाट नै पुनरावेदकलाई कानूनी उपचार प्राप्त हुने र वैकल्पिक उपचारको साधारण अधिकारक्षेत्र ग्रहण भई अदालतबाट फैसलासमेत भइसकेको देखिन्छ। जग्गामा रहेको हकबेहकसम्बन्धी प्रश्नमा जग्गा खिचोला मुद्दाबाट नै विवादको दिगो समाधान हुने हुन्छ। सो जग्गा खिचोला मुद्दामा जे ठहर हुन्छ विवादित जग्गाको सम्बन्धमा सोही कायम हुने भई मान्यता पाउने हुने हुन्छ। जग्गा खिचोला मुद्दा परी फैसला भइसकेको स्थितिमा सोही विषयको प्रस्तुत निषेधाज्ञाको आदेशले निवेदकलाई तात्विक असर पर्न जाने अवस्था देखिन नआएकोले निषेधाज्ञाको आदेश जारी गर्दै वा नगर्दैमा निवेदकलाई असर नपर्ने हुँदा विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई पुनरावेदन पाटनको मिति २०७०।८।१२ को आदेश सदर हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०५५९, निषेधाज्ञा, *रामबिहारी चौधरीसमेत वि. ज्ञान्ती देवी*

मिसिल संलग्न जग्गाधनी दर्ता, प्रमाण पुर्जाबाट जिल्ला बारा, फत्तेपुर गा.वि.स. वडा नं. ६, कि.नं. १११ को ज.वि. १-१२-० र ऐ.ऐ. कि.नं. ११३ को ज.वि. १-५-० जग्गा प्रत्यर्थी ज्ञान्तीदेवीका नाउँमा दर्ता स्रेस्ता कायम रहेको नम्बरी जग्गा देखिन्छ। यस विषयमा यी पुनरावेदकहरूले समेत विवाद उठाउन सकेका छैनन्। मिति २०७०।१२।२२ गते गाउँबासीहरूको भेला बसी सडक निर्माण समिति गठन गर्ने निर्णय भएको देखिन्छ। उक्त भेलामा यी प्रत्यर्थी ज्ञान्ती देवी उपस्थित भई सहिछाप गरेको देखिँदैन भने पुनरावेदकहरूले समेत प्रत्यर्थी ज्ञान्ती देवीले लिखित सहमति दिएको भनी उल्लेख गर्नसकेको अवस्था देखिँदैन। यसरी ज्ञान्ती देवीको नाउँमा दर्ता रहेको जग्गामा निजको मन्जुरी सहमतिबेगर निवेदकको उक्त जग्गामा बाटो निर्माण गर्दा सम्पत्तिसम्बन्धी अधिकारमा आघात पुग्न जाने हुन्छ। अत: निषेधाज्ञा जारी गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।३।२५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०१३२, निषेधाज्ञा / परमादेश, *मन्सुरूल हक सिद्दिकी वि. ईलाका प्रहरी कार्यालय, सिमरासमेत*

प्रत्यर्थीको लिखित जवाफ साथ पेस भएको निवेदकले प्रत्यर्थी कार्यालयमा मिति २०७०।५।१३ मा पेस गरेको कागज हेर्दा विपक्षीसँग मेरो छलफल हुँदै गरेकोले हाललाई हुलाकबाट पठाएको ठगी मुद्दाको

जाहेरी दर्खास्त दर्ता गर्नुपर्ने अवस्था नपरेको भन्ने व्यहोरा उल्लेख भएको छ । निवेदकले हुलाकबाट पठाएको जाहेरी दर्खास्तलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ९० नं. अनुसार सनाखत गर्न बोलाई जाहेरी दर्खास्त दर्ता गर्ने प्रक्रिया प्रत्यर्थीले अवलम्बन गरेको देखियो । सो अ.बं. ९० नं. को प्रक्रिया अवलम्बन गरी निवेदकलाई बुझेकोमा आफूले दिएको ठगीको जाहेरी दरखास्त दर्ता गर्नु परेन भनी कागज गरेको हुँदा निज निवेदकले नै कारबाही नगर्नु भनी प्रत्यर्थी कार्यालयमा गरेको कागजलाई अन्यथा भन्न सकिएन । हुलाकबाट प्राप्त जाहेरी दरखास्त प्रत्यर्थी ईलाका प्रहरी कार्यालय बाराले अ.बं. ९० को प्रक्रिया अवलम्बन गरी स्वयम् जाहेरवालाले सो जाहेरी दर्ता गरी कानूनी प्रक्रिया अघि बढाउन स्वयम्ले ईच्छा व्यक्त नगरी दर्ता गर्नुपर्ने अवस्था नपरेको भनी ईलाका प्रहरी कार्यालयमा कागज गरेको हुँदा मागबमोजिम परमादेशको आदेश जारी हुने नठहर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।८।१२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-१०४१, उत्प्रेषण, *महमद सगरूर मियाँ वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

मालपोत कार्यालय रौतहटबाट आ.व. २०६७/०६८ को लागि कायम गरिएको न्यूनतम मूल्याङ्कन हेर्दा विवादित कि.नं.४५६ को जग्गाको प्रतिकठ्ठा रू.६,००,०००।- भएको पाइन्छ । तर रौतहट जिल्ला अदालतबाट मिति २०६५।५।७ को जायजात मुचुल्कामा उक्त कि.नं. ४५६/४४५ को जग्गा प्रतिकठ्ठा रू.२,१०,०००।- एवम् २०६५।७।१८ मा कायम मूल्य मुचुल्कामा प्रतिकठ्ठा रू.२,२०,०००।- मूल्याङ्कन गरेको पाइन्छ । सोही कायम मूल्यका आधारमा २०६७।३।१३ मा भएको डाँक लिलाम कसैले सकार नगरेपछि २०६७।४।१० मा उक्त कित्ता जग्गामध्ये ०-१-९ जग्गा रू.३,२०,६२३।८२ मा लिलाम सकार गरेको भन्ने देखिन्छ । यसरी दुई वर्ष पहिले कायम पञ्चकिर्ते मोललाई नै आधार मानी गरेको डाक लिलामको कार्य उक्त नियम ७५(५) र ७५(७) समेतको आधार ग्रहण गरी भएको भनी मान्न नमिल्ने ।

लेनदेन मुद्दाले ठहर गरेको साँवा ब्याज तथा कोर्ट फीसमेत मिति २०६७।११।६ मा दाखिला भइसकेको भन्ने मिसिल संलग्न रौतहट जिल्ला अदालतको धरौटी रसिदबाट देखिएको अवस्थामा विवादास्पद डाँक लिलामलाई कायम राख्नुको औचित्यसमेत पुष्टि हुन नसकेको अवस्थामा त्यस्तो आदेशलाई बदर गरेको रौतहट जिल्ला अदालतको मिति २०६७।११।६ को आदेशलाई बदर गरी उक्त लिलामलाई यथावत् कायम राखेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१२।२४ को आदेश त्रुटिपूर्ण देखिन आउने ।

तसर्थ रौतहट जिल्ला अदालतबाट लिलामसम्बन्धी कार्य बदर गर्ने गरी भएको आदेशलाई बदर गरेको पुनरावेदन अदालत, हेटौंडाको २०६७।१२।२४ को आदेश उत्प्रेषणको आदेशले बदर हुन्छ । अब रौतहट जिल्ला अदालतको मिति २०६७।११।६ को आदेशबमोजिम गर्नु भनी रौतहट जिल्ला अदालतको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-१०३९, उत्प्रेषण / परमादेश, *महमद सगरूर मियाँ वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

मालपोत कार्यालय रौतहटबाट ०६७/६८ मा जारी न्यूनतम मूल्याङ्कन पुस्तिका हेर्दा सवगडा गा.वि.स.को गौर च.पुर सडकबाहेकका जग्गाहरूको न्यूनतम् मूल्याङ्कन रू.६०,०००।- प्रति कट्ठा तोकेको पाइन्छ भने पञ्चकिर्ते मूल्याङ्कनले गौर नगरपालिकाको जग्गाको रू.२७०००।- एवम् सोही जग्गाको जायजाती मुचुल्कामा उक्त जग्गाको मूल्य रू.२५०००।- भनी मूल्य कायम गरेको देखियो । यसरी मोल कायम गर्दा के कुरालाई आधार लिएको हो भन्ने पनि केही खुल्न आएको अवस्था देखिँदैन । डाक लिलाम गरिएको जग्गा खोलो पहिरो लागेको कैफियतवाला जग्गा हो भन्ने पनि खुल्न आएको छैन । यस्तो अवस्थामा बिना कुनै आधार कारण हचुवाको भरमा मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्यभन्दा अस्वाभाविकरूपमा घटी कायम भएको पञ्चकिर्ते मूल्याङ्कन एवम् जायजाती मुचुल्काले कायम गरेको मूल्यलाई मात्र भर गरी भएको डाक लिलामलाई कानूनबमोजिम भएको मान्न नमिल्ने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को उपनियम (७) ले एकपटकमा लिलाम हुन नसक्ने परिस्थितिको कल्पना गरी दोस्रो पटक मूल्याङ्कन एवम् लिलामीको प्रक्रियामा जान सकिने कानूनी व्यवस्था गरेको अवस्थामा डाक लिलामको विषयमा एकै पटकमा लिलाम सकार हुँदा नै हचुवाको भरमा भएको पञ्चकिर्ते मूल्याङ्कन, जायजाती मुचुल्का एवम् सोको आधारमा भएको डाक लिलाम एवम् सोसँग सम्बन्धित काम कारबाहीहरूले मान्यता पाउनसक्ने नदेखिने ।

तसर्थ रौतहट जिल्ला अदालतको मिति २०६४।१२।४ को लेनदेन मुद्दाको फैसलाबमोजिम बिगो असुल गर्ने सन्दर्भमा २०६५।९।९ मा भएको जायजाती मुचुल्का, मिति २०६५।११।२१ मा भएको पञ्चकिर्ते मोल मुचुल्का, एवम् २०६७।४।१२ को डाक लिलाम तथा सो आधारमा मालपोत कार्यालयलाई २०६७।९।८ मा लेखिएको दा.खा.पत्र एवम् सो आधारमा भएको दा.खा.लगायतका काम कारबाही तथा रौतहट जिल्ला अदालतको मिति २०६७।९।१६ को आदेश तथा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१२।७ को आदेशसमेत कानूनअनुकूल नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ । अब कानूनको प्रक्रिया पूरा गरी बिगो भरी भराउ गर्नु गराउनु भनी रौतहट जिल्ला अदालतका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. आनन्दमोहन भट्टराई,** ०६७-WO-०८५१, परमादेश, *चन्द्रमणी उपाध्याय नेपाल वि. महानगरीय प्रहरी परिसर, काठमाडौंसमेत*

संविधानले प्रदान गरेको सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ गर्न पाउने मौलिक हकको रक्षाको लागि सर्वप्रथम मुद्दाको उठान हुने निकायबाट आफ्नो कर्तव्य पालन गरी सर्वप्रथम जाहेरी तथा उजुरी लिई आवश्यक अनुसन्धान गरी मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा टुङ्गो लगाउनु पर्ने हुन्छ । मुद्दा अदालत तथा न्यायिक निकायसमक्ष आएपछि मात्र न्यायिक प्रक्रियामा जाने र न्याय प्राप्त गर्ने अवस्था सिर्जना हुन्छ । यस अवस्थासम्म आउनेबाटोको सुरूवात भनेको जाहेरी दरखास्त तथा उजुरी निवेदन नै हो तर त्यस्तो उजुरी लिने अधिकार रहेको निकायले

उजुरी लिन नै इन्कार गर्नुलाई नागरिकको मौलिक हकप्रति संवेदनशील नभएको अवस्था देखिने।

राज्यको तर्फबाट नागरिकले प्राप्त गर्नुपर्ने हक अधिकारको रक्षाको लागि कानूनले तोकेको आफ्नो दायित्वको पालना गर्नु सम्बन्धित निकाय तथा पदाधिकारीको कर्तव्य नै हुन्छ। सम्बन्धित निकायले जाहेरी तथा उजुरी नै नलिई घटनाको अनुसन्धान नै नगरी आफ्नो कर्तव्यबाट बिमुख भएमा नागरिकको हक अधिकारमा आघात पुग्न जान्छ। नागरिकलाई सुरक्षा प्रदान गर्नु राज्यको प्रमुख दायित्व नै हो। विपक्षीहरूले निवेदकले सम्बन्धित कार्यालयमा जाहेरी दिएको भनी सोको प्रतिलिपि निवेदनसाथ संलग्न गरेको देखिएबाट ल्याएको उजुरी दर्ता नगरी आफ्नो कर्तव्यको पालना गरेको अवस्था नदेखिँदा अब प्रस्तुत आदेशको जानकारी पाएको मितिले ७ दिनभित्र जाहेरी दरखास्त दिन आए लिई कानूनबमोजिम दर्ता गरी जो जे अनुसन्धानको कार्य गर्नुपर्ने हो गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-००३३, परमादेश, *आदित्य गुप्ता वि. गृह मन्त्रालयसमेत*

निवेदक विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा नै जन्मेको भई नेपालमा पठनपाठन गरी नेपालमा नै स्थायी बसोबास गर्दै आएको देखिन्छ। साथै निजले बाबुको नागरिकताको आधारमा भारतको नागरिकतासमेत लिएको देखिएको छैन। यस्तो अवस्थामा निजले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (७), नेपालको संविधानको धारा ११ को उपधारा (७) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२) समेत अनुसार अङ्गीकृत नागरिकता पाउने देखिन्छ। यसरी अङ्गीकृत नागरिकता पाउन सक्ने संविधान तथा नागरिकतासम्बन्धी ऐनअनुसारको योग्यता तथा सर्त पूरा भएको यी निवेदकलाई निजको बाबु विदेशी नागरिक भएकोमात्र आधारमा नागरिकता पाउन नसक्ने भनी भन्न नसकिने।

कुनै पनि व्यक्तिले आफ्नो आमा वा बाबुको नागरिकता भएको देश तथा बसोबास भएको देश अर्थात् राष्ट्रियता रहेको देशबाट कानूनमा उल्लेख भएअनुसार नागरिकता पाउनु व्यक्तिको आधारभूत मानव अधिकारको विषय हो। नागरिकताको प्रमाण पत्रले नै व्यक्तिलाई कुन देशको नागरिक हो भन्ने पहिचान गराउँदछ र उक्त देशको कानूनअनुसार पाउने हक अधिकारको विषयहरू उपभोग गर्न सक्षम बनाउँछ। नागरिकताबिना व्यक्ति आफ्ना मानव अधिकारअन्तर्गतका आधारभूत नागरिक र राजनीतिक अधिकारलगायत अन्य आधुनिक लोककल्याणकारी राज्यले प्रदान गर्ने सेवा सुविधा तथा हकाधिकारबाट समेत वञ्चित रहनु पर्ने हुन्छ। त्यसैले नागरिकता व्यक्तिको व्यक्तिगत एवम् राष्ट्रिय पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा कुनै पनि व्यक्तिलाई नागरिकता विहिनताको स्थितिमा राखिनु हुँदैन। नागरिकताको यसै संवेदनशीलतालाई आत्मसात् गरी एक देशको नागरिक पुरूष वा महिलाले अर्को देशको नागरिक पुरूष वा महिलासँग विवाह गरी जन्मेको सन्तानहरूले आफ्नो स्थायी बसोबास भएको बुबा वा आमामध्येको जसको पनि नागरिकता रहेको देशबाट नागरिकता पाउने गरी अङ्गीकृत नागरिकताको व्यवस्था गरिएको पाइने।

समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ। यसका आधारमा समेत यी निवेदककी आमाले आफ्नो

वंशजको उत्तराधिकारीको नागरिकता आफ्नो नामबाट बनाउन पाई आफ्नो आधारमा आफ्नो छोराको पहिचान गराउन पाउने नै देखिन आउँछ । निवेदकलाई आमाको नामबाट नागरिकता दिनबाट वञ्चित गर्दा निवेदकको आमाको नामबाटसमेत नागरिकता पाउने तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ तथा वर्तमान नेपालको संविधानअनुसारको संवैधानिक हक, मौलिक हकको रूपमा रहेको तत्कालीन संविधानको धारा ११ तथा वर्तमान संविधानको धारा १८ को समानताको हक र निवेदककी आमाको समेत वर्तमान नेपालको संविधानको धारा ३८ को उपधारा (१) द्वारा प्रदत्त महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने व्यवस्थामा समेत अनुचित बन्देज लाग्न जाने हुन्छ । यस्तो अवस्थामा निवेदकको उक्त हकहरू प्रचलनको लागि यस अदालतबाट आवश्यक र उपयुक्त आदेश जारी गर्नुपर्ने नै देखिने ।

निवेदकले नेपालको संविधान तथा नागरिकतासम्बन्धी प्रचलित कानूनअनुसार आमाको नामबाट नेपालको अङ्गिकृत नागरिकता पाउने अवस्था स्पष्टरूपमा देखिएकोले निजलाई सम्बन्धित गा.वि.स.ले नागरिकता प्राप्तिकोलागि सिफारिस दिनुपर्ने र सोको आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाण पत्र दिनुपर्ने नै हुन्छ । नागरिकता दिने कार्य तथा यसको प्रक्रियासँग सम्बन्धित कार्य गर्न इन्कार तथा आलटाल गर्न नमिल्ने ।

अत: निवेदक आदित्य गुप्ताको आमा सरिता प्रधानले नेपाली नागरिकता लिई निज जन्म हुँदाको बखत नेपाली नागरिक नै रहेको र यी निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको भन्ने प्रमाणित भएको र यी निवेदकले आफ्नो बुबाको नागरिकताको देश भारतबाट समेत नागरिकता लिएको भन्ने स्थितिसमेत नहुँदा निजले कानूनअनुसार नेपालको अङ्गिकृत नागरिकता पाउने नै देखिने हुँदा निजलाई नागरिकता प्रमाण पत्र प्राप्त गर्नको लागि सिफारिस प्रदान गर्नु भनी विपक्षी साबिक गाउँ विकास समितिको कार्यालय, जोरपाटी काठमाडौं (हालको गोकर्णेश्वर नगरपालिका वडा नं.१५ को कार्यालय) र ऐ.का सचिवका नाममा र सो सिफारिसलगायतका कागजपत्रको आधारमा कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाण पत्र प्रदान गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम् ।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-MS-०००८, परमादेश, *प्रल्हाद योगीसमेत वि. प्रकाश शाहीसमेत*

अदालत स्वच्छ, स्वतन्त्र न्याय सम्पादनका लागि विकास भएको राज्यको एक संस्था हो । अदालत भन्ने शब्दभित्र केवल न्यायिक संरचना तथा त्यसभित्र कार्यरत जनशक्ति मात्र नपरी सम्पूर्ण न्यायिक प्रक्रिया, सो प्रक्रियामा सहभागी रहने सेवाग्राही, कानून व्यवसायी, सरकारी वकिलसमेत पर्दछन् । यी त्यस्ता विषयहरू हुन् जसलाई अलग्याउन खोज्दा अदालतको पूर्ण स्वरूपमाथि नै प्रश्न उठ्दछ । अर्थात् अदालतको काम कारबाहीसँग कुनै न कुनैरूपमा सम्बन्ध तथा सरोकार राख्ने सम्पूर्ण विषयहरू त्यस्तो सम्बन्ध तथा सरोकार राखेको हदसम्म अदालतको दायरा तथा परिधिभित्र पर्दछन् । त्यसैले अदालतभित्र अदालतको संरचनागत पक्ष, संगठनात्मक पक्ष, यसको प्रक्रियागत एवम् कार्यगत पक्ष र सोमा संलग्न हुने सम्पूर्ण व्यक्ति अदालतको कार्यमा संलग्न हुँदासम्म समग्ररूपमा अदालतको परिभाषाभित्र पर्न जाने ।

अदालतको एक मात्र अभिष्ट न्याय हो । न्याय सम्पादनको जिम्मेवारी वहन गर्न स्वतन्त्र न्यायपालिकाको अवधारणा विकास भएको हो । सोअनुसार न्यायपालिकाले आफ्नो न्याय सम्पादनको जिम्मेवारी बहन गर्न नसक्ने परिस्थिति सिर्जना भएमा

वा न्यायपालिकाको निर्णय र आदेशहरूको पालना नहुने स्थिति सिर्जना भएमा विधिको शासन ढलमलाउन गई समाजको शान्ति, सुरक्षा र प्रगतिमा समेत ठूलो असर पर्दछ । यस्तो स्वच्छ र निष्पक्ष रूपमा न्याय सम्पादन गर्नसक्ने तथा आफ्नो निर्णय तथा आदेशहरू परिपालना हुने वातावरणको सिर्जना गर्नका लागि न्यायिक निकाय तथा अदालतलाई आफ्नो स्वच्छता, निष्पक्षता तथा निर्भिकतापूर्वक न्याय सम्पादनको कार्यमा बाधा अवरोध पुऱ्याउने र आफ्ना निर्णयको अवज्ञा गर्ने कार्यलाई रोक्न अदालतको अवहेलनाको अवधारणा विकास भएको हो । अदालतले आफ्नो स्वतन्त्र, निष्पक्ष र स्वच्छरूपमा न्याय सम्पादन गर्ने कार्यमा कसैले कुनै तरिकाले बाधा अवरोध गर्ने गरी कुनै कार्य गरेमा वा अदालतको आदेश तथा निर्णयको अपमान तथा अवज्ञा गर्ने गरी कार्य गरेमा यसले त्यस्ता कार्यलाई आफ्नो अवहेलनाको रूपमा लिने ।

स्वतन्त्र, निष्पक्ष र स्वच्छ रूपमा न्याय सम्पादनको कार्यमा कहीँकतैबाट बाधा अवरोध भएमा न्यायपालिकाको न्याय सम्पादनको अभिष्ट पूरा हुन सक्दैन । त्यसैले न्यायिक प्रक्रियामा कुनै तरहले पनि आँच पुऱ्याउने वा आँच पुऱ्याउनसक्ने सबै कुराहरूलाई निरूत्साहित पार्न स्वयम् अदालतलाई त्यस्तो कार्य गर्नेउपर अदालतको अपहेलना गरेको विषय मानी कारबाही र सजाय गर्ने अधिकार प्रदान गरिएको हुन्छ । अदालतको अवहेलना यसको संरचनागत पक्ष तथा न्यायाधीशको व्यक्तिगत सुरक्षाको लागि मात्र विकसित अवधारणा नभई मूलतः न्याय प्राप्त गर्ने जनताको आधारभूत हकको संरक्षणको लागि भएको हो । अदालतले निर्वाधरूपमा न्याय प्रदान गर्न सकोस् र सोको उचित कार्यान्वयन हुन सकोस् भनी अदालतलाई यो अधिकार प्रदान गरिएको हो । निर्वाध न्याय सम्पादन गर्नका लागि न्यायाधीश, कर्मचारी, कानून व्यवसायी र मुद्दाका पक्षहरूको अर्थात् सेवाग्राहीहरूको सुरक्षा हुन अत्यावश्यक हुन्छ । अदालतका सबै सरोकारवालाहरूले अदालतसँग सम्बन्धित कार्य निर्वाधरूपमा सम्पन्न गर्न पाएमा वा अदालतका प्रक्रियाहरू सुचारू रूपले अगाडि बढ्न पाएमा मात्र अदालतले जनतालाई न्याय प्रदान गर्न सक्छ । यसो भएमा मात्र अदालतप्रति जनताको विश्वास र भरोसा अभिवृद्धि हुन जाने ।

समय, सन्दर्भ तथा परिस्थितिअनुसार आफ्नो न्याय सम्पादनको कार्यमा कुनै किसिमले बाधा अवरोध पुऱ्याउनसक्ने भनी तार्किकरूपमा अदालतले महसुस गरेका कार्यहरूलाई अदालतले अवहेलना ठहऱ्याई सजाय गर्नसक्ने ।

मुद्दाका पक्षहरू, साक्षीहरू तथा कर्मचारीलाई आफ्ना कार्यमा बाधा विरोध गरिएमा तथा निजहरूले आफ्नो अदालती कार्यको सम्बन्धमा सुरक्षाको पूर्ण अनुभूति गर्न नपाएमा न्याय प्राप्त गर्ने उचित वातावरण सिर्जना नहुने भई न्यायको मक्सद नै पूरा नहुने ।

अदालतमा आएको व्यक्तिमाथि अदालतभित्र तारेख लिँदाको अवस्था तथा न्यायिक प्रक्रियामा सहभागी भइरहँदाकै अवस्थामा कालोमोसो दल्ने कार्यबाट अदालतको परिसरभित्र मुद्दाको पक्षले सुरक्षा, स्वच्छता, निष्पक्षता जस्ता न्यायिक मूल्य मान्यताको अनुभूति गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । यसबाट न्यायका उपभोक्ताहरूले समेत असुरक्षा महसुस गर्ने भई अदालतको काम कारबाही तथा अदालतप्रतिको जनआस्थामा समेत प्रभावित हुन पुग्छ । मुद्दाका पक्षहरूलाई अदालतको काम कारबाहीका सम्बन्धमा बाधा विरोध गर्ने, कुनै कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने, न्याय सम्पादन गर्ने वा न्यायको माग गर्ने वा त्यसमा कानूनबमोजिम सहयोग वा सक्रिय रहने कार्यमा बाधा अवरोध वा अनुचित प्रभाव पार्ने कार्यलाई यस अदालतले अदालतको अवहेलना मानी आएको देखिन्छ । नेपालको संविधान, न्याय प्रशासन ऐन, र सर्वोच्च अदालत ऐनमा रहेको व्यवस्थाअन्तर्गत अदालतको अवहेलनाको दायरभित्र पर्न जाने नै देखिने ।

राजनीतिक दल र सो सम्बद्ध व्यक्तिहरूलाई संविधान र कानूनको परिधिभित्र रही आफ्नो कार्य सञ्चालन गर्ने छुट छ । तर आफ्नो घोषित कार्यक्रमको

कार्यान्वयन गर्ने स्थल अदालत होइन। यो त न्यायको मन्दिर हो। न्यायको पवित्रतामा आघात पुग्ने न्यायको मार्गलाई अवरूद्ध गर्ने तथा अदालतप्रति नै वितृष्णा फैलिने कार्य कसैले पनि गर्नु हुँदैन। सो गर्ने छुट राजनीतिक दल र सो सम्बद्ध व्यक्तिहरूलाई छैन। हाम्रो घोषित नीतिअनुरूप गरेका हौं; अदालतको अवहेलना गर्ने कुनै मनसाय थिएन भन्ने कुराको कुनै अर्थ रहँदैन। गरिएको कार्य अवहेलनाजनक छ र कुनै तर्कको आधारमा त्यसलाई उचित ठहऱ्याउन खोजिन्छ भने त्यसलाई अदालतले स्वीकार गर्न नसक्ने।

अवहेलनाको विषय अदालतको निर्वाध न्याय प्रशासनसँग जोडिएको विषय भएको र निर्वाध न्याय सम्पादनको निम्ति न्यायाधीश, कर्मचारी, कानून व्यवसायी र मुद्दाका पक्षहरूको सुरक्षा अत्यावश्यक पूर्वसर्तको रूपमा रहेको समेत हुँदा न्याय निरूपणको कार्यमा संलग्न वा सरोकार रहने पक्षउपर गरिने कुनै पनि प्रकारको शारीरिक आक्रमण वा बेइज्जतीपूर्ण कार्यलाई अदालतले न्याय सम्पादनमा गरिने हस्तक्षेपको रूपमा बुझ्नुपर्ने।

कुनै उद्देश्य राखेर वा कुनै प्रयोजनको लागि अमूक व्यक्तिलाई हामीले कालोमोसो दलेका हौं, अदालतको मानहानी गर्ने हाम्रो मनसाय थिएन वा अदालतभित्र यस्तो घटना घट्न गएकोमा हामी दुःखी छौं भन्ने कुरा बयानमा उल्लेख गर्दैमा उन्मुक्ति भइहाल्छ भन्न मिल्दैन र यसलाई स्वीकार गर्न पनि सकिँदैन। यस सन्दर्भमा मिसिल संलग्न कागजहरू हेर्दा विपक्षीहरूको क्रियाबाट यस अदालतको न्याय सम्पादनको कार्यमा अवरोध हुन गई निजहरूले अदालतको अवहेलना गरेको देखियो। सो कार्य सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७(१) को विपरीत देखिँदा सोही दफा ७(१) र १७(४) बमोजिम निज विपक्षीहरू प्रवल भन्ने प्रकाश शाही र चन्द्रबहादुर बुढालाई जनही १(एक) महिना कैद हुने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०२५०, भ्रष्टाचार, *विष्णुप्रसाद भुर्तेल वि. नेपाल सरकार*

प्रतिवादी विष्णुप्रसाद भुर्तेलले अदालतमा आई बयान गर्दा उजुरकर्ता माया भन्ने भागीरथी भण्डारीसँग कुनै रकम माग गरेको छैन। मलाई चिया खान जाउँ भनी मेरो पाइन्टको खल्तीमा हात हालेको अवस्थामा त्यहाँ रहेका केही व्यक्तिले बरामद गर्दा सो रकम रहेको थाहा भयो मलाई फसाउनका लागि मेरो खल्तीमा जबरजस्ती रकम राखि बरामद गरिएको हो भनी कसुर इन्कार रही बयान गरे तापनि निजलाई खुद्रा व्यापार गरी हिँड्ने महिलाले फसाउनु पर्ने कारण के थियो सो उल्लेख गर्न सक्नु भएको छैन। अनुसन्धानको क्रममा गरेको साबिती बयान बरामदी मुचुल्का र सो बरामदी मुचुल्काका मानिसहरूले अदालतमा आई बकपत्र गरी उक्त बरामदी व्यहोरालाई समर्थन गरी बकपत्रसमेत गरिदिएको अवस्थामा प्रतिवादीको अदालतको इन्कारी बयान मात्र सफाइको आधार बन्न नसक्ने।

प्रतिवादीले घुस रिसवतबापत रू.६०००।– माग गरेको भन्ने अख्तियारमा उजुरी परेको देखिन्छ। सो रिसवत दिन भनी उजुरकर्ताले अख्तियारबाटै नोटको नम्बर टिपी रकम बुझेर लगेको देखिएको छ। सोही नोट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले प्रतिवादीबाट बरामद गरेको र प्रतिवादीले अनुसन्धानमा गरेको बयानमा मलाई माया दिदीले खुशीराजीले दिएको हो भनी बयान गरेको र बरामद गर्ने कर्मचारी र उजुरकर्ताले अदालतमा आई बकपत्र गरी सबै घटनाक्रमलाई यथार्थ रूपमा बकपत्र गरिदिइसकेको अवस्थामा केवल अदालतमा इन्कारी बयान आफ्ना साक्षीहरूको भनाइ र पुनरावेदनपत्रमा लिएको जिकिरका आधारमा बुझिएका प्रत्यक्ष प्रमाणलाई अनदेखा गर्न सकिने अवस्था

नरहने ।

उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी विष्णुप्रसाद भुर्तेलले आरोपित कसुर गरेको देखिएकोले यी पुनरावेदक प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम ७ दिन कैद र सोही ऐनको दफा ३(१) बमोजिम रू.६०००।– जरिवाना हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७३।१।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जीवनकुमार भण्डारी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम् ।

## एकल इजलास

**मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७४-WH-००२३, बन्दीप्रत्यक्षीकरण, *राधिका चम्लागाइ वि. महानगरीय अपराध महाशाखा, टेकु, काठमाडौंसमेत*

निवेदकलाई यमलाल थापामगरसमेतका ८ जनाको किटानी जाहेरी र कोरियन राजदुतावासबाट प्राप्त पत्रको आधारमा मिति २०७४।६।८ मा पक्राउ गर्दा कारणसहितको पक्राउ पुर्जी दिई निवेदकलाई हस्ताक्षर गराई सो पक्राउको जानकारी गराएको देखिन्छ । यसरी पक्राउ पर्नाको कारणसहितको जानकारी दिइएको देखिएकोले पक्राउ पुर्जी नदिई थुनामा राखेको भन्ने निवेदकको भनाइलाई विश्वासयोग्य मान्न मिलेन । पक्राउ परेका यी निवेदकलाई आफन्तहरूसँग भेटघाट गर्न दिएको भन्ने महानगरीय अपराध महाशाखा टेकुमा रहेको आगन्तुक भेटघाट पुस्तिकाबाट देखिन्छ । यसरी आफन्तलाई भेटघाट गर्न नदिएको भन्ने निवेदन मागदाबी सन्दर्भमा कुनै सरकारी निकायमा नियमितरूपमा राखिएको खाताबही, किताब वा अन्य स्रेस्तामा जनिएको कुरा प्रमाणमा लिन हुने कानूनी व्यवस्था प्रमाण ऐन, २०३१ को दफा १४ ले गरेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार उक्त महाशाखामा राखिएको किताबमा भएको कुरालाई प्रमाणमा लिनुपर्ने ।

निवेदकलाई म्याद थप नगरी गैरकानूनी थुनामा राखिएको भन्ने प्रश्न छ सो सम्बन्धमा २०७४ सालको दशैं बिदा मिति २०७४।६।५ देखि मिति २०७४।६।१९ सम्म १५ दिन बिदा परेको कारणले म्याद थप हुन नसकेको भन्ने देखियो । यी निवेदकलाई ठगी मुद्दाको सिलसिलामा अनुसन्धान अधिकारीसमक्ष हुने बयान कार्यको लागि महानगरीय अपराध अनुसन्धान महाशाखा टेकुले जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई मिति २०७४।६।१० मा पत्राचार गरेको समेत देखिन्छ । यस्तो अवस्थामा म्याद थप नगराई गैरकानूनी थुनामा राखिएको भन्ने निवेदन जिकिरलाई स्वीकार गर्ने अवस्था नदेखिने ।

वैदेशिक रोजगारमा पठाउने भनी यी निवेदकसमेतका व्यक्तिहरूले यमलाल थापामगरसमेतका व्यक्तिहरूबाट रू.२,७३,२००।– लिई ठगी गरेको भन्ने विषयमा जाहेरी परी सोही आधारमा अनुसन्धान सुरू भएको विषयलाई यी निवेदकसमेतका व्यक्तिलाई पक्राउ नगर्नु थुनामा नराख्नु भनी हस्तक्षेप गर्न मिल्ने अवस्थासमेत देखिएन । सो विषयमा मुद्दा चल्दाका बखत साधारण क्षेत्राधिकार अन्तर्गतको अदालतबाट निरूपण हुनसक्ने नै देखिँदा हाल उक्त विषयको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकार अन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्नु उचित र रिटसम्बन्धी अवधारणाका अनुकूल हुने नदेखिने हुँदा निवेदक गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल असोज १५ गते रोज १ शुभम् ।